सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ वैशाख २०८१, बुधबार (24 April 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रपति पौडेल र कतारी राजा थानीबीच उच्चस्तरीय वार्ता

विपिनको रिहाइदेखि श्रमिकको सुरक्षा र नेपालमा लगानीसम्मका विषयमा छलफल



राष्ट्रपति रामचन्द्र पौडेल र कतारका अमिर शेख तमिम बिन हमाद अल थानी मंगलबार राष्ट्रपति भवन शीतलनिवासमा भेटवार्ता गर्दै । तस्बिर : **रत्न श्रेष्ठ**/रासस

■ **राष्ट्रपति पौडेलसँगको भेटमा कतारी राजा थानीले भने–** नेपालमा लगानी गर्न कतार इच्छुक छ, तयार छ। जलविद्युत्, खेलकुद, कृषि, खाद्य प्रविधि र सुरक्षामा हाम्रो रुचि छ। म नेपाललाई सहयोग गर्न, नेपाल घुम्न र सम्बन्ध सुदृढ गर्न आएको हुँ। तपाईंहरूलाई थप सहयोगको वचन दिन आएको हुँ।

■ आज प्रधानमन्त्रीसँग द्विपक्षीय वार्ता

भेटवार्तापछि खेलकुद, शिक्षालगायतका क्षेत्रमा हुने द्विपक्षीय समझदारी र सम्झौतामा हस्ताक्षर हुने कार्यक्रम

पर्शुराम काफ्ले/नयाँ पत्रिका

कतारी राजा शेख तमिम बिन हमाद अल थानी राजकीय भ्रमणका क्रममा मंगलबार अपराह्न काठमाडौं आइपुगेका छन् । साँझ राष्ट्रपति रामचन्द्र पौडेलसँग शीतलनिवासमा भएको द्विपक्षीय वार्तामा उनले नेपाललाई सहयोग र सम्बन्ध थप सुदृढ गर्न आएको बताए ।

कतारी राजाको सुरक्षामा प्रविधिको अधिकतम प्रयोग

कतारले नेपालको जलविद्युत, कृषि र खाद्य प्रविधिमा लगानी गर्न चाहेको उनको भनाइ छ ।

'सम्बन्ध अझ प्रगाढ गर्न म आएको हुँ । हामी पुरानो मित्र नेपालसँग आर्थिक-सामाजिक सहकार्य अझ वृद्धि गर्न चाहन्छौं,' कतारका राजा थानीलाई उद्धृत गर्दै राष्ट्रपति पौडेलका राजनीतिक सल्लाहकार सुनीलबहादुर थापाले भने । राष्ट्रपति पौडेलले कतारसँगको सम्बन्ध नेपालको उच्च प्राथमिकतामा

» पृष्ठ २ मा क्रमशः

■ १२ वैशाखको डोब

पुनर्निर्माणमा पौने चार खर्ब खर्च, अझै बनेनन् विस्थापितका ९२ हजार घर

● **कोषनाथ अधिकारी**, प्रमुख,
केन्द्रीय आयोजना कार्यान्वयन एकाइ, सहरी विकास तथा भवन निर्माण विभाग



भूकम्पमा झन्डै साढे आठ लाख निजी आवास ध्वस्त भए । त्यसमध्ये आठ लाख ३२ हजारसँग अनुदान सम्झौता भयो । तर, भवन निर्माण सम्पन्न गरी तेस्रो किस्ता लिने लाभग्राहीको संख्या सात लाख ३३ हजार मात्रै हुन पुग्यो । यसरी हेर्दा भूकम्पबाट विस्थापित झन्डै ९२ हजार पीडितले निजी भवन निर्माण गर्न नसकेको देखिन्छ ।

भारतीय अनुदानतर्फको पुनर्निर्माणमा गति सुस्त

निजी भवन निर्माणमा खर्च भएको सवा आठ अर्ब खेर

टेकराज थामी/नयाँ पत्रिका

१२ वैशाख ०७२ को महाभूकम्पपछिको पुनर्निर्माणमा पौने चार खर्ब सकिएको छ । तर, नौ वर्षमा अझै ९२ हजार विस्थापित परिवारका घर पुनर्निर्माण हुन बाँकी छन् भने सिंहदरबार र धरहराजस्ता ऐतिहासिक संरचना निर्माण पनि अधुरै छन् ।

भूकम्पपछिको पुनर्निर्माणको जिम्मा पाएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ९ पुस ०७८ मा विघटन भइसकेको छ । बाँकी निजी आवास, सरकारी भवन तथा अस्पताल पुनर्निर्माणको जिम्मा सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन एकाइले गर्दै आएको छ ।

प्राधिकरण विघटनपछि निजी आवास, सरकारी भवन तथा अस्पताल निर्माणको जिम्मा ३० भदौ ०७८ पछि भवन विभागलाई आएको छ । प्राधिकरण विघटन हुनु अघिल्लो दिनसम्म पुनर्निर्माणमा सरकारले तीन खर्ब ७१ अर्ब रुपैयाँ खर्च गरेको थियो । त्यसपछि विभागले मात्रै पुनर्निर्माणमा पाँच अर्ब ४८ करोड ६५ लाख रुपैयाँ खर्च गरेको छ । यसरी भूकम्पपछि निजी आवास, सरकारी भवन र अस्पताल निर्माणमा कुल तीन खर्ब ७६ अर्ब ४८ करोड ६५ लाख रुपैयाँ खर्च भएको छ ।

एकाइको तथ्यांकअनुसार भूकम्पबाट विस्थापित आठ लाख ३३ हजार ८२१ घर-परिवारमध्ये

» पृष्ठ २ मा क्रमशः



०७२ को भूकम्पले क्षतिग्रस्त सिंहदरबारस्थित पुरानो संसद् भवन । संसदीय राजनीतिको विरासत बोकेको तथा इतिहास बोल्ने संरचना संरक्षणमा राज्यले नै उपेक्षा गरेको छ । जसका कारण ऐतिहासिक महत्त्वको पुरातात्त्विक भवन खण्डहर बनेको छ । भित्र संसद् सचिवालयका पुराना फर्निचर र काम नलाग्ने कागजात फालिएको छ । भित्तादेखि झ्यालढोकासम्ममा झार उम्रिएको छ । चर्किएका भित्ताबाट इँटा र भवनका खम्बाहरूको प्लास्टर खस्दै गएको छ ।

निजी आवासतर्फ अनुदान

■ **पहिलो किस्ता लिने –** ८ लाख ३२ हजार ४७०

■ **दोस्रो किस्ता लिने –** ७ लाख ६५ हजार ८६१

■ **तेस्रो किस्ता लिने –** ७ लाख ३३ हजार २१४

■ **कुल खर्च** दुई खर्ब ३० अर्ब ६८ करोड २४ लाख ५० हजार

■ भूकम्पपछिको नौ वर्षमा भएका प्रगति

	सम्झौता	सम्पन्न	प्रतिशत
निजी आवास	८,३३,८२१	७,४१,७९८	८८.९६
स्वास्थ्य भवन	१,१३६	९२५	८१.४३
सरकारी भवन	४१५	४०८	९८.३१
एकीकृत बस्ती	१०६	९७	९१.५१
विद्यालय	७,६७७	७,५७३	९८.६५
खानेपानी	२,१७०	२,१७०	१००

३४९ सम्पदाको पुनर्निर्माण बाँकी

अझै तीन वर्ष लाग्ने, पाँच अर्ब आवश्यक

● **सौभाग्य प्रधानांग**
महानिर्देशक, पुरातत्त्व विभाग



सुरुवाती दिनमा सरकारले पुनर्निर्माणका लागि आवश्यक स्रोत-साधन एवं बजेट दिएको थियो, तर बिस्तारै घटाउँदै लग्यो । हामीले गर्नुपर्ने दायित्व भने झन् पछि बढेको बढ्दै छ । तर, बजेट र स्रोत-साधन घट्दो छ । त्यसैले पुनर्निर्माण पूरा हुन कठिन भएको हो ।

शान्ति तामाङ/नयाँ पत्रिका

विनाशकारी भूकम्प गएको नौ वर्ष बितिसक्दा पनि भूकम्पले ध्वस्त पारेका सम्पदाको पुनर्निर्माण अझै सकिएको छैन । पुरातत्त्व विभागका अनुसार अझै पनि तीन सय ४९ सम्पदा पुनर्निर्माण हुँन बाँकी छन् ।

१२ वैशाख ०७२ मा गएको विनाशकारी भूकम्पले नौ सय २० मठमन्दिर र दुई सय १५ गुम्बा क्षतिग्रस्त भएका थिए । क्षति पुगेका मठमन्दिरमध्ये सात सय ८१ र पाँचवटा गुम्बा मात्र पुनर्निर्माण भएका छन् ।

२१० गुम्बा पुनर्निर्माण हुन बाँकी

विभागका अनुसार सरकारले सम्पदा पुनर्निर्माणका लागि आवश्यक स्रोत-साधन उपलब्ध नगराउँदा लक्ष्यअनुसार काम हुन नसकेको हो । 'सुरुवाती दिनमा सरकारले पुनर्निर्माणका लागि आवश्यक स्रोत-साधन एवं बजेट दिएको थियो, तर बिस्तारै घटाउँदै लग्यो,' विभागकी महानिर्देशक सौभाग्य प्रधानांगले भनिन्, 'हामीले गर्नुपर्ने दायित्व भने झन् पछि बढेको बढ्दै छ । तर, बजेट र स्रोत-साधन घट्दो छ । त्यसैले पुनर्निर्माण पूरा हुन कठिन

» पृष्ठ २ मा क्रमशः

यी हुन् पुनर्निर्माण नभएका सम्पदा

उपत्यकाकै महत्त्वपूर्ण सम्पदासमेत पुनर्निर्माण हुन बाँकी छन् । ललितपुरको देगु तलेजु मन्दिर, हिरण्य महाविहार, काठमाडौंको आँगाम्छे, नवआदर्श माध्यमिक विद्यालय, बागदरबार, भक्तपुरको लाल बैठकजस्ता महत्त्वपूर्ण सम्पदा पुनर्निर्माण बाँकी छ । विभागका अनुसार फर्पिङ शेषनारायण मन्दिर सत्तल, धुला सत्तल-साँखु, नर्सिङ मठ गुठी-खोपासी, बाराही वृद्धाश्रम तथा सत्तल संरक्षण-भक्तपुर, अर्घा दरबार-अर्घाखाँची, पाल्पा दरबारको ढूलो ढोका-पाल्पा, दुधनाथ महादेव मन्दिर-धादिङको पुनर्निर्माण बाँकी छ ।

यसैगरी, हनुमानढोकाको मुख्य दरबार, नाला भगवती-काभ्रे, दोबाटे पाटी मेलुङ, गोइरापाटी नमोबुद्ध, विश्वेश्वर महादेव-गोरखा, भीम मुक्तेश्वर मन्दिर-कालीमाटी, नुवाकोट दरबार परिसरभित्रको द्वारेघर, धामीघर र सीतापोखरी, कालिका मन्दिर पाटी-लमजुङ, चाँगुनारायण मन्दिर सत्तल, भीमसेन मन्दिर-सिन्धुपाल्चोक, बट्केश्वर मन्दिर-खोटाङ, हनुमानघाट मन्दिर-भक्तपुर, तलेजु धारा पाटी-साँखुलगायत सम्पदा पुनर्निर्माण भइरहेका छन् । विभागले यो वर्ष जम्मा १५ वटा सम्पदा मात्र पुनर्निर्माण सम्पन्न गरेको छ ।

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



लगानी सम्मेलनमा ५२ देशका ६३४ जना आउने पक्का

नेपालले एक हजार नौ सयभन्दा बढीलाई निम्तो पठाएकोमा ५२ देशका ४३ विशिष्ट व्यक्तिदेखि लगानीकर्ता र विज्ञसमेत गरी ६३४ जनाले सहभागी हुने जवाफ दिएका छन्, जवाफ आउने क्रम जारी

■ **कुन देशबाट कति हुँदै छन् सहभागी ?**

नेपाल - ३८५	युके - १४
चीन - २६५	बंगलादेश - १३
भारत - १४३	युएई - १३
अमेरिका - ३३	जर्मन - १०
जापान - २८	अन्य - ११५

मिलन विश्वकर्मा/नयाँ पत्रिका

आसन्न तेस्रो लगानी सम्मेलनमा ५२ विदेशी मुलुकका ६३४ लगानीकर्ता, व्यावसायिक व्यक्ति, विज्ञ तथा सरोकारवालाहरूले सहभागिताको

» पृष्ठ २ मा क्रमशः

विश्वका १७ अर्बपतिलाई निम्तो : सहभागी हुन नसक्ने ज्याक मा र जेफ बेजोसको जवाफ, अन्यको जवाफ आएन

विदेशबाट ६ सय बढी लगानीकर्ता नेपाल आउने सुनिश्चित हुँदा धनाढ्य अर्थात् अर्बपतिहरूले भने निम्तो स्वीकार गरेका छैनन् । सरकारले विभिन्न कूटनीतिक नियोगमार्फत गत माघमै एलन मस्क, गौतम अडानी, ज्याक मा, मार्क जुकरबर्ग, जेफ बेजोसजस्ता १७ अर्बपतिलाई लगानी सम्मेलनमा सहभागी हुन निम्तो पठाएको थियो । उनीहरूलाई वक्ताकै रूपमा आमन्त्रण गरिएको थियो । तर, ज्याक मा र जेफ बेजोसले भने सम्मेलनमा सहभागी हुन नसक्ने जानकारी गराए पनि अन्य १५ जनाले कुनै जवाफ नपठाएको बोर्डका एक अधिकारीले जानकारी दिए । भारतीय अर्बपति गौतम अडानीले पनि अहिलेसम्म कुनै जवाफ पठाएका छैनन् । गत पुसमा तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महत भारत भ्रमणमा जाँदा अडानीसँग भेटवार्ता भएको थियो । त्यसक्रममा अडानीले लगानी सम्मेलनमा सहभागी हुने प्रतिबद्धता गरेका थिए । त्यसपछि उनलाई औपचारिक निम्तो पनि पठाइएको थियो । तर, त्यसको जवाफ अझै प्राप्त भएको छैन । सत्तासमीकरण परिवर्तनसँगै अर्थमन्त्री परिवर्तन भएका कारण अडानी आउन नचाहेको हुन सक्ने बोर्डविज्ञहरू बताउँछन् । हाल माओवादी नेता वर्षमान पुन अर्थमन्त्री छन् ।



इलाम २ उपनिर्वाचन : पुरानालाई नयाँको डर, नयाँलाई पुरानाको


सुहाङ नेम्वाङ (एमाले)


डम्बर खड्का (काग्रेस)


मिलन लिम्बू (रास्वपा)


डकेन्द्रसिंह लिम्बू (स्वतन्त्र)


लक्ष्मी गुरुङ (राप्रपा)


जितबहादुर राई (एकीकृत समाजवादी)


प्रेमदीप थाम्सुहाङ (जनमत)

इलाममा **चिरञ्जीवी घिमिरे**

इलाम २ को उपनिर्वाचनको मौन अवधि सुरु हुने लाग्दा दलहरू अन्तिम प्रचारप्रसारमा छन् । १५ वैशाखमा तय भएको उपनिर्वाचनको मौन अवधि बुधबार मध्यरातिबाट लागू हुँदै छ ।

एक लाख १६ हजार ८८९ मतदाता रहेको

» पृष्ठ २ मा क्रमशः

सुदूरपश्चिम सरकारको अंकगणित जोडिएको बझाङ उपनिर्वाचन


अभिषेक सिंह (काग्रेस)


जनक बुढा (माओवादी)


दमनबहादुर भण्डारी (एमाले)

बझाङमा **लोकेश साउद**

बझाङ (१) को उपनिर्वाचन प्रदेश सभाको अंक मात्र होइन, सुदूरपश्चिम सरकारको अंकगणितसँग पनि जोडिएको छ । तत्कालीन कानुनमन्त्री

» पृष्ठ २ मा क्रमशः

इलाम २...

पृष्ठ १ बाट क्रमशः

२ मा दलका १२ र सात स्वतन्त्र गरी १९ उम्मेदवार चुनावी मैदानमा छन् । कांग्रेसका डम्बर खड्का, एमालेका सुहाङ नेम्वाङ, राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बू र स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बूबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ ।

यस क्षेत्रमा तीन दशकदेखि एमाले र कांग्रेस नै मुख्य प्रतिस्पर्धी हुन् । ०४८ पछिको सातवटा निर्वाचनमध्ये ६ पटक एमाले निर्वाचित भएको छ भने ०५१ मध्यावधिमा कांग्रेसका कुलबहादुर गुरुङ निर्वाचित भएका थिए । ६ मध्ये पनि पाँचवटामा त एमालेका सुवासचन्द्र नेम्वाङ निर्वाचित भएका थिए । गत भदौमा उनको निधनपछि यस क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो ।

०७९ को निर्वाचनमा नेम्वाङसँग खड्का ११४ मतान्तरले मात्र हारेका थिए । त्यही भएर कांग्रेस उत्साहित छ । खड्काका चुनावी कमान्डर रहेका कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले भनेका थिए, '... उपविजेता भएको उम्मेदवार अब दुई हजारभन्दा बढी मतले जितेर उहाँका कामलाई पूरा गर्ने संल्कप गर्नुहुनेछ ।'

तर, त्यतिखेर कांग्रेससँग रहेको माओवादी अहिले एमालेतिर छ भने एकीकृत समाजवादीका आफ्नै उम्मेदवार छ । जसपा पहिचानवादीतिर लागेको छ । एमालेले सुवास नेम्वाङका छोरालाई अघि सारेकाले 'सिमप्याथी' भोट पनि आउने आकलन छ ।

इलामको मतदातासँग कुराकानी र यहाँको माहोल हेर्दा अवस्था फेरिएको छ । ०७९ को संसदीय निर्वाचनबाट उदाएको रास्वपा र तत्कालीन प्रदेश १ को नामकरण कोशी भएपछि सुरु भएको असन्तुष्टिको स्वर 'पहिचानवादी'मा रूपान्तरण भएको छ ।

पछिल्लो समय असन्तुष्ट र नयाँ मतदातालाई आकर्षित गरेको रास्वपाले मिलनलाई अघि सार्दा प्रदेश १ पुनः नामांकन संयुक्त संघर्ष समितिका संयोजकसमेत रहेका डकेन्द्रसिंह 'पहिचानवादी' घटकका साझा उम्मेदवार बनेका छन् । उनलाई जसपा र पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीको पनि समर्थन छ ।

महेन्द्र बहुमुखी क्याम्पस धरानका राजनीतिशास्त्रका सहप्राध्यापक सहकुल श्रेष्ठ पनि आदिवासी जनजातिको बाहुल्य रहेको क्षेत्रमा पुराना दलमाथि चुनौती थपिएको बताउँछन् । 'पहिले एमाले-कांग्रेसबीच प्रतिस्पर्धा हुन्थ्यो । यसपटक पुराना राजनीतिक दललाई नयाँ उम्मेदवारले चुनौती थपेका छन्,' श्रेष्ठले भने, 'नयाँ उम्मेदवारका लागि पनि पुरानै दल चुनौती हुन् ।'

यो निर्वाचनमा सुशासन र पहिचानको मुद्दा सँगसँगै जोडिएको छ । पुराना दलले डेलिभरी र सुशासन दिन नसकेपछि मतदाताको असन्तुष्टि बढ्दो छ । त्यही भएर नयाँ दल, स्वतन्त्र उम्मेदवारको उदय भएको हो । त्यसैमा पहिचानको मुद्दा पनि फेरि उठ्न थालेको छ । 'अन्तरिम संविधानपछि पहिचान कागजमा लेखियो, व्यवहारमा उतारिएन । पार्टीले पहिचानको मुद्दा ओझेलमा पारे । त्यही भएर अहिले पुराना दललाई चुनौती छ,' उनले भने, 'परम्परागत रूपमा जरा गाडिएका पार्टीहरू छन् । एमालेको लामो विरासत भएको ठाउँ हो । पार्टी संगठन चुस्त छ । त्यसैले पूर्ण रूपले भत्काउन गाह्रो छ । कांग्रेस पनि त्यस्तै समानान्तर पार्टी हो । उनीहरूको जग लामो भएकाले त्यसलाई उखाल्नु र विस्थापित गर्नु नयाँलाई कठिन हुन्छ ।'

एमाले उम्मेदवार सुहाङ नयाँ दल र पहिचानवादी उम्मेदवारको चुनौतीभन्दा पनि चुनावी एजेन्डालाई प्राथमिकता दिइरहेको बताउँछन् । जनतामाझ एजेन्डा लिएर जाने र राम्रो लागे जनताले जिताउने उनको तर्क छ । कांग्रेस उम्मेदवार डम्बर त नयाँ दललाई चुनौती नै ठान्दैनन् । पहिचानको मुद्दा कांग्रेसले उठाएको उनको दाबी छ । बरु पहिचानवादीले एमालेलाई अप्ठ्यारो पार्ने डम्बरको बुझाइ छ ।

रास्वपा उम्मेदवार मिलन भने आफूहरूको आगमनले पुराना दल अत्तालिएको तर्क गर्छन् । यसपटक इलामेली जनताले नयाँ इतिहास लेख्ने उनको दाबी छ । पहिचानवादी उम्मेदवार डकेन्द्रसिंह भने पुराना दलसँग चुनौती रहेको स्वीकार गर्छन् । तैपनि आफ्नो मुद्दा मतदाताले मन पराउने उनको भनाइ छ ।

सुदूरपश्चिम...

पृष्ठ १ बाट क्रमशः

सिंहको गत असारमा सवारी दुर्घटनामा निधन भएपछि ५३ सदस्यीय प्रदेश सभामा कांग्रेसको एक सिट गुमेको थियो । अहिले गठबन्धन फेरिएको र सात सिटसहित निर्णायक रहेको नागरिक उन्मुक्ति दुईतिर विभाजन (औपचारिक होइन) भएका वेला कांग्रेस, एमाले, माओवादी र एकीकृत समाजवादी प्रदेश सभामा आफ्नो एक सिट थप्न चाहन्छन् ।

सरकारका लागि २७ सिट आवश्यक पर्छ । यदि कांग्रेसले जितेमा ऊसँग १९ सिट हुनेछ, नाउपाका सातमध्ये पाँच कांग्रेसतिर खुलिरहेका छन् । चार सिट रहेको एकीकृत समाजवादीले मुख्यमन्त्री पाए पनि अध्यक्ष माधवकुमार नेपालले गठबन्धनप्रति नै असन्तुष्टि जनाइरहेका छन् । यो अवस्थामा गठबन्धन फेरबदल भएमा कांग्रेसलाई सहज हुनेछ ।

सभामुखसहित ११ सिट रहेको माओवादी र १० सिट रहेको एमालेका लागि पनि बझाङको जितले संख्या बढाउन मद्दत गर्नेछ । एमाले पोलिटब्युरो सदस्य एवं सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री राजेन्द्र रावल पनि बझाङ निर्वाचनसँग सुदूरपश्चिम सरकारको भविष्य पनि जोडिएको बताउँछन् ।

इलाममा एमालेले सुवासका छोरालाई उम्मेदवार बनाएझैं बझाङमा कांग्रेसले पनि पृथ्वीबहादुरका छोरा अभिषेकलाई अघि सारेको छ । एमालेबाट बझाङ अध्यक्ष दमनबहादुर भण्डारी, माओवादीबाट जनक बुढा र समाजवादीबाट दिलबहादुर सिंहलाई उम्मेदवार छन् ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. १९९०

स्वर्गारोहणः वि.सं. २०८०/१२/३०

स्व. दौलत राज्यश्वरी मल्ल

यस महासंघका साधारण सदस्य निर्माण व्यवसायी संघ रुकुम पश्चिमका अध्यक्ष तथा अन्नपूर्ण निर्माण सेवा का संचालक श्री समीर जंग मल्लकी ममतामयी माता दौलत राज्यश्वरी मल्लको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

रवि सिंह
अध्यक्ष एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०१/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय असन, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति	बोलपत्र खोलिने मिति/समय
२०८१/०१/२६ गते/स्थान : शाखा कार्यालय असन, काठमाडौं	२०८१/०१/२८ गते, शुक्रबार दिनको १ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : ए.जि. ट्रेड लिंक कम्पनी प्रा.लि.** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय क.द.नं. १७२०१३/०७४/०७५, दर्ता मिति : २०७४/०४/१६, पान नं. ६०५९१५४००, दर्ता मिति : २०७४/०४/१६ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७, धोबिचौर **संचालक : अच्युत गौतम**

जमानतकर्ताको विवरण

१. नाम : अच्युत गौतम ना.प्र.नं. १८२९-५९२५, जि.प्र.का. काठमाडौं जारी मिति : २०५१/१०/१० बाबुको नाम : बासुदेव गौतम, बाजेको नाम : दशरथ गौतम ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७	**२. नाम : बासुदेव गौतम** ना.प्र.नं. ४८७५, जि.प्र.का. काठमाडौं जारी मिति : २०४०/०७/१५ बाबुको नाम : दशरथ गौतम, बाजेको नाम : लम्बधर गौतम ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७
३. नाम : भगवति गौतम ना.प्र.नं. ५८, जि.प्र.का. काठमाडौं जारी मिति : २०४६/३/११ पतिको नाम : बासुदेव गौतम, ससुराको नाम : दशरथ गौतम ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७	**४. नाम : गुरु प्रसाद गौतम** ना.प्र.नं. १६७४, जि.प्र.का. काठमाडौं जारी मिति : २०४३/४/२४ बाबुको नाम : बासुदेव गौतम, बाजेको नाम : दशरथ गौतम ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७
५. नाम : अरुण गौतम ना.प्र.प.नं. ८२६१/४२४९, जि.प्र.का. काठमाडौं, जारी मिति : २०४७/१२/२० बाबुको नाम : बासुदेव गौतम, बाजेको नाम : दशरथ गौतम ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७	

धितोको विवरण

भगवति गौतमको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७ स्थित कित्ता नं. ११८४ को क्षेत्रफल ०-४-३-० को भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : असन, काठमाडौं, फोन नं. ०१-५३१६१९८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

पुनर्निर्माणमा...

पृष्ठ १ बाट क्रमशः

आठ लाख ३२ हजार पाँच सय ८२ लाभग्राहीसँग आवास निर्माणका लागि अनुदान सम्झौता भएको थियो । त्यसमध्ये सात लाख ४१ हजार सात सय ९८ लाभग्राहीले मात्रै सम्झौताअनुसार निजी आवास निर्माण गर्न सके । ९२ हजार २३ लाभग्राहीले भूकम्पमा ध्वस्त भवन निर्माण गर्न सकेका छैनन् । अर्थात्, भूकम्पबाट विस्थापितमध्ये ८८.९६ प्रतिशत लाभग्राहीको मात्रै निजी आवास बनेको छ ।

भवन विभागअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाइका प्रमुख कोशनाथ अधिकारीले अनुदान सम्झौता गरिएकामध्ये ९२ हजार विस्थापितले अझै निजी आवास निर्माण गर्न नसकेको बताए । उनले भने, 'भूकम्पमा झन्डै साढे आठ लाख निजी आवास ध्वस्त भए । त्यसमध्ये आठ लाख ३२ हजारसँग अनुदान सम्झौता भयो । तर, भवन निर्माण सम्पन्न गरी तेस्रो किस्ता लिने लाभग्राहीको संख्या सात लाख ३३ हजार मात्रै हुन पुग्यो । यसरी हेर्दा भूकम्पबाट विस्थापित झन्डै ९२ हजार पीडितले निजी भवन निर्माण गर्न नसकेको देखिन्छ ।'

इकाइका अनुसार सम्झौता भएकामध्ये आठ लाख ३२ हजार चार सय ७० ले पहिलो किस्ताको ५० हजार रुपैयाँ भुक्तानी लिएका थिए । यसबापत सरकारको ४१ अर्ब ६२ करोड ३५ लाख रुपैयाँ खर्च भएको छ । त्यस्तै, दोस्रो किस्ताबापतको एक लाख ५० हजार रुपैयाँ लिने लाभग्राहीको संख्या सात लाख ६५ हजार आठ सय ६१ छ । यसबापत सरकारको एक खर्ब १४ अर्ब ८७ करोड ९१ लाख ५० हजार रुपैयाँ खर्च भएको छ । त्यस्तै, तेस्रो किस्ताबापतको एक लाख रुपैयाँ अनुदान लिने लाभग्राहीको संख्या सात लाख ४१ हजार सात सय ९८ छ । यसमा सरकारको ७४ अर्ब १७ करोड ९८ लाख रुपैयाँ खर्च भएको छ । निजी आवास निर्माणतर्फ मात्रै सरकारको दुई खर्ब ३० अर्ब ६८ करोड २४ लाख ५० हजार रुपैयाँ खर्च भएको छ ।

इकाइका अनुसार यस अवधिमा स्वास्थ्य भवन निर्माण ८१.४३ प्रतिशत सम्पन्न भएका छन् । भूकम्पमा मुलुकभर एक हजार एक सय ३६ स्वास्थ्य चौकी ध्वस्त भएका थिए । त्यसमध्ये नौ सय २५ निर्माण सम्पन्न भइसकेका छन् । दुई सय ११ संरचना अझै सम्पन्न हुन सकेका छैनन् ।

त्यस्तै, भूकम्पमा चार सय १५ सरकारी भवन ध्वस्त भएका थिए । जसमध्ये चार सय आठ भवन निर्माण भइसकेका छन् । अब मात्रै सात संरचना बन्न बाँकी छन् । समग्रमा सरकारी भवनतर्फ ९८.३१ प्रतिशत काम सम्पन्न भइसकेका छन् ।

भूकम्पपछि प्रभावित क्षेत्रमा एक सय ६ एकीकृत बस्ती विकास गर्ने भनिएको थियो । जसमध्ये ९७ निर्माण गरिसकिएको छ । नौ बस्ती विकासको काम भने अघि बढ्न सकेको छैन । समग्रमा यसको प्रगति ९१.५१ प्रतिशत हो ।

भूकम्पपछिको पुनर्निर्माणमा भारत सरकारले पाँच अर्ब रुपैयाँ अनुदानको कबुल गरेको थियो । तर, अनुदान सम्झौताका क्रममा राखिएका जटिल सर्तका कारण पुनर्निर्माणले लामो अवधि गति लिन सकेन । पशुपतिनाथ मन्दिर र पाटनको कृष्ण मन्दिर पुनर्निर्माण भारतीय सर्तकै कारण अझै सम्झौता हुन सकेको छैन । बाँकी काम भने बल्लतल्ल अघि बढेका छन् ।

भारत सरकारले भूकम्पमा ध्वस्त २८ संरचना पुनर्निर्माणको जिम्मा लिएको थियो । जसमध्ये सात संरचनाको निर्माण सकिएको छ, १९ संरचनाको ठेक्का सम्झौता मात्रै भएको छ । समग्रमा भारत सरकारको अनुदानमा निर्माण गर्ने भनिएकामध्ये २५ प्रतिशत मात्रै काम सम्पन्न भएको छ । बरु भारतले दिने भनेको पाँच अर्ब अनुदान रकम घटेर तीन अर्ब ५० करोड रुपैयाँमा आइपुगेको छ ।

इकाइ प्रमुख अधिकारीले भने, 'भारत सरकारले भूकम्पपछिको पुनर्निर्माणमा पाँच अर्ब रुपैयाँ दिने भनेको थियो । त्यसमध्ये साढे तीन अर्बको भने अनुदान सम्झौता भएको छ । दुई संरचना पुनर्निर्माण प्रक्रियाको ठेक्का नै अघि बढ्न सकेको छैन । यसका पछाडि केही सर्तहरू छन् । सम्बोधन हुनासाथ काम अघि बढ्ला ।'

इकाइका अनुसार निजी भवन निर्माणका लागि आठ लाख ३२ हजार चार सय ७० ले पहिलो किस्ताबापतको ५० हजार रुपैयाँ लिए । तर, तीमध्ये ६६ हजार ६ सय नौ लाभग्राहीले दोस्रो किस्ता अहिलेसम्म लिएका छैनन् । यसबाट सरकारको तीन अर्ब ३३ करोड चार लाख ५० हजार रुपैयाँ खेर मात्रै गएन, उनीहरूको भवन पनि बनेन ।

त्यस्तै, दोस्रो किस्ता लिने सात लाख ६५ हजार आठ सय ६१ लाभग्राहीमध्ये ३२ हजार ६ सय ४७ ले तेस्रो किस्ता लिएनन् । यसबाट लाभग्राहीको भवन पूर्ण हुन नपाउँदै सरकारको चार अर्ब ८९ करोड ७० लाख ५० हजार रुपैयाँ खेर गयो । यसरी अनुदानको पहिलो र दोस्रो किस्ता लिएर भवन नबनाउँदा सरकारको आठ अर्ब २२ करोड ७५ लाख रुपैयाँ खेर गएको छ ।

३४९ सम्पदा...

पृष्ठ १ बाट क्रमशः

भएको हो ।' उनले सम्पदा पुनर्निर्माणमा पछिल्लो समय झनै समस्या थपिएको बताइन् । 'सुरुमा तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको तर्फबाट काम गर्दा धेरै ठाउँमा उपभोक्ता समितिमार्फत सुरु गऱ्यो । प्राधिकरणको कानुनअनुसार उपभोक्ता समूहले १० करोडसम्मको काम थाले । तर, सम्पदाको काम गर्दै गर्दा समय पुगेन । तीन वर्षमा सक्नुपर्ने काम चार-पाँच वर्ष लाग्न थाल्यो । प्राधिकरण विघटन भएसँगै प्राधिकरणले बनाएको ऐन-कानुन पनि रद्द भयो । सार्वजनिक खरिद ऐन ०६३ अनुसार काम गर्न एक करोडभन्दा माथिको काम समितिले गर्न पाउँदैन । त्यसैले अब एक करोडभन्दा माथिको काम कसरी आगाडि बढाउने भन्ने अन्योल भएको छ । हामीलाई म्याद थप्न पनि गाह्रो छ । ठेक्का तोड्न पनि सकिएको छैन । यसका लागि सरकारले केही निर्णय गरिदिए सहज हुने थियो,' उनले भनिन् ।

दुई सय १० गुम्बा पुनर्निर्माण हुन बाँकी

भूकम्पले क्षति पुऱ्याएका दुई सय १५ गुम्बामध्ये पाँचवटा सम्पन्न र २१ वटामा पुनर्निर्माण भइरहेको छ । तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले गरिरहेको गुम्बा पुनर्निर्माण प्राधिकरण खारेज भएसँगै विभागलाई हस्तान्तरण भएको थियो । एक सय वर्षभन्दा माथिको गुम्बा पुनर्निर्माणको जिम्मा पाए पनि आवश्यकताअनुसारको बजेट नपाउँदा गुम्बा पुनर्निर्माण अगाडि बढाउन कठिन भइरहेको विभागले जनाएको छ । प्राधिकरण १० पुस ०७८ मा खारेज भएको थियो ।

सम्पदा पुनर्निर्माण सक्न अझै तीन वर्ष लाग्ने

भूकम्पले क्षति पुऱ्याएको सम्पदा पुनर्निर्माणका लागि अझै तीन वर्ष लाग्ने भएको छ । विभागका अनुसार सरकारले पर्याप्त बजेट दियो भने मात्रै तीन वर्षमा काम सकिनेछ । सरकारले विभागलाई प्रत्येक वर्ष एकदेखि डेढ अर्ब बजेट दिनुपर्ने विभागको भनाइ छ । 'सरकारले भनेजति बजेट दिने हो भने तीन वर्षमा बाँकी सक्नेछौं,' प्रधानांगले भनिन् । सम्पदा पुनर्निर्माण सक्नका लागि विभागलाई पाँच अर्ब बजेट आवश्यक रहेको उनको भनाइ छ ।

Invitation for Bids

Government of Nepal (GoN)Ministry of Health & Population

Sushil Koirala Prakhar Cancer Hospital

Invitation for Bids No: SKPCH/GOODS/05/2080/081

Date of publication: **2024-04-24**

1. The **Sushil Koirala Prakhar Cancer Hospital** invites *electronic* bids from eligible bidders for **The Procurement of Supply, Delivery and Installation of** ***Mechanical Ventilator*** under National competitive bidding – Single Stage Single Envelope procedures.*The bidder may submit the bid for unit rate of items for Each Items*
2. Eligible Bidders may obtain further information and inspect the bidding documents on PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e- submission from PPMO"s e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **Rs 3000/-** in the following Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Rastriya Banijya Bank**
   Name of Office : **Sushil Koirala Prakhar Cancer Hospital**
   Office Code no. : **370005701** Rajaswa (revenue) Shirshak no. **14229**
   Office Account no.: **1000100200010000 (Rajaswa Khata)**
4. Pre-bid meeting shall be held at ***Sushil Koirala Prakhar Cancer Hospital Khajura Banke*** at ***2024-05-09 at 14:00 Hour***
5. Electronic bids must be submitted through PPMO"s e-GP system www.bolpatra.gov.np/egp on or before ***12 :00 hour*** on **2024-05-26** .Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** at **2024-05-26** the office of ***Sushil Koirala Prakhar Cancer Hospital***. Bids must be valid for a period of ***90 days.*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***2.5% of bidded amount,*** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***120days).***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bid without assigning reason, whatsoever. Conditional bids are not allowed.

विपिनको...

पृष्ठ १ बाट क्रमशः

रहेको बताए । फिलिपिन्स र बंगलादेशको राजकीय भ्रमण सकेर थानी नेपाल आएका हुन् ।

राष्ट्रपति पौडेलले कतारले छोटो समयमा शिक्षा, पूर्वाधार, स्वास्थ्यलगायतमा गरेको प्रगतिको प्रशंसा गरे । कतारी विकासको लाभ नेपालले पनि लिन चाहेको राष्ट्रपतिको भनाइ थियो । जसमा कतारी राजा थानीको जवाफ थियो, 'नेपालमा लगानी गर्न कतार इच्छुक छ, तयार छ । जलविद्युत्, खेलकुद, कृषि, खाद्य प्रविधि र सुरक्षामा हाम्रो रुचि छ । म नेपाललाई सहयोग गर्न, नेपाल घुम्न र सम्बन्ध सुदृढ गर्न आएको हुँ । तपाईंहरूलाई थप सहयोगको वचन दिन आएको हुँ ।' द्विपक्षीय सहयोग, लगानी तथा सहकार्यका विषयमा बुधबार प्रधानमन्त्री प्रचण्डसँग विस्तृतमा छलफल गर्ने कतारी राजाको भनाइ थियो । बुधबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग उनको औपचारिक वार्ता गर्ने कार्यक्रम छ ।

भेटवार्तामा राष्ट्रपति पौडेलले भने, 'कतारको पूर्वाधार विकासमा नेपालीको योगदान छ । यो भन्न पाउँदा हामी खुसी छौं ।' राजा थानीले जवाफ दिए, 'नेपालीहरूको योगदान त्यसमा मात्र होइन, कोरोना महामारीका वेला पनि उनीहरूले हामीलाई ठूलो मद्दत गरे ।' फिफा विश्वकप २०२२ आयोजनाका लागि रंगशाला निर्माणमा नेपाली कामदारहरूको ठूलो योगदान रहेको भन्दै थानीले प्रशंसा गरे ।

'विपिन जोशीको रिहाइका लागि पहल गर्छौं'

राष्ट्रपति रामचन्द्र पौडेलले प्यालेस्टाइनमा हमास विद्रोही समूहको नियन्त्रणमा रहेको भनिएका कञ्चनपुरका विपिन जोशीको रिहाइका लागि प्रयास गरिदिन राजा थानीसँग आग्रह गरे । कतारले शान्तिका लागि निर्वाह गरेको भूमिकाको पृष्ठभूमि उल्लेख गर्दै उनले यस्तो आग्रह गरेका थिए । राजा थानीले 'प्रयास गर्ने' आश्वासन दिएका छन् ।

'राष्ट्रपतिज्यूले विश्वशान्तिका लागि कतारले गरेको प्रयासको सराहना गर्दै विपिन जोशीको रिहाइका लागि पहल गरिदिन अनुरोध गर्नुभयो । जवाफमा राजाले हमासको नियन्त्रणमा रहेकाहरूको रिहाइसहित शान्तिका लागि प्रयास गरिरहेको भन्नुभयो । जोशीको रिहाइका लागि पनि प्रयास गर्ने उहाँको आश्वासन थियो,' राष्ट्रपतिका परराष्ट्र मामिला सल्लाहकार डा. सुरेशचन्द्र चालिसेले भने ।

जलवायु परिवर्तनबारे राष्ट्रपतिको चासो

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनका कारण पृथ्वी नै असुरक्षित भएको भन्दै यसको जोखिम न्यूनीकरणका लागि नेपालले कतारसँग मिलेर काम चाहेको बताएका थिए । 'यसमा विशेष गरी ठूला देशहरूले चासो दिनुपऱ्यो । सगरमाथासहित हाम्रा हिमालको हिउँ पग्लेको छ । हिउँ सुरक्षित कसरी गर्न सकिन्छ भन्नेमा पनि सोचौं,' राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उनका परराष्ट्र मामिला सल्लाहकार डा. सुरेशचन्द्र चालिसेले भने, 'जलवायु परिवर्तनबाट नेपालले मार खेपिरहेको छ । हिमालहरू खैरो भएका छन् र समुद्री सतह माथि उठेको छ । यसमा मिलेर काम गरौं ।'

कतारी राजाले सहकार्यबारे सकारात्मक जवाफ दिएको चालिसेले बताए । 'जलवायु परिवर्तनको क्षेत्रमा सबै मिलेर काम गर्नुपर्छ । यसमा हाम्रो पनि गम्भीर चासो छ,' थानीको भनाइ थियो, 'जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय सम्मेलनमा भएका सहमति कार्यान्वयन गरेर अघि बढ्नुपर्छ ।'

राष्ट्रपति पौडेलले नेपालीको प्रमुख श्रम गन्तव्यमध्येको एक कतार रहेको उल्लेख गर्दै श्रमिकहरूको सुरक्षाबारे चासो राखेका थिए । कतारी राजाले नेपाली श्रमिकको सुरक्षामा आफू संवेदनशील रहेको जवाफ दिए ।

राष्ट्रपतिसँगको वार्तामा राजा थानीसँगै अमिरी दिवान प्रमुख शेख साउद बिन अब्दुल रहमान, यातायात सम्बन्धीमन्त्री जसिम विन सैफ अल सुलाती, वाणिज्य तथा उद्योगमन्त्री शेख मोहम्मद बिन हमाद बिन कासिम, परराष्ट्र राज्यमन्त्री सोल्तान बिन सादअल-मुरैखीसहितका अधिकारी सहभागी थिए । त्यस्तै, राष्ट्रपति पौडेलसँगै उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, सवारी व्यवस्थापनमन्त्री तोकिएका ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत, राष्ट्रपतिका राजनीतिक सल्लाहकार थापा, परराष्ट्र सल्लाहकार डा. सुरेशचन्द्र चालिसे, परराष्ट्र मन्त्रालय र राष्ट्रपति कार्यालयका अधिकारी सहभागी थिए ।

विमानस्थलमा भव्य स्वागत

कतारी राजा थानीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, सभामुख देवराज घिमिरे तथा उपप्रधानमन्त्री र मन्त्रीसहितका उच्चअधिकारीले स्वागत गरेका थिए । सेनाले उनको सम्मानमा २१ तोपको सलामी दिएको थियो । भ्रमण दलमा कतारको प्रशासनिक मामिला हेर्ने अमिरी दिवान प्रमुख शेख साउद बिन अब्दुल रहमान, यातायातसम्बन्धी मन्त्री जसिम विन सैफ अल सुलाती, वाणिज्य तथा उद्योगमन्त्री शेख मोहम्मद बिन हमाद बिन कासिम, परराष्ट्र राज्यमन्त्री सोल्तान बिन साद अल-मुरैखी, अमिरी दिवानको अध्ययन र अनुसन्धान विभागका निर्देशक साद बिन नासेर अलकाबी, कतार लगानी प्राधिकरण (क्युआइए)को एसिया र अफ्रिका लगानी प्रमुख शेख फैसल बिन थानी अल थानी, परराष्ट्र मन्त्रालयको एसिया मामिला विभाग प्रमुख युसुफ सुल्तान लाराम, अमिरको स्वकीय सचिवालयका प्रमुख बिन घनिम अल्होदैफी, राजदरबारको समारोह विभागका सहायक निर्देशक तलाल बिन अल्मास अल सुलती तथा अमिर (राजा)का निजी सहायक मन्सुर फलेह अल-हजरी सहभागी छन् । राजा थानी र प्रतिनिधिमण्डलको सम्मानमा राष्ट्रपति पौडेलले मंगलबार साँझ होटेल सोल्टीमा राजकीय भोज आयोजना गरे ।

आज प्रधानमन्त्री प्रचण्डसँग वार्ता

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कतारी राजा थानीबीच बुधबार बिहान १०:३५ मा होटेल सोल्टीमा औपचारिक वार्ता हुनेछ । भेटवार्तापछि खेलकुद, शिक्षालगायतका क्षेत्रमा हुने द्विपक्षीय समझदारी र सम्झौतामा हस्ताक्षर हुने कार्यक्रम छ । प्रधानमन्त्री प्रचण्डले राजा थानीको सम्मानमा बुधबार होटेल द्वारिकाज्मा दिवाभोज आयोजना गरेका छन् । दिवाभोजमा सहभागी भएर थानी सीधै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल जाने कार्यक्रम छ ।

कतारी राजाको सुरक्षामा प्रविधिको अधिकतम प्रयोग

नेपाल भ्रमणमा रहेका कतारी राजा अमिर शेख तामिम बिन हमाद अल थानीको सुरक्षामा प्रविधिको अधिकतम प्रयोग गरिएको छ । प्रहरीका अनुसार राजा सवार हुने रुट, बस्ने होटेल र तय भएका कार्यक्रमस्थल सुरक्षाका लागि प्रविधिको अधिकतम प्रयोग गरिएको हो ।

जसमा ड्रोन, सिसिक्यामेरा, ज्यामरलगायत प्रविधि प्रयोग गरिएका छन् । काठमाडौं उपत्यका प्रहरी कार्यालयका एसपी अवदेश विष्टले राजाको सुरक्षामा प्रवधिको अधिकतम प्रयोग गरिएको बताए । 'कतारी राजा नेपाल भ्रमणमा छन् । उनको सुरक्षामा प्रविधिको अधिकतम प्रयोग गरिएको छ । जसमा ड्रोन, सिसिक्यामेरा, ज्यामरलगायत प्रविधि प्रयोगमा ल्याइएका छन् । भिभिआइपी भ्रमणका क्रममा प्रहरीले अख्तियार गर्ने यो नियमित सुरक्षा प्रबन्ध हो ।'

दुईदिने भ्रमणमा रहेका थानीलाई सोल्टी होटेलमा राखिएको छ । होटेलआसपासको सुरक्षा निगरानी गर्न प्रहरीले ड्रोन उडाएको छ । आसपासका सिसिक्यामेरालाई चुस्त बनाएको छ । सवारी रुटआसपासको सुरक्षामा पनि प्रहरीले ड्रोन र सिसिक्यामेरा दुवैलाई प्रयोगमा ल्याएको छ । यस क्रममा ज्यामरको पनि प्रयोग गरिएको छ । थानीको भ्रमणका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै तिनकुने-नयाँ बानेश्वर-थापाथली-त्रिपुरेश्वर-कालिमाटी र त्रिपुरेश्वर-केशर महल-लाजिम्पाट हुँदै शीतलनिवास रुट प्रयोग गरिएको छ ।

त्यस्तै, राजा सवार हुने रुटमा सुरक्षाकर्मीको सहभागिता व्यापक रूपमा बढाइएको छ । सुरक्षाको पहिलो घेरामा नेपाल प्रहरीलाई खटाइएको छ । दोस्रो घेरामा सशस्त्र प्रहरी बलका सुरक्षाकर्मी तैनाथ गरिएको छ । सूचना संकलनका लागि राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मीलाई पनि खटाइएको छ । सवारी अवधिभर रुटआसपासका क्षेत्रको आवागमन बन्द गरिएको छ ।

लगानी सम्मेलनमा...

पृष्ठ १ बाट क्रमशः

सुनिश्चित गरेका छन् । सरकारले सम्मेलनमा सहभागिताका लागि एक हजार नौ सयभन्दा बढी विदेशी सम्बन्धित व्यक्तित्वहरूलाई निम्तो पठाएकोमा मंगलबारसम्म ६३४ जनाले सहभागी हुने जवाफ पठाएका हुन् । तर, निम्तो स्वीकार गर्ने क्रम बाँकी रहेकाले यो संख्या अझै बढ्न सक्ने लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले बताए । उनका अनुसार सहभागिताका लागि जवाफ पठाउनेमध्ये अधिकांश लगानीकर्ता र व्यावसायिक व्यक्ति छन् ।

सरकारले आगामी १६ र १७ वैशाखमा लगानी सम्मेलन गर्दै छ । त्यसमा न्यूनतम एक हजार लगानीकर्ता, व्यावसायिक व्यक्ति, विज्ञ तथा सरोकारवाला उपस्थिति गराउने सरकारको लक्ष्य थियो । लक्ष्यअनुसार उपस्थिति हुने पक्का भएको छ । नेपालबाट सहभागी हुने ३८५ समेत जोड्दा एक हजार १९ व्यक्ति सम्मेलनमा उपस्थित हुने निश्चित भइसकेको छ । यसमा अनलाइनबाट आफैं नाम दर्ता गरेका थप लगानीकर्ता, उद्योगी, व्यावसायिक व्यक्ति तथा सरोकारवालाहरू थपिनेछन् । हाल अनलाइनबाट नाम टिपाएका आवेदकहरूको छनोट गर्ने काम पनि भइरहेको बोर्डले जनाएको छ ।

बोर्डको तथ्यांकअनुसार नेपालबाहेक चीनबाट सबैभन्दा धेरै लगानीकर्ता आउने देखिन्छ । हालसम्म चीनका २६५, भारतका १४३ र अमेरिकाका ३३ जना लगानीकर्ता, व्यावसायिक तथा सरोकारवालाले निम्तो स्वीकार गरेका छन् । त्यस्तै जापानका २८, युकेका १४, बंगलादेश र युएईका १३/१३ र जर्मनीका १० जनाले सहभागिताको प्रतिबद्धता जनाएका छन् । दक्षिण एसिया र अस्ट्रेलियाबाट ९/९, पाकिस्तानबाट आठ, सिंगापुरबाट ६, कतार र घानाबाट पाँच/पाँच, साउदी अरब, फ्रान्स र बहराइनबाट चार/चार तथा स्विट्जरल्यान्ड, फिनल्यान्ड, अस्ट्रिया, रसिया र कोलम्बियाबाट तीन/तीनजना लगानीकर्ता, व्यावसायिक तथा सरोकारवालाले निम्तो स्वीकार गरेका छन् । यीबाहेक, क्यानडा, कुवेत, पोल्यान्ड, मेक्सिको, दक्षिण अफ्रिका, बेल्जियमलगायतका देशका लगानीकर्ताले पनि लगानी सम्मेलनको निम्तो स्वीकार गरिसकेका छन् ।

पारस्परिक कानुनी सहायताबाट विदेशमा लुकाइएको सम्पत्ति खोजी हुँदै

अख्तियारद्वारा पहिलोपटक विदेशमा लुकाइएको सम्पत्ति पत्ता लगाएर सुनील पौडेलविरुद्ध मुद्दा दायर

पारस्परिक कानुनी सहायता सन्धि नहुँदा अनुसन्धानमा अख्तियार र प्रहरीलाई सकस

नवराज मैनाली/नयाँ पत्रिका

पारस्परिक कानुनी सहायताबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पहिलोपटक विदेशमा लुकाएको सम्पत्ति तथा कारोबारको विवरण पुष्टि गरी भ्रष्टाचार मुद्दा दायर गरेको छ। नेपाल टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सुनील पौडेलको सम्पत्ति पत्ता लगाउन आयोगले सिंगापुरका सरकारी तथा निजी कम्पनीबाट औपचारिक रूपमा प्रमाण संकलन गरेको हो।

पौडेलले सूचना प्रविधिका विभिन्न ठेक्काको रकम सिंगापुरमा खाता खोली लुकाएका थिए। आयोगले बैंकमा रहेको रकम पत्ता लगाउनुका साथै सो खातामा पैसा हाल्ने सिंगापुरको कम्पनीबाट समेत त्यस विषयमा आधिकारिक रूपमा जानकारी लिएको हो। स्वदेशमा आफ्नो नाममा कुनै सम्पत्ति नराखेका पौडेलसँग २३ करोड करोड ७५ लाख अवैध सम्पत्ति रहेको दाबीसहित अख्तियारले गत आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको थियो। आयोगले पत्ता लगाएकोमध्ये आधाभन्दा धेरै सम्पत्ति उनको विदेशमा छ।

सिंगापुरको युनाइटेड ओभरसिज बैंकमा पौडेलको तीनवटा खातामा १३ करोड ५३ लाख रुपैयाँ छ। बयानका क्रममा पौडेलले आफ्नो विदेशमा खाता नभएको र आफ्नो नाम मिलेको मात्र हुन सक्ने बताएका थिए। तर, बैंकले अख्तियारलाई उनै पौडेलकै खाता भएको भनेर पुष्टि गरेको छ। बैंकमा उनको ३८०-९४८३१०८, ३०८-०२६-१७६-६ र ४२६३९१०२२७ नम्बर गरी तीनवटा खाता छन्। सरकारी पदमा रहकै वेला उनी विदेशी कम्पनीमा परामर्शदाताका नाममा एजेन्टका रूपमा काम गरेको पनि सिंगापुरकै कम्पनीले पुष्टि गरेको छ।

अख्तियारले पौडेलसँगको कारोबारबारे सिंगापुरको ब्यांकोटेक प्रालिसँग पनि जानकारी मागेको थियो। सो कम्पनीले पनि अनुसन्धानमा सघाउँदै पौडेल आफ्नो परामर्शदाता भएको र सोही आधारमा उनको खातामा पैसा जम्मा गरिदिएको पुष्टि गरेको हो। १ अगस्ट २०१७ मा उनलाई सिंगापुरको ब्यांकोटेक प्रालिले परामर्शदाता नियुक्त गरेको थियो। त्यसवेला उनी राष्ट्रिय सूचना प्रविधि केन्द्रमा सहायक निर्देशक पदमा कार्यरत थिए। आयोगले सो कम्पनीसँग लिखित रूपमै यसबारे जानकारी माग्दै पत्राचार गरेको थियो। जसमा ब्यांकोटेक प्रालिले नियुक्ति गरेको पुष्टि गर्दै जवाफ दिएको छ। सो कम्पनीबाट नेपालमा बिक्री हुने सामग्रीका बिक्रीका आधारमा बिक्री कमिसन दिने गरी नियुक्तिपत्र दिइएको भनेरसमेत कम्पनीले आयोगलाई खुलाएर पठाएको छ। यसरी पटक-पटक गरी सो कम्पनीले सात लाख ७७ हजार ६४० अमेरिकी डलर उनको खातामा जम्मा गरेको पुष्टि गरेको हो। यसले पौडेलविरुद्धका प्रमाण बलियो भएको छ। यसरी विदेशी कम्पनीले घुस दिन नमिल्ने भएपछि परामर्शदाता नियुक्ति गरेर औपचारिक रूपमा कमिसन दिएको अख्तियारको अनुसन्धानले देखाउँछ।

अख्तियारले कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र परराष्ट्र मन्त्रालय हुँदै पारस्परिक कानुनी सहायता ऐनअनुसार ती कम्पनीसँग विवरण माग गरेको थियो। जसमा सिंगापुरका कम्पनीले सघाएका हुन्। यसरी पारस्परिक कानुनी सहायताअनुसार भ्रष्टाचार मुद्दामा सफल अनुसन्धान भएको सम्भवतः यो पहिलो केस हुन सक्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेले बताए। 'पारस्परिक कानुनी सहायताअनुसार अन्तर्राष्ट्रिय रूपमा समन्वय गरी विदेशमा रहेको सम्पत्ति पत्ता लगाई पुष्टि गर्न सम्भव भएको हो,' उनले भने, 'तर, धेरै अनुसन्धानमा यस्तो विवरण प्राप्त गर्न गाह्रो हुन्छ।' नेपालको चीनबाहेक अन्य देशसँग कानुनी सहायतासम्बन्धी सन्धि छैन। जसकारण भ्रष्टाचार तथा अपराधका अन्तर्देशीय घटना अनुसन्धानमा सकस हुने गरेको छ। अवैध सम्पत्ति विदेशमा थुपार्ने प्रवृत्ति बढिरहेको भन्दै अख्तियारले समेत पारस्परिक कुननी सहायता सन्धि गर्न सरकारलाई बारम्बार सिफारिस गर्दै आएको छ। यस्तो सन्धि भएमा विदेशमा लुकाइएको सम्पत्तिसमेत जफत गर्न सकिने आयोगका अधिकारीहरू बताउँछन्।



● **नरहरि घिमिरे**, प्रवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

पारस्परिक कानुनी सहायताअनुसार भ्रष्टाचार मुद्दामा सफल अनुसन्धान भएको सम्भवतः यो पहिलो केस हुन सक्छ। अन्तर्राष्ट्रिय रूपमा समन्वय गरी विदेशमा रहेको सम्पत्ति पत्ता लगाई पुष्टि गर्न सम्भव भएको हो। सम्पत्ति विदेशमा लुकाउने प्रवृत्ति बढिरहेका वेला धेरै अनुसन्धानमा यस्तो विवरण प्राप्त गर्न गाह्रो भइरहेको छ।





सुनील पौडेल

पठाउने गरेका थिए। यसरी सम्पत्ति लुकाउन सिंगापुरमा खाता खोलेका उनले त्यहाँबाट अमेरिकामा रहेका निकटस्थ व्यक्तिलाई पैसा पठाई उनीहरूको क्रेडिट कार्डमार्फत नेपालमा खर्च गर्दै आएका थिए। यो पनि भ्रष्टाचारको पैसा लुकाउने र खर्च गर्ने नयाँ शैली देखिएको अख्तियारका अधिकारीहरू बताउँछन्।

सिंगापुरमा बस्ने सायद ताहिर साह, जुली मुस्लिम साह, अरुणा धनेस तिवारीलगायतसँग उनको कारोबार देखिएकोमा त्यस विषयमा पनि थप छानबिन आयोगले गरिरहेको छ। साथै, सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशन विकल पौडेलको सिंगापुरलगायत देशमा रहेको सम्पत्तिको विवरण पनि आयोगले औपचारिक रूपमा प्राप्त गरिसकेको छ। सुनील र विकल दुवै तीन महिनादेखि अख्तियारको हिरासतमा छन्। थुनामा राखेर अनुसन्धान गरेकाले पनि धेरै प्रमाण फेला परेको अख्तियारका अधिकारीहरू बताउँछन्।

देशको संरचना र कानुन बलियो नहुँदा नेपालमा सम्पत्ति शुद्धीकरण बढेको भन्दै सम्पत्ति शुद्धीकरण मामिलामा एसिया प्रशान्त क्षेत्र हेर्ने समूहले 'ग्रे सूची'मा राख्ने तयारी गरेको छ। सोही कारण हालै सरकारले पारस्परिक कानुनी सहायता ऐन, २०७० लाई संशोधन गरी अन्तर्राष्ट्रिय सहकार्य बढाउने प्रयास गरेको छ। कालोधनको अनुसन्धानमा नेपालको अन्तर्राष्ट्रिय सहकार्य कमजोर रहँदै आएको छ। यद्यपि, अख्तियार र प्रहरीले द्विपक्षीय सहकार्यका आधारमा कतिपय देशबाट प्रमाण जुटाउने काम गरिरहेको छ।

■ ठूला आइटी कम्पनीहरू छानबिनमा

आयोगले सुनील पौडेलको संलग्नतामा भएका थप भ्रष्टाचारको पनि अनुसन्धान गरिरहेको छ। खासगरी सूचना प्रविधिका ठूला ठेक्कामा भएको अनुसन्धानको छानबिन भइरहेको स्रोत बताउँछ। इस्टासेफ र ब्यांकोटेक नामक अन्तर्राष्ट्रिय आपूर्तिकर्ता कम्पनीलाई पौडेलले राष्ट्रिय सूचना प्रविधि केन्द्रका तीन अर्ब २९ करोड ३२ लाख ४८ हजार रुपैयाँबराबरको ठेक्का दिएका थिए। ब्यांकोटेकलाई दुई अर्ब ५३ करोड ४१ लाख तथा इस्टासेफलाई ४२ करोड ११ लाख रुपैयाँबराबरको ठेक्का दिइएको छ। ती विदेशी कम्पनीका नेपाली सप्लायर्समा ओम्नी, म्यास वर्ल्ड डिस्ट्रिब्युसन नेपाल, नेक्सजेन सोलुसन थिए। ती कम्पनीलाई ठेक्का दिँदाका शंकास्पद कारोबारसमेत फेला परेको छ। जसअनुसार उनको कार्यकालमा भएका सबैजसो ठेक्काको आयोगले छुट्टै छानबिन थालेको छ। उनले वर्ल्ड डिस्ट्रिब्युसनलाई ४५ करोडबराबरका दुई, ओम्नीलाई ५३ करोडबराबरका पाँच, म्याक्स इन्टरनेसनललाई एक अर्ब ४० करोडका तीन र जेनेरेसन नेक्स्ट कम्पनीलाई ४५ करोडका ६ ठेक्का राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट दिलाएका थिए।

एकातर्फ उनी ती कम्पनीको एजेन्ट हुने र उनीहरूले मात्र ठेक्का पाउनुमा ठेक्कामा प्रस्ट मिलेमतो देखिन्छ। सोही आधारमा आयोगले उनको कार्यकालमा भएका सबै ठेक्काको अनुसन्धान गरिरहेको छ। इस्टासेफ इन्क कम्पनीले उनको खातामा सातपटक गरेर चार करोड दुई लाख तथा ब्यांकोटेक प्रालिले १२ पटक गरेर नौ करोड ३० लाख रुपैयाँ युनाइटेड ओभरसिज बैंकमा पैसा जम्मा गरेको छ। उनका ठेक्का तथा विभिन्न व्यक्तिसँगको संदिग्ध कारोबारका विषयमा आयोगले पौडेलमाथि छुट्टै अनुसन्धान गरिरहेको छ।

सुनील पौडेलको घरबाट बरामद ल्यापटपमा आयोगले उनले कसरी ठेक्काका सेटिङ गर्थे भन्ने विवरणसमेत फेला पारेको छ। दीपक आनन्द नामक ठेकेदारसँग उनले गरेको च्याटअनुसार ठेकेदारले नै टेन्डर स्पेसिफिकेसन बनाउँथे। २७ मार्च २०१८ मा आनन्दले पौडेललाई टेन्डर स्पेसिफिकेसन पठाउने कुरा गरेका छन्। जुन ठेक्कामा उनीहरूबीच सुरुमा तीन लाख ७५ डलर कमिसन लेनदेनको सहमति भएकोमा पछि तीन लाख ५० हजार मात्र दिन सक्ने भनेर कमिसन भागबन्डाको सूची पठाएका थिए। दीपक इस्टासेफ कम्पनीको प्रतिनिधि भएको आशंका गरिएको छ।

सुनील पौडेलमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग र नेपाल प्रहरीले पनि छुट्टै अनुसन्धान गरिरहेको छ। उनी छुटिजाने भएमा बुझाउन राजस्व अनुसन्धानले पत्राचार गरेको छ। साथै, कर चुक्ताको प्रमाणपत्र नक्कली भएको पुष्टि भएपछि पौडेलविरुद्ध जिल्ला प्रहरी परिसर, काठमाडौंमा लिखत किर्ते कसुरको जाहेरी दर्ता भएको छ। उनको घरमा बरामद भएको ल्यापटपमा कर चुक्तासम्बन्धी प्रमाणपत्र फेला परेको थियो। जुन पत्र नक्कली भएको आन्तरिक राजस्व कार्यालय, पुतलीसडकले पुष्टि गरेपछि प्रहरीले त्यसमा छुट्टै मुद्दा चलाउन लागेको हो। सिंगापुरको खाताको केही पैसा निकालेर हुन्डीमार्फत नेपालमा ल्याएर दाइ अनिल पौडेलको नाममा सम्पत्ति जोडेको देखिएपछि सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान हुन लागेको हो। नेसनल पेमेन्ट गेटवेसम्बन्धी भ्रष्टाचार मुद्दामा पौडेल दोषी ठहर भइसकेका छन्।

कर्मचारीलाई भ्रष्टाचार मुद्दा लागेपछि 'रित्तिए' दूरसञ्चार र वायुसेवा निगम

भ्रष्टाचार मुद्दा लागेर दूरसञ्चार प्राधिकरणका ११ र वायुसेवा निगमका सात उच्च अधिकारी निलम्बित

सुवास भट्ट/नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) र वाइडबडी जहाज खरिदमा भ्रष्टाचार गरेको आरोपमा दूरसञ्चार प्राधिकरण र वायुसेवा निगमका ठूलो संख्याका कर्मचारीविरुद्ध एकैपटक मुद्दा चलाउँदा ती संस्था झन्डै रित्तिन पुगेका छन्। चैत दोस्रो र तेस्रो साता एमडिएमएस र वाइडबडी भ्रष्टाचारमा गरिएको मुद्दा दायरमा दूरसञ्चारका ११ र निगमका सात बहालवाला कर्मचारी परेका हुन्। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ अनुसार मुद्दा दायर भएपछि बहालवाला कर्मचारी स्वतः निलम्बित हुने व्यवस्था छ।

वाइडबडी जहाज खरिदमा एक अर्ब ४७ करोड रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियारले २२ चैतमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री जीवनबहादुर शाही र सचिव शंकरप्रसाद अधिकारीसहित ३२ जनालाई प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको थियो। त्यस्तै, एमडिएमएस खरिदमा करिब ९२ करोड भ्रष्टाचार भएको ठहर गर्दै त्यसमा संलग्न दुई पूर्वअध्यक्ष र परामर्शदातासहित २१ जनालाई प्रतिवादी बनाएर १५ चैतमा मुद्दा चलाएको थियो।

एमडिएमएस खरिद प्रक्रियामा संलग्न भई अनियमितता गरेको आरोपमा अख्तियारले दूरसञ्चार प्राधिकरणका तीन महाशाखा प्रमुखविरुद्ध मुद्दा दायर गरेको थियो। प्राधिकरणमा सातवटा महाशाखा रहेकामा तीन महाशाखाका प्रमुख नै निलम्बित भएका छन्। निलम्बित हुनेमा स्तरीकरण महाशाखाका निर्देशक मीनप्रसाद अर्याल, प्रशासन महाशाखाका निर्देशक दीपेश आचार्य र पूर्वाधार महाशाखाका निर्देशक सुरेन्द्रलाल हाडा छन्। स्तरीकरण महाशाखाले दूरसञ्चार एवं सूचना प्रविधि सम्बन्धमा अपनाउनुपर्ने नीति, कार्यक्रम तथा सुधारका पक्षहरूमा सुझाव पेस गर्ने, दूरसञ्चार सेवासम्बन्धी उपकरणको आयातलाई व्यवस्थित तथा पूर्वाधारको स्तर निर्धारण गर्न मापदण्ड तोक्ने र त्यसको कार्यान्वयन गराउने, सेवा प्रदायकहरूलाई दिने सेवाको मापदण्ड तोक्न पेस गर्ने र कार्यान्वयनको अनुगमन गर्नेलगायतका काम गर्छ।

त्यस्तै, प्रशासन महाशाखाले कार्यालयको जनशक्ति तथा आन्तरिक व्यवस्थापन, आम्दानी र खर्चको लेखांकन, प्राधिकरणको वार्षिक कार्यक्रमअनुसारका कार्यहरूको आवधिक प्रगति विवरण तयार गर्नेलगायतका काम गर्छ भने पूर्वाधार महाशाखाले सेवा प्रदायकहरूले स्थापना गरेका दूरसञ्चार प्रणालीको आधारभूत पूर्वाधारहरूको आवधिक लगत राख्ने, पूर्वाधार विकासका लागि कार्य गराउने, सेवा सञ्चालकहरूले अनुमतिपत्रमा उल्लेख गरेअनुसार सेवा सञ्चालन गरे/नगरेको सुपरिवेक्षण गर्ने, सूचना प्रविधिको पहुँच विस्तारका लागि गर्नुपर्ने कार्य पहिचान गर्नेलगायतका काम गर्छ।

अख्तियारले निर्देशकभन्दा मुनिका अन्य कर्मचारीलाई पनि प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ। त्यसमा ग्रामीण दूरसञ्चार विकास शाखाका उपनिर्देशक विनोदचन्द्र श्रेष्ठ, योजना तथा व्यवस्थापन सूचना प्रणाली शाखाका उपनिर्देशक रेवतीराम पन्थ, अनुमतिपत्र व्यवस्थापन शाखाका उपनिर्देशकहरू सन्दीप अधिकारी र सूर्यप्रसाद लामिछाने, फ्रिक्वेन्सी, सेवा गुणस्तर तथा सेवा प्रवाह अनुगमन शाखाका उपनिर्देशक अच्युतानन्द मिश्र, आर्थिक प्रशासन शाखाका सहायक निर्देशक विजयकुमार राय यादव, फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापन शाखाका सहायक निर्देशकहरू प्रतीक्षा पौडेल र निराजन कोइरालाविरुद्ध मुद्दा दायर भएको हो।

प्राधिकरणका बोर्डसदस्य नवराज अधिकारी ठूलो संख्यामा कर्मचारी निलम्बनमा पर्दा नियमित काममा स्वाभाविक रूपमा असर पर्ने बताउँछन्। 'बोर्डसदस्य मात्र भएकाले हामी नियमित काममा त हुँदैनौं,' उनले भने, 'तर, त्यति धेरै कर्मचारी निलम्बनमा पर्दा काममा असर नपुग्ने भन्ने कुरा त हुँदैन।' प्राधिकरणले यसको मूल्यांकन गरेर उपयुक्त निर्णय लिने पनि उनले बताए।

वायुसेवा निगममा पनि उस्तै अवस्था छ। खित्यारले प्रतिवादी बनाएकामा निगमका नायब महाप्रबन्धक जनकराज कालाखेती, निर्देशकहरू उपेन्द्र पौडेल, उमेश पौडेल र श्रवण रिजाल छन्। रिजाल वरिष्ठ क्याप्टेनसमेत हुन्। त्यस्तै, अर्का दुई निमित्त निर्देशकहरू सुवास रिजाल र रवीन्द्रकुमार शेरचन पनि प्रतिवादी छन्। उनीहरू दुवै निमित्त निर्देशकको समेत भूमिकामा थिए। उपनिर्देशक बृहत्मान तुलाधरविरुद्ध पनि मुद्दा लागेको छ। नायब महाप्रबन्धकदेखि निर्देशक, पाइलटसम्म निलम्बनमा पर्दा निगममा पनि नियमित काममा असर परेको छ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले यस विषयमा निगमले विचार गरिरहेको बताए। 'मुद्दा दायर भएपछि धेरै कर्मचारी स्वतः निलम्बनमा परेका छन्। त्यसले काममा समस्या हुने नै भयो। त्यसको व्यवस्थापन निगमले गरिरहेको छ,' उनले भने।



● **युवराज अधिकारी**, कार्यकारी अध्यक्ष, नेपाल वायुसेवा निगम

मुद्दा दायर भएपछि धेरै कर्मचारी स्वतः निलम्बनमा परेका छन्। त्यसले काममा समस्या हुने नै भयो। त्यसको व्यवस्थापन निगमले गरिरहेको छ



● **नवराज अधिकारी**, सदस्य, नेपाल दूरसञ्चार प्राधिकरण

ठूलो संख्यामा कर्मचारी निलम्बनमा पर्दा नियमित काममा स्वाभाविक रूपमा असर परेको छ।

हटडक्स क्यानेडियन इन्टरनेसनल डकुमेन्ट्री फेस्टिभलमा 'देवी'

काठमाडौं/ सुविना श्रेष्ठको निर्देशनमा बनेको वृत्तचित्र 'देवी' हटडक्स क्यानेडियन इन्टरनेसनल डकुमेन्ट्री फेस्टिभलमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा छनोट भएको छ। २८ अप्रिल र १ मेमा टोरोन्टोमा यो वृत्तचित्र स्क्रिनिङ हुनेछ। ८० मिनेटको यो वृत्तचित्रले युद्धकालमा बलात्कारको सिकार भएका महिलाको न्यायका लागि माओवादी नेतृ देवी खड्काले गरेको संघर्ष र त्यसमा आउने उतारचढावलाई देखाउँछ।

जनयुद्ध भर्खरै सुरु भएका वेला १७ वर्षको उमेरमा देवी पक्राउ परेकी थिइन्। उनलाई माओवादीको अभियोगमा यातना दिइयो र हिरासतमा बलात्कार गरियो। डिप्रेसन र सामाजिक तिरस्कारको सिकार भएकी देवी त्यसपछि विद्रोहमा लागेकी थिइन्। नेतृत्ववदायी भूमिकामा पुगेर उनी युद्धपछि सांसद पनि बनिन्। उनको कथामार्फत श्रेष्ठले बलात्कृत भएर बाँचेकाको संघर्ष देखाउन खोजेकी छिन्। 'यो फिल्मले एउटा अभियान सिर्जना गर्न सहयोग गरेको छ,' निर्देशक श्रेष्ठले भनिन्।

अतिरिक्त हुलाक खारेज

काठमाडौं/ सरकारले अतिरिक्त हुलाक खारेज गर्दै कर्मचारीलाई अवकाश दिने नीति कार्यान्वयनमा लगेको छ। अतिरिक्त हुलाक नियमावली संशोधन गर्दै सुविधासहित कर्मचारीलाई स्वेच्छिक अवकाशका लागि आह्वान भएको हो।

अतिरिक्त हुलाकतर्फ करिब १० हजार कर्मचारी छन्। हुलाक प्रतिनिधि, वितरक र डाँकवाहकलाई सेवा अवधिका आधारमा पाँच किसिमको सुविधा तोकिएको छ। सोमबार राजपत्रमा प्रकाशित उपचार खर्चलाई आधार बनाएर थप सुविधाको तय गरिएको छ। निमावलीको नियम १२ (क)मा अतिरिक्त हुलाकका कर्मचारीले सुरु पारिश्रमिक स्केलको आधा महिनाको तलबमा नहुने गरी उपचार खर्च पाउने उल्लेख छ। सोही उपचार खर्च र सेवा अवधिलाई आधार बनाएर थप सुविधा तय गरिएको छ।

संशोधित नियमावलीअनुसार ४१ वर्ष वा त्यसभन्दा धेरै वर्ष काम गरेकालाई उपचार खर्चबराबरको शतप्रतिशत, ३१ देखि ४० वर्ष अवधि पुगेकालाई ९० प्रतिशत तथा २१ देखि ३० वर्षलाई ८० प्रतिशत तोकिएको छ। ११ वर्षदेखि २० वर्ष अवधि पुगेकालाई ६५ तथा एक वर्षदेखि १० वर्ष अवधि पुगेकालाई ५० प्रतिशत थप सुविधा रकम पाउनेछन्। नियमावली प्रारम्भ भएको तीन महिनाभित्र स्वेच्छिक अवकाश कर्मचारीले लिन सक्नेछन्। कर्मचारीले जिल्ला हुलाक कार्यालयमा यसका लागि निवेदन दिनुपर्ने हुन्छ।

नियमावलीमा ५८ वर्ष उमेर पुगेपछि अनिवार्य अवकाश पाउने र कर्मचारीले अवकाश पाएका पद स्वतः खारेज हुने प्रावधान राखिएको छ। कुनै पनि अतिरिक्त हुलाकका सबै कर्मचारीले अवकाश पाएपछि त्यस्तो हुलाक खारेज हुने र त्यसको काम जिल्ला हुलाकले गर्ने व्यवस्था मिलाइएको छ।

सरकारले बजेटमार्फत नै अतिरिक्त हुलाक खारेज गर्ने घोषणा गरेको थियो। पूर्वसचिव शंकरप्रसाद अधिकारी अध्यक्षताको एक कार्यदलले अतिरिक्त हुलाक खारेज गर्न सिफारिस गरेको थियो। सो कार्यदलले अतिरिक्त हुलाकमा १० हजार पाँच सय ८५ दरबन्दी रहेको औंल्याएको थियो। हुलाकको काम घट्दै गएको, तर राज्यलाई ठूलो रहेको निष्कर्षका आधारमा अतिरिक्त हुलाक खारेज भएको हो। कर्मचारीले भने खारेज गर्ने निर्णयको विरोध गरेका छन्।

■ इस्मा गाउँपालिकाको नियति

हिउँदमा आगो र बर्खामा पहिरोले उठीवास

गुल्मीमा **टोपलाल अर्याल**

गुल्मीको इस्मा गाउँपालिकाले पछिल्ला वर्ष लगातार दुःख र विपत् भेलिरहेको छ। बर्सातमा पहिरो र हिउँदमा डढेलोको चपेटामा इस्माली नागरिक पर्दै आएका छन्। इस्मा गाउँपालिका- ४ कोटकोटेरीकी विमला अधिकारी यतिवेला पीडामा छिन्। एक्कासि जंगलको आगो गाउँ पस्दा उनले छोरीबाहेक अरू जोगाउन सकिनन्। भर्खर बनाएका घर, दुईवटा गोठ, बाख्रा र भैंसी आँखेअगाडि खरानी बने। उनीसहितका नौ घरपरिवारले बारीको कुनामा रात बिताए।

ऋण तिर्न श्रीमान् खिमबहादुर विदेशमा छन्। 'छोरीबाहेक केही बचेन। त्यो दिन बारीको कुनामा रात बितायौं,' उनले भनिन्, 'बेचैन मनमा १० किलो चामल र एउटा त्रिपालले के गर्ने।'

शनिबार मात्रै इस्माका तीन ठाउँमा लागेको डढेलोबाट ३७ वटा घर र ४६ वटा गोठ जले। नजिकैको वनको डढेलो घरगोठमा पस्दा ७५ पशुचौपाया जलेर मरे। डढेलोबाट दुईजना मानिस र सात पशुचौपाया घाइते भए। डढेलोबाटै एक ट्र्याक्टर, दुई कुटानी-पिसानी मिल, दुई किराना पसल, एक मन्दिर पूर्ण रूपमा जलेर नष्ट भए। डढेलोले इस्मा गाउँपालिकाको वडा नम्बर १, २ र ४ मा ठूलो क्षति भएको छ। इस्मा गाउँपालिका- ४ दोहलीको हुल, मड्किना र कोटकोटेरीमा डढेलोका कारण नौवटा घर, १९ गोठ र एक मन्दिर जलेका छन्। साथै, पाँचवटा भैंसी र १८ वटा बाख्रा मरेको इस्मा गाउँपालिका- ४ का वडाध्यक्ष राजु बस्नेतले जानकारी दिए।

डढेकोका कारण इस्मा गाउँपालिका- २ मा १३ घर र २८ गोठ जलेर नष्ट भए। इस्मा गाउँपालिका- २ का वडाध्यक्ष लोकनाथ आचार्यका अनुसार चार दर्जनभन्दा बढी पशुचौपाया डढेलोमा परेर मरे।

गाउँपालिका- १ का वडाध्यक्ष शेरबहादुर कुँवरका अनुसार अहिले पीडितलाई खाद्यान्न तथा पशुचौपायालाई पानी र घाँसको व्यावस्थापन भइरहेको छ। डढेलोले घरका ड्रम र जंगलका पाइप पनि जलेपछि गाउँपालिकामै खानेपानीको संकट देखिएको छ। अहिले पीडित परिवारलाई दुई स्थानमा क्याम्प निर्माण गरेर खानाको व्यवस्थापन भएको छ। पानीको अस्थायी व्यवस्था गरिएको छ। विद्यार्थीका किताबकापी जलेकाले शैक्षिक सत्रकै सुरुमा अर्को समस्या देखिएको छ।

शनिबार इस्मा, रेसुंगा, मुसिकोट, गुल्मीदरबार, छत्रकोट, रुरु र मदानेलगायतका स्थानीय तहको विभिन्न ठाउँमा डढेलो लागेको थियो। आइतबार पनि जिल्लाका आठ सामुदायिक वनमा आगलागी भयो। सोमबार इस्मा गाउँपालिका- ६ मा आगलागी हुँदा मोटे कुमालको घरगोठ जलेको छ।



■ १४ वर्षअघि डढेलोमा परी एकै गाउँका पाँचजनाले गुमाएका थिए ज्यान

१२ वैशाख ०६६ सालमा इस्माकै हस्तीचौर सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणको क्रममा एउटै गाउँका रामलाल घिमिरे, अमरबहादुर कुँवर, देवकला खत्री, सीता कुँवर र धनकला खत्रीले ज्यान गुमाएका थिए। १७ वैशाख ०७३ मा तत्कालीन दोहली गाविस- ५ का तुल्सी लामा गुरुङ र लोकबहादुर गुरुङले पनि डढेलो नियन्त्रण गर्दा आगोमा परेर ज्यान गुमाए। उनीहरू नजिकैको सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका लागि गएका थिए। वनमा डढेलो लाग्दा आफन्त सम्झिन्छन् पीडित परिवार।

■ ९६४ हेक्टर वन क्षेत्रमा डढेलो

पहाडी जिल्लामा पर्ने गुल्मीमा बर्सातमा पहिरो र हिउँदमा डढेलोको जोखिम बढी छ। बर्सेनि सयौं हेक्टर वन क्षेत्र डढेलोका कारण नष्ट भइरहेका छन्। शनिबार इस्मा गाउँपालिका- २ को रानीवन पैयाँपाटा सामुदायिक वनको एक सय १५ हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ। सोही वनको आगो गाउँ पसेर थुप्रै भौतिक क्षति भयो। त्यस्तै, रेसुंगा संरक्षित वन क्षेत्रको एक सय हेक्टर वनक्षेत्र डढेलोले नष्ट भयो। जिल्लाका विभिन्न ४९ सामुदायिक वनको नौ सय ६४ हेक्टरमा डढेलो लागेको डिभिजन वन कार्यालय गुल्मीका वन अधिकृत तथा सूचना अधिकारी राजन कुँवरले जानकारी दिए। गत वर्ष एक सय आठपटक गरेर दुई हजार दुई सय ७६ हेक्टर वन क्षेत्र डढेलोले नष्ट भएको उनले बताए।

■ गाउँ रित्तिएको दुर्घटना

इस्माले पहिरो र डढेलो मात्रै भेलेको छैन। गाउँ नै रित्तो हुने गरेर दुर्घटनाको समेत सामना गऱ्यो। १७ मंसिर ०७६ मा इस्मा गाउँपालिका-४ बाट कुलपूजामा बागलुङ हिँडेको जिप दुर्घटनामा १६ जनाले ज्यान गुमाएपछि सिंगो कार्कीगाउँ रित्तियो। दुर्घटनामा आमा र बहिनी गुमाएकी कार्कीगाउँकी पूजा कार्कीले सम्झनामा बनाएका तस्बिर र लेखिएका शब्द सञ्जालमा भाइरल बने।

१२ मंसिर ०७७ मा हुलमा जिप दुर्घटना हुँदा एउटै गाउँमा ६ जनाले ज्यान गुमाए। ०७७ कै असारमा इस्मा गाउँपालिकाका वडा नम्बर १ र ४ मा भीषण पहिरो गयो। पहिरोमा परेर दुईजनाले ज्यान गुमाए। दुई वडामा करिब डेढ सय परिवार विस्थापित बने। बर्सेनि पहिरोको मारमा इस्माका नागरिक छन्। पहिरोका कारण चार वर्षमा ४७ घर पूर्ण रूपमा क्षति भएका छन्। पटक-पटकको विपत्को सामना गर्न इस्माली जनता बाध्य भएको इस्मा गाउँपालिका-१ का ६७ वर्षीय जगतबहादुर केसीले बताए। 'वर्षेनी पहिरोले उठिजास लगाउँछ। हिउँदमा आगो, बर्सातमा पहिरो के गरेर बाँच्ने हो,' उनले भने, 'पीडा भुल्नुपर्ने भएरै भुलिएको छ।'

सुशासनका लागि सामयिक कानुनको खाँचो

विभिन्न अपराधमा नयाँ प्रकारका पद्धति र प्रवृत्ति विकसित हुँदै गएकाले त्यसलाई समेटेर हाम्रा ऐनकानुनमा उचित समायोजन गरिनु जरुरी छ



● ठाकुरप्रसाद बस्ताकोटी

अग्रलेख

लोकतन्त्रमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै कानुनको समान प्रयोग आवश्यक हुन्छ। नेपालको संविधानले समेत यसलाई राज्यका नीतिभित्र समावेश गरी कार्यान्वयनमा जोड दिएको छ। संविधानको धारा ५१ अन्तर्गत राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिमा राज्यबाट प्राप्त हुने सेवा-सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चितसमेत गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख गरिएबाट सुशासनलाई नेपालको शासकीय प्रणालीको माध्यम बनाएको पाइन्छ।

स्रोत-साधन र अधिकारको विकेन्द्रीकरणलाई संघीयतासँगै तल्लो तहमा संविधान र कानुनमार्फत विकेन्द्रित गरिरहँदा कानुनी शासनको सुनिश्चितता र सदाचारमैत्री अभियानले भने संस्थागत रूपमा सबलता प्राप्त सकेको अनुभूति भइसकेको छैन। बरु यसको प्रभावकारितामा थुप्रै सुधारका क्षेत्र देखिएको अवस्था छ।

नेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासन : शासकीय गतिशीलता प्रदर्शन गर्न प्रशासनिक व्यवस्थापनसँग सम्बद्ध गतिविधि चुस्त दुरुस्त राख्नु अत्यावश्यक हुन्छ। भ्रष्टाचार, अनियमितता र शासकीय अनुशासनहीनताजस्ता विकृति नियन्त्रण गरी सुशासन कायम गर्न नेपालमा भइरहेका प्रयास अपर्याप्त देखिँदासमेत यसमा सुधार गर्नुपर्ने जिम्मेवारी लिएका निकाय निष्प्रभावी बनेको अनुभूत हुनुहुँदैन। खासगरी भ्रष्टाचार गरी विदेश जाने, सम्पत्तिको हस्तान्तरण गर्ने, प्रमाण लोप गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी पारस्परिक कानुनी सहायतामार्फत सम्पत्ति रोक्का वा जफत गर्न, प्रमाण प्राप्त गर्न, बुझ्न, अनुसन्धान गर्न, प्रमाण संकलन गर्न र अभियुक्तको सपुर्दगी गर्न राज्यबीच लागू हुने अन्तर्राष्ट्रिय कानुनी दस्ताबेजको पालनाका दृष्टिमा हामी सबल हुन सकेका छैनौं। अन्तरदेशीय अपराधसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २०००, भ्रष्टाचारविरुद्ध राष्ट्रसंघीय महासन्धि, २००३ जस्ता अन्तर्राष्ट्रिय कानुनमा हस्ताक्षर गरेको लामो समय भइसके तापनि यसको कार्यान्वयनमा हामी उदासीन हुँदा यस्तो अवस्था कायमै रहेको पाइन्छ।

कानुनी पर्याप्तताको अवस्था : अनुसन्धान गर्ने निकायलाई सूचना प्राप्त गर्न तथा प्रमाण संकलन गर्न सरल, सहज र पहुँच सुनिश्चित गर्न कानुन र कार्यविधिको उचित व्यवस्था गर्ने सम्बन्धमा नेपालले कतिपय काम गरे पनि थुप्रै काम गर्न बाँकी नै देखिन्छ। पारस्परिक कानुनी सहायता ऐन २०७० र नियमावली २०७०, सपुर्दगी ऐन २०७०, संगठित अपराध निवारण ऐन २०७०, सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७०, बैंकिङ कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७४, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२, विशेष अदालत ऐन २०५९, सैनिक ऐन २०६३ जस्ता कानुनी व्यवस्था कार्यान्वयन र भ्रष्टाचार निवारण ऐन २०५९, अख्तियार दुरुपयोग अनुसन्धान ऐन २०४८, नियमावली २०५९, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४, सुशासन ऐन २०६४ र नियमावली २०६५ लगायत कानुनी व्यवस्थाबाट सुशासन र सदाचारको प्रवर्द्धनका लागि विभिन्न व्यवस्था भएको देखिन्छ। उल्लिखित कानुनी व्यवस्थासमेतको प्रभावकारिताका लागि विभिन्न अनुगमनकारी व्यवस्थासमेत व्यवहारमा अवलम्बन नगरिएको होइन। तथापि, यस क्षेत्रमा भएका प्रयासबाट आदर्श समाज स्थापना गर्ने सुशासनमैत्री शासनको अभ्यासमा पर्याप्त कानुनी सुनिश्चितता भइसकेको छैन, देखिँदैन।

सिद्धान्त र व्यवहार : भ्रष्टाचारसम्बन्धी कानुनी व्यवस्थाले समेटेका कानुनी व्यवस्थाको कार्यान्वयन प्रभावकारी नहुने समस्यासँगै विभिन्न व्यवस्थालाई नेपालको कानुनले समेटन सकेको देखिँदैन। भ्रष्टाचार, लागुऔषध, सम्पत्ति शुद्धीकरण, वन्यजन्तु तथा लोपोन्मुख जीवजन्तुको ओसारपसार, मानव बेचबिखनजस्ता क्षेत्रमा भइरहेका संगठित अपराधमा प्रभावकारी अनुसन्धान र अभियोजन सुनिश्चित हुन सकेको देखिँदैन। यससम्बन्धी अभियोजन र न्यायिक निर्णयको सफलता दर पनि कम रहेको देखिन्छ। लापरबाही वा हेलचेक्राइँ गरेर गरेको कार्यलाई भ्रष्टाचारजन्य कसुरमा समेटन नसक्दा हाम्रो विकास निर्माण र ठेक्कापट्टाको गुणस्तर र सम्पन्नतामा कैयन् प्रश्न उठेका छन्।

सार्वजनिक खरिद वा सरकारी वा सार्वजनिक सम्पत्तिको उत्खनन वा लागत इस्टिमेट गर्दा वा भाडा वा ठेक्का



वा करारमा लगाउँदा वा बिक्री गर्दा खराब नियतले वा हेलचेक्राइँपूर्वक धरौटी वा जमानत नराखी सम्झौता गरेको कार्यलाई समेत भ्रष्टाचारजन्य कार्यमा समेटन नसक्दा सार्वजनिक खरिद र सार्वजनिक सम्पत्तिको क्षेत्रमा अनुशासन कायम गर्न सकिएको छैन। आयोजनाको सम्भाव्यता अध्ययन गर्दा वा विस्तृत परियोजना प्रतिवेदन वा 'नर्म्स' तयार गर्दा सम्बन्धित स्थानमा नगई वा नापजाँच नगरी अनुमानका भरमा गरेको कार्य बढ्दै गएको अवस्थाले परियोजनाको डिपिआर प्रणाली कमजोर भएको देखिन्छ। यस्ता कार्यलाई भ्रष्टाचारको परिभाषामा समेटन सक्ने हो भने परियोजना व्यवस्थापनको सुदृढीकरणमा नयाँ आयाम थपिने देखिन्छ।

> राजस्व चुहावटमा संलग्न राष्ट्रसेवकलाई भ्रष्टाचारको मुद्दा दायर गर्न सकिने प्रचलित कानुनमा व्यवस्था रहेको भए पनि गैरराष्ट्रसेवक वा त्यस्ता कार्यमा संलग्न अन्य गिरोहले गरेका कार्यलाई यसमा समेटन नसक्नु भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि २००३ को विपरीत हो

राजस्व चुहावटमा संलग्न राष्ट्रसेवकलाई भ्रष्टाचारको मुद्दा दायर गर्न सकिने प्रचलित कानुनमा व्यवस्था रहे पनि गैरराष्ट्रसेवक वा त्यस्ता कार्यमा संलग्न अन्य गिरोहले गरेको कार्यलाई यसमा समेटन नसक्नु भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि २००३ को विपरीत देखिन्छ। यसतर्फ कानुन बनाउन ढिलाइ गर्नुहुँदैन। यस्तै विदेशी सहयोग वा अनुदानमा काम गर्ने गैरसरकारी संस्थामा भएका भ्रष्टाचारलाई पनि भ्रष्टाचारको कसुरमा समेटिनुपर्ने अवस्था विद्यमान देखिन्छ। भ्रष्टाचारलाई फौजदारी कसुरका रूपमा लिइने हुँदा कानुनले अपराध घोषित गरेका विषयमा मात्रै सजाय गर्न मिल्छ। तर, उल्लिखित अवस्था हेर्दा नेपालको भ्रष्टाचारका क्षेत्रमा विभिन्न कसुर कायम गर्नुपर्ने अवस्थालाई हामीले गम्भीरतापूर्वक लिन सकेको देखिँदैन। निजी क्षेत्रमा हुने भ्रष्टाचारको विषय पनि यस्तै गम्भीरतापूर्वक विमर्श गर्न नसकिएको घरेलु विषय हो।

सामयिक ऐन आवश्यक पर्नुको कारण : कानुनको सम्मान गर्ने र कानुन कार्यान्वयन सबैका लागि समान रूपमा हुने वातावरण निर्माण नगरी कानुनी शासन साँचो अर्थमा स्थापित हुन सक्दैन। दण्डहीनता अन्त्यका लागि उपलब्ध कानुनको प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ। कानुन कार्यान्वयनमा देखा पर्ने फितलो अवस्थाले कानुनी शासनको कमजोर अवस्थालाई प्रतिबिम्बित गर्ने हुँदा सम्बद्ध विषयमा कानुनको प्रचुरता र उपलब्ध कानुनको प्रभावकारी कार्यान्वयनले मात्रै राज्यको प्रभावकारिता सुनिश्चित गर्छ। भ्रष्टाचार नियन्त्रण र सुशासन अवलम्बनका लागि यस्तो प्रभावकारिताको सुनिश्चितता आवश्यक हुन्छ। अन्तर्राष्ट्रिय कानुनले गरेको कसुरको अनुसन्धानमा प्रमाण संकलनसमेतको दृष्टिकोणबाट लामो हदम्यादको व्यवस्था गर्नुपर्ने तथ्यलाई हामीले जोड दिए पनि यस सम्बन्धमा पर्याप्त बहस हुन सकेको पाइँदैन। कसुरबाट प्राप्त सम्पत्ति रोक्का, जफत वा बरामद गर्ने सम्बन्धमा कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० लगायतका ऐन कार्यान्वयनमा आए पनि यसको प्रभावकारितालाई केन्द्रमा राखी कार्यसम्पादन भएको पाइँदैन। विशेषगरी अनुसन्धान गर्दा बैंकिङ, व्यापारिक वा वित्तीय अभिलेख प्राप्त गर्ने वा खाता रोक्का राख्न सकिने कार्यको क्षेत्रमा यसको गम्भीरतालाई खास मनन गर्न सकिएको छैन।

साक्षी, विशेषज्ञ वा पीडितको सुरक्षाका लागि बयान वा कागज गर्दा श्रव्यदृश्यका साधन वा प्रविधिका माध्यमबाट गराउन सकिने संहिताजन्य कानुन तथा प्रमाण ऐन, २०३१ को व्यवस्थालाई व्यवहारमा आत्मसात् गर्ने पूर्वाधार विकास गर्न सकिएको छैन। साक्षी, विशेषज्ञ वा पीडितको सुरक्षाका लागि अनुसन्धानमै व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने सम्बन्धमा भएका कानुनी व्यवस्थासमेत अपर्याप्त छन्। उजुरकर्ताको सुरक्षा गर्नुपर्ने सम्बन्धमा भएका कानुनी र संस्थागत व्यवस्था भरपर्दा छैनन्। अनुसन्धान र अभियोजन गर्ने निकायको स्वतन्त्रता, स्वायत्तता, प्रभावकारिता हासिल गर्ने कानुनी र संस्थागत व्यवस्थामा उठेका प्रश्नलाई सम्बोधन गर्न सकेको देखिँदैन।

अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन पक्ष राज्यबीच पारस्परिक कानुनी सहायता र सपुर्दगी सन्धि गर्न सकिने तथा सोही आधारमा विदेशमा संकलन गरिएको प्रमाण प्राप्त गर्ने, प्रमाणमा लगाउने, मान्यता दिने कार्यलाई लामो समयदेखि जोड दिइए पनि यसको प्रभावकारिता सम्बन्धमा सरोकारवालाको ध्यान केन्द्रित हुन सकेको छैन। विश्वव्यापीकरण, सूचना प्रविधिको तीव्र विकास, नेपालको सामरिक अवस्था तथा खुला सिमानाका कारण बढ्दो अपराध नियन्त्रणका दृष्टिले समेत यसतर्फ आवाज उठेको लामो समय भइसकेको छ। तथापि यसले सार्थकता पाउन नसक्दा हाम्रो शासनप्रणालीको दुर्भाग्यपूर्ण अवस्था प्रतिबिम्बित भइरहेको छ।

निष्कर्ष : सार्वजनिक क्षेत्रको सुशासन अभिवृद्धिका लागि विशेष अनुसन्धान प्रविधिका रूपमा नियन्त्रित आपूर्तिको समुचित प्रयोग, विद्युतीय वा अन्य सुराकी र गुप्त कारबाहीबाट प्रमाण संकलन गर्न सक्ने अन्तर्राष्ट्रिय प्रबन्धको सुदृढीकरणलाई देशको बहुपक्षीय सुरक्षा व्यवस्थापनसँग जोडेर हेर्न हाम्रो ध्यान केन्द्रित हुन सकेको छैन। विभिन्न अपराधमा नयाँ प्रकारका पद्धति र प्रवृत्ति विकसित हुँदै जाँदा त्यसलाई समेटेर हाम्रा ऐनकानुनमा उचित समायोजन गरिनु आवश्यक देखिन्छ। प्रत्येक राज्यले प्रमाण संकलन र अनुसन्धानमूलक पद्धतिको उपयोगितालगायत विभिन्न अपराध नियन्त्रण गर्न विशेषगरी भ्रष्टाचार र संगठित अपराधजन्य कसुरको अनुसन्धान गर्न प्रभावकारी उपाय अपनाई तालिम र प्राविधिक सहायता उपलब्ध गराउनुपर्ने पक्षमा समेत हाम्रो कानुन निर्माण र त्यस्ता कार्यमा सहभागिता सबलीकरण गर्नुपर्ने देखिन्छ।

(बस्ताकोटी न्यायपरिषद् सचिवालयका उपसचिव हुन्)

---

३ प्रश्न

परराष्ट्र मामिलाविद् **डा. दिनेश भट्टराई**लाई



कतारी राजाको राजकीय भ्रमणलाई कसरी हेर्नुभएको छ ?

अरब देशबाट राष्ट्राध्यक्ष तहमा भएको यो नै पहिलो भ्रमण हो। कतार र हाम्रो सम्बन्ध निकै महत्त्वपूर्ण छ। झन्डै चार लाख नेपाली युवा कतार निर्माणमा कार्यरत छन्। तिनको सुरक्षा, कल्याण र रोजगारीका विषयमा पनि आफ्ना धारणा राख्ने उपयुक्त अवसर हो यो। यो भ्रमण दुई देशबीचको सुमधुर सम्बन्धलाई थप सहजीकरण गर्ने अवसर पनि हो। कतारले यतिखेर सबैका लागि स्वीकार्य हुने किसिमको शान्त कूटनीति अपनाइरहेको छ। इजरायलमा हमासको आक्रमणपछि हाम्रा विपिन जोशी हमासको नियन्त्रणमा छन्। यसमा प्रधानमन्त्री प्रचण्डले कुरा उठाउने त बताइसक्नुभएको छ। उनको रिहाइका लागि कतारको ध्यानाकर्षण गराउने सुनौलो अवसर पनि हो यो भ्रमण। कतारी लगानी भित्र्याउने मौका पनि हो यो।

कतारले यो स्तरमा भ्रमण गर्नुको उद्देश्य के हुन सक्छ ?

यसलाई कतारले हाम्रो मित्रता या सम्बन्धलाई विशेष महत्त्व दिएको रूपमा पनि बुझ्न सकिन्छ। कतारले यतिखेर 'गो विट्विन' को भूमिका निर्वाह गरिरहेको छ। आफ्नो देशमा ठुलाठुला अन्तर्राष्ट्रिय सभा, सम्मेलन पनि गरिरहेको छ। उसले आफ्नो त्यही भूमिकालाई थप मजबुत बनाउन साना राष्ट्रहरूको पनि सद्भाव लिन खोजेको हुन सक्छ।

यस भ्रमणका लागि हाम्रो तयारीचाहिँ कस्तो देखिन्छ ?

यो स्तरको भ्रमणमा जेजस्तो तयारी हुनुपर्ने थियो, त्यो हुन नसकेको जस्तो देखिन्छ, बाहिरबाट हेर्दा। तर, जेजस्ता कमी कमजोरी भएका भए पनि भ्रमणलाई फलदायी बनाउन सक्दो कोसिस गर्नुपर्छ।

प्रेरक प्रसंग

दुस्मनको सेवा

कुनै वेला अमेरिकामा दासदासी राख्न पाउने चलन थियो। त्यहाँका धनीमानीले बजारबाट दासदासी किनेर राख्न पाउने व्यवस्था कायम थियो। त्यसै समयमा एकजना धनी मानिसले बेन्कर नामको एउटा अत्यन्त मेहिनेती दास किनेर घरमा ल्याए। बेन्कर निकै परिश्रमी थिए। उनी काममा कहिल्यै ढिलासुस्ती गर्दैनथे। मालिकको सेवा गर्नुलाई आफ्नो धर्म मान्थे। त्यसैले उनका यस्ता गुणबाट मालिक पनि सन्तुष्ट थिए।

एक दिन बेन्कर आफ्नो मालिकसँगै त्यो स्थानमा गए जहाँ गरिब मानिस जनावरसरी दासका रुपमा बिक्थे। त्यहाँ दासदासी खरिद-बिक्री गर्ने हाटबजार नै लाग्थ्यो। त्यहाँ पुगेपछि बेन्करले एउटा बूढो दासलाई देखाउँदै तिनलाई किन्न आफ्ना मालिकलाई अनुरोध गरे। उनको कामबाट अत्यन्तै प्रभावित मालिकले सो आग्रह टार्न नसकी त्यो दास किनेर घर लगे।

त्यो बूढो दास पाएपछि बेन्कर पनि अत्यन्तै प्रसन्न भए। उनी ती बूढा दासको मन लगाएर सेवा गर्थे। उनका हरेक क्रियाकलापमा चासो दिइरहेका मालिकलाई उनको व्यवहार देख्दा अचम्म लाग्यो। एक दिन यसबारे बेन्करलाई सोधे- तिमीले ती बूढा दासको त्यसरी मालिकलाई जस्तै गरी सेवा गर्नुको कारण के हो ? कतै ती दास तिम्रा आफन्त त होइनन् ? मालिकको प्रश्न सुनेपछि बेन्करले जवाफ दिए- यी बूढा दास मेरा कुनै नातेदार होइनन्, न त कुनै साथी नै हुन्। बरु यिनी मेरा सबैभन्दा ठूला शत्रु हुन्। बाल्यकालमा यिनैले मलाई दासका रूपमा बेचेका थिए। पछि आफैँ समातिए र दास बनाइए। मैले उनलाई एक दिन बजार जाँदा चिनेको थिएँ। मेरी आमाले मलाई भन्नुभएको थियो, यदि शत्रु नांगो छ भने उसलाई लुगा देऊ, भोको छ भने खाना खुवाऊ, प्यासी छ भने पानी पिलाऊ। यसैकारण म उनको सेवा गर्दै छु। म आफ्नी आमाले दिएको शिक्षा र मार्गदर्शनमा अघि बढिरहेको छु हजुर।' बेन्करको यस्तो जवाफ सुनेपछि ती मालिकले बेन्करलाई अँगालो हाले र तत्काल उनलाई स्वतन्त्र गरिदिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

किसानलाई क्षतिपूर्ति देऊ

बारामा तीन हजार हेक्टरभन्दा बढी जमिनमा लगाइएको मकै बालीमा दाना नै नलागेको समाचार पढ्दा दुःख लाग्यो। किसानका लागि उसको उत्पादन नै सबैभन्दा ठूलो सम्पत्ति हो। तर, तिनै किसानले यसरी दुःखसाथ लगाएको खेतीमा जब दाना नै लाग्दैन भने त्योभन्दा ठूलो दुःखको विषय अर्को के नै हुन सक्छ र ? यसरी मकैमा दाना नलाग्नुको मुख्य कारण गलत बिउ पर्नु हुन सक्छ। यसबारे सरकारले छानबिन गरी जिम्मेवारमाथि कारबाहीको डन्डा बर्साउन ढिलो गर्नुहुँदैन। साथै, पीडित किसानलाई क्षतिपूर्ति दिएर देशको गरिब जनताका लागि समेत राज्य भएको अनुभूति गराउन सक्नुपर्छ।

● **अपूर्व स्याङ्तान**, टाँडी, चितवन

राजाको भ्रमणबाट लाभ उठाऔँ

मध्यपूर्वी देश कतारको राजा पहिलोपल्ट नेपालको औपचारिक भ्रमणमा आएका छन्। यतिखेर कतार मध्यपूर्वको एक बलियो र भूराजनीतिक हिसाबले महत्त्वपूर्ण देश बनेको छ। यस्तोमा कतारी राजाको औपचारिक भ्रमणबाट हामीले अधिकतम लाभ उठाउन सक्नुपर्छ। नेपालबाट लाखौँ नेपाली युवा रोजगारीका लागि कतार पुगिरहेका छन्। तिनको सुरक्षामा नेपाल सरकारले पहल गर्न सक्नुपर्छ। साथै, हमासको आक्रमणमा परेर बेपत्ता भएका विपिन जोशीको रिहाइका लागि पनि विशेष पहल गर्न जरुरी छ।

● **पूर्णिमा महतो**
लाहान, सिराहा

होला त एकता ?

प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीले एउटै मञ्चबाट सहमतिसाथ निकट सहकार्य गर्दै एकता गर्ने दाबी गरेको समाचार पढ्न र सुन्न पाइयो। एकताको विषयमा नेताहरूको भाषण सुन्नमा जति रमाइलो लाग्छ, यथार्थ भने बिल्कुलै भिन्न छ। अहिले एकताको रट लगाइरहेका नेताहरू विगतमा पार्टी एक हुँदा भने फुट्न चटारिएको हामीले नदेखेका होइनौं। त्यसैले, भविष्यमा पुनः फुटेको समाचार पढ्नुभन्दा त बरु अहिले नै एकताको पहल नगरेकै राम्रो हुन्छ है !

● **गोविन्द विक**
बगर, पोखरा

रोकिएला त शिक्षामा राजनीति ?

शिक्षालाई राजनीतिबाट मुक्त गर्न शिक्षामन्त्री सुमना श्रेष्ठले गरेको प्रयासलाई बहुसंख्यक नेपालीले सराहना गरेका छन्। उनले गरेको कार्यलाई हालै एक सञ्चार माध्यमले सर्वेक्षण गर्दा ७२ प्रतिशत नेपालीले समर्थन गरेको तथ्यांक प्राप्त भएको छ। जसलाई उनलाई कुर्सीबाट हटाउन सक्छौं भनेर धम्की दिने शिक्षक संघ-संगठनका नेताले बुझ्न जरुरी छ। शिक्षामन्त्री श्रेष्ठले सरकारी तलब खाने शिक्षकले राजनीति गर्न नहुने, दलको सदस्यता लिन नहुने र त्यसरी लिएको भए कारबाहीको भागीदार हुनुपर्ने भन्दै ७७ जिल्लामै निर्देशन पठाएकी छिन्। उनी यसमा सफल भएमा वास्तवमै नेपालको शिक्षाको गुणस्तरमा सुधार हुन सक्छ। यसर्थ, उनको काममा नागरिकस्तरसँगै राजनीतिक दलहरूले पनि साथ दिनुपर्छ।

सधैं शिक्षकलाई पछि लगाएर राजनीति गर्छु भन्ने पार्टी र पार्टीमार्फत आफ्नो व्यक्तिगत स्वार्थ सिद्ध गर्छु भन्ने शिक्षक, सबैले अब फरक ढंगले सोच्ने वेला आएको छ। जनभावना के छ र नेता तथा राजनीतिक पार्टीले के गरिरहेका छन् ? त्यसबारे बेलैमा ठन्डा दिमागले नसोच्ने हो भने त्यस्ता पार्टी र नेतालाई जनताले चुनावबाटै पाखा लगाइदिन्छन्। मन्त्री श्रेष्ठले गरेको कार्य नयाँ होइन। पहिल्यैदेखि कानुनमा यो लेखिएको छ। तथापि उनले कारबाही गर्छु भनेर देखाएको साहस र कानुनमा लेखेको कुरालाई व्यवहारमा कार्यान्वयन गर्छु भन्ने प्रयास भने पहिलो हो। त्यसैले, शिक्षामन्त्री श्रेष्ठको यस कदमको सबैले समर्थन गरौं।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

मंगलसूत्रको सहारा लिइरहेका मोदी

सत्ता पुनः प्राप्त गर्ने प्रयासमा मोदीले खुला एवं विभाजनकारी इस्लामद्वेषी बयानबाजीलाई प्रयोग गर्ने रणनीति लागू गरेका छन्



देश / विदेश

● कविता कृष्णन

प्रधानमन्त्री नरेन्द्र मोदीले अहिले मंगलसूत्रको सहारा लिइरहेका छन्। के उनी म डुब्दै छु भनेर भयग्रस्त भएका हुन् ? कंग्रेसको घोषणापत्रमा गरिब, वञ्चित र बेरोजगारका लागि सामाजिक-आर्थिक न्याय र समावेशीकरणको प्रस्ताव गरिएको छ। यसलाई लिएर प्रधानमन्त्रीको प्रतिक्रिया सार्वजनिक शौचालयको भित्ताको अश्लील लेखाइभन्दा तल्लो स्तरको छ। उनको प्रतिक्रिया भय सञ्चारका दुई ठूला विषयमा केन्द्रित छन्- 'मुसलमान तिमी र तिम्रा महिलाको अस्मिता लुट्न आउँदै छन्!' कंग्रेस पार्टीको घोषणापत्रको यो विकृत व्याख्या एकदमै बेतुके छ, यहाँसम्म कि मोदीभक्तले पनि यो विश्लेषणलाई सजिलै पचाउन सक्दैनन्।

आर्थिक एवं सामाजिक हितको विषय उनका लागि यति डरलाग्दा किन भए ? किन उनले यति घृणित जवाफ दिनुपऱ्यो ? के उनले आफ्ना दुई कार्यकालमा यी क्षेत्रमा भएका उपलब्धिका प्रमाणको खोजी गर्दा केही पनि फेला नपारेका हुन् ? भिडियोमा विपक्षीले मासु खाएको देख्दा प्रधानमन्त्रीले 'मुगल मानसिकता' भएको आरोप लगाएका छन्। त्यसपछि उनले कंग्रेसको घोषणापत्रमा मुस्लिम लिगको मोहर लागेको बताएका थिए। उनले घोषणापत्रमा माओवादी/अर्बन नक्सलको मोहर लगाइएको पनि बताए, जसबाट प्रभावित भएर कंग्रेसले जनताको सम्पत्ति लुट्ने र मुसलमानलाई सुम्पने योजना बनाएको छ भन्ने आरोपसमेत लगाए। र, अहिले उनले कंग्रेसले मंगलसूत्र (हिन्दू परम्पराअनुसार विवाहित नारीत्वको प्रतीक भएको पवित्र धागो वा माला) लाई पनि छोड्नेछैन भन्ने अभिव्यक्ति दिएका छन्। उनको भाषणको सार कंग्रेसले हिन्दू महिलाको घाँटीबाट मंगलसूत्र खोस्नेछ भन्ने थियो। उनकै भाषामा 'के तपाईं आफ्नो मंगलसूत्र यी 'धेरै सन्तान जन्माउने' 'घुसपैठिया'लाई हस्तान्तरण गर्न चाहनुहुन्छ ?' उनले गरेको भाषणको चिरफार गरी हेर्दौं।

२०औँ शताब्दीको सिनेमाको कथामा मंगलसूत्र हिन्दू असल पत्नीलाई विधवा वा चरित्रबाट च्युत हुनबाट रोक्ने एक अनिश्चित सुरक्षाकवच अथवा हिन्दू नारीलाई जोगाउने र अपमानबाट सभ्य घरेलुपनमा उकास्ने प्रतीकका रूपमा बुझिन्थ्यो। यद्यपि २१औँ शताब्दीमा मंगलसूत्र (वा एक चुट्की सिन्दुर) केही हदसम्म पुरातन प्रतीकका रूपमा विकसित भइसकेको छ। यसलाई हालको समयमा एक सामान्य ठट्टा वा व्यंग्यका रूपमा मात्रै प्रयोग गरिन्छ।

तर, प्रधानमन्त्रीले योभन्दा पनि धेरै विचलित पार्ने काम गरेका छन्। उनले मुसलमानलाई मंगलसूत्रविरोधीका रूपमा परिचय गराएका छन्। यो स्पष्ट छ कि उनले लोककल्याण र पुनर्वितरणमा केन्द्रित कंग्रेस नीतिले महिलालाई तिनको सबैभन्दा व्यक्तिगत र प्यारो गहनाको अधिकार पनि गुमाउन बाध्य पार्नेछ भन्ने कमजोर तर्कलाई इमानदारीपूर्वक प्रस्तुत गरेका छैनन्। 'कंग्रेसले मंगलसूत्र खोस्दै छ' भन्नु मुसलमानले हिन्दू नारीत्वको पवित्रता नष्ट गर्दै छन् भन्नु हो। वर्तमान गृहमन्त्री अमित शाहले उत्तर प्रदेशमा सन् २०१३ को चुनावी भाषणमा मुसलमानलाई संकेत गर्दै 'जसले हाम्रा दिदीबहिनी र छोरीचेलीको इज्जत लुट्छन्' भनेका थिए। अमित शाहको यो अभिव्यक्तिलाई मोदीको मंगलसूत्रवाला अभिव्यक्तिसँग तुलना गर्न सकिन्छ। मोदीले मुसलमानलाई उल्लेख गर्न 'धेरै बच्चा जन्माउनेहरू' भन्ने द्वेषी अभिव्यक्ति पहिलोपटक प्रयोग गरेका होइनन्। गुजरातको मुख्यमन्त्रीका रूपमा मोदीले सन् २००२ मा दंगापछिको चुनावी भाषणमा 'तीव्र गतिमा जनसंख्या वृद्धि गर्नेले पाठ सिक्नुपर्ने हुन्छ' भनेका थिए। उनले दंगाबाट विस्थापित मुसलमानका लागि बनाइएको



तस्बिर : द क्विन्ट

राहत शिविरलाई 'बच्चा उत्पादन केन्द्र'को संज्ञा दिएका थिए। 'हम पाँच, हमरे २५ (हामी पाँच र हाम्रा २५)' भन्ने खिसीट्युरी गर्दै उनले मुसलमानमा बहुविवाहका कारण तिनमा छिटो प्रजनन हुने जनाएका थिए। भारतीय जनता पार्टी (भाजपा) का नेता स्वभावतः मुसलमानलाई गैरभारतीय देख्छन्। अमित साहले सिएए कानुनले मुसलमानलाई छुटाएपछि भाजपाले मुलुकलाई सिध्याइरहेका 'घमिरा'रूपी 'घुसपैठिया'लाई बंगालको खाडीमा मिल्काउने अभिव्यक्ति दिएका थिए। 'अर्बन नक्सल' भाजपाले सामाजिक र आर्थिक न्याय एवं मानवअधिकारको खोजी गर्ने बुद्धिजीवी, विद्यार्थी र अभियन्ता वास्तवमा देशद्रोही एवं आतंकवादी हुन् भनेर प्रयोग गरेको शब्दावली हो।

मोदीको बढ्दो भड्काउ स्वरले उनको बढ्दो असुरक्षालाई प्रकट गर्छ। बेरोजगारी र मुद्रास्फीति सन् २०२४ मा प्रमुख चिन्ताका रूपमा रहेको छ। बाँच्नका लागि धेरैले सामना गर्नुपरेको कठिनाइ र मोदीका साझेदारले देखाएको उल्लेखनीय सम्पत्तिबीचको स्पष्ट असमानता मतदाताका लागि अविस्मरणीय भएका छन्। त्यतिवेला विशेषतः जब मिडिया र सामाजिक सञ्जालका मञ्च भव्य अपव्ययका छविले भरिएका छन्, उदाहरणका लागि अम्बानीको उत्तराधिकारीको इंगेजमेन्ट उत्सवलाई लिन सकिन्छ। इडी-इलेक्टोरल बन्डको जबर्जस्ती असुलीको 'कालक्रम'लाई एक बालकले समेत सहजै बुझ्न सक्छ। इडी संरक्षण धन्धामा एक ढाँचा देखिन्छ, जहाँ धेरै विपक्षी राजनीतिज्ञले सम्भावित इडी भ्रष्टाचार आरोपको सामना गर्छन्। तर, ती आरोप भाजपामा सामेल भएपछि सहजै गायब हुने गर्छन्। यस्तो धन्धाको प्रतिरोध गर्नु भनेको तपाईंको पार्टीलाई आर्थिक पहुँचबाट वञ्चित हुनु वा आफूलाई जेल सजायका लागि निम्त्याउनु हो, चाहे तपाईं भारतको राजधानीको वर्तमान मुख्यमन्त्री नै किन नहुनुहोस्। प्रधानमन्त्रीले भाष्यमाथिको नियन्त्रण गुमाइसकेका छन्। सत्ता पुनः प्राप्त गर्ने प्रयासमा मोदीले खुला एवं विभाजनकारी इस्लामद्वेषी बयानबाजीलाई प्रयोग गर्ने रणनीति लागू गरेका छन्, जसलाई उनले 'गोदी मिडिया'ले भ्रामक रूपमा विस्तार गर्ने अपेक्षा गरेका छन्।

(कृष्णन महिला अधिकारकर्मी तथा अभियन्ता हुन्)
द क्विन्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इलाम २ को उपनिर्वाचनबारे के भन्छन् मुख्य प्रतिस्पर्धी चार उम्मेदवार ?

आगामी १५ वैशाखमा हुने उपनिर्वाचनको मिति नजिकिँदै जाँदा उम्मेदवारहरूको चुनावी अभियानको रफ्तार बढेको छ। राजनीतिक दल र स्वतन्त्रसहित १९ उम्मेदवार चुनावी मैदानमा छन्। एमालेका सुहाङ नेम्वाङ, काग्रेसका डम्बर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बू र पहिचानवादी समूहका तर्फबाट उम्मेदवार बनेका डकेन्द्रसिंह लिम्बूको बढी चर्चा छ। यी चार उम्मेदवारबीच नै प्रतिस्पर्धा हुने देखिन्छ। उपनिर्वाचनमा अघि सारेका एजेन्डा, घरदैलोका क्रममा मतदाताबाट पाएको प्रतिक्रियालगायतका विषयमा नयाँ पत्रिकाका ***चिरञ्जीवी धिमिरे***ले चारै उम्मेदवारलाई प्रश्न गरेका छन् :

अरूको दुष्प्रचार गरेर आफूलाई राम्रो देखाउने कुरामा विश्वास गर्दिनँ



इलाममा विकास नभएको भन्ने भाष्य गलत हो। बुबा जीवित हुँदा उहाँलाई 'सुवासले इलाममा धेरै बजेट लग्यो' भन्ने आक्षेप लाग्थ्यो। विकासका धेरै काम सुरु भए पनि केहीले प्राविधिक कारणले पूर्णता पाउन सकेनन्। यसलाई हामी पूर्णता दिन्छौं।

● **सुहाङ नेम्वाङ**, एमाले उम्मेदवार

चुनावी अभियान कस्तो भइरहेको छ ?

चुनावी अभियान एकदमै राम्रो भइरहेको छ। सबैले स्वागत गर्नुभएको छ। बुबासँगका कुरा सम्झँदै उहाँहरू भावुक हुनुहुन्छ र मेरो बुबालाई जुन प्रकारको माया दिनुभएको थियो मलाई र हाम्रो पार्टीलाई त्यही माया दिएर स्वागत गरिरहनुभएको छ। अहिलेसम्म यहाँका जनताको उत्साहजनक प्रतिक्रिया पाएको छु।

उपनिर्वाचनमा तपाईंका प्रमुख चुनावी एजेन्डा के हुन् ?

हामीले विकासका धेरै आधार र एजेन्डा अघि सारेका छौं। शिक्षा र स्वास्थ्यको विकास अपरिहार्य भनेका छौं। इलामलाई समृद्धितर्फ लान कृषि र पर्यटनलाई अघि बढाउनुपर्छ। विकासका यी आधारलाई पूर्णता दिन र अर्थतन्त्रलाई चलायमान बनाउन बाटो, पुलपुलेसाजस्ता पूर्वाधारको निर्माण गर्नैपर्छ।

विकासका आधारलाई पूर्णता दिन नीति निर्माणको कार्यभार हाम्रो काँधमा छ। जनताको हित र विकासका आयोजनालाई पूर्णता दिन हामी तत्पर भएर लाग्नुपर्छ। सुशासन, इमान र निष्ठालाई ध्यान दिइयो भने जनताका अपेक्षालाई साकार बनाउन सकिन्छ।

इलाम २ मा पटक-पटक एमालेले जित्दा पनि खासै विकास हुन नसकेको गुनासा पनि सुनिन्छन् नि ?

इलाममा विकास नभएको भन्ने भाष्य गलत हो। बुबा जीवित हुँदा उहाँलाई 'सुवासले इलाममा धेरै बजेट लग्यो' भन्ने आक्षेप लाग्थ्यो। विकास निर्माणका काममा केही कारणले ढिलासुस्ती भएको हो। विकासका धेरै काम सुरु भए पनि तिनले प्राविधिक कारणले पूर्णता पाउन सकेनन्। सुशासनमा कमजोरी भएका कारण यस्तो भएको हो। अब म कसैप्रति आँला उठाउन चाहन्नँ। न ठेकेदारलाई दोष दिन्छु, न अरूलाई नै। त्यसमा हामीले पनि आत्मसमीक्षा गर्नुपर्छ, किनकि हामीले ल्याएको बजेट राम्रोसँग सदुपयोग भयो कि भएन भन्ने निगरानी हामीले गर्नुपर्थ्यो भन्ने अहिले आएर लागेको छ। विकास निर्माणका कामको निगरानी वा चासो राख्नु हाम्रो कर्तव्य हो भन्ने लाग्छ। विकासलाई हेर्ने हो भने इलाममा जत्तिको विकास कतै पनि छैन। इलाममा जति बाटो अन्त खुलेका छैनन्। इलाममा जति पक्की पुल, झोलुंगे पुल निर्माणाधीन अवस्थामा छन्, त्यति अन्त कहीं पनि छैन होला। हिजोअस्तिसम्म जुन ठाउँमा बत्ती थिएन, त्यो ठाउँमा अहिले पर्याप्त बिजुली छ। शतप्रतिशत विद्युतीकरण गर्ने भनेर इलाममा बजेट हाम्रै पालामा आएको हो। यसले पूर्णता पाउन लागेको छ। पहाडमा पानीको समस्या हुन्छ। हामीले पानीको अभाव शून्यमा झार्न थुप्रा आयोजना ल्याएर त्यसलाई पनि पूर्णता दिन लागिपरिरहेका छौं। काम नै नभएको भन्नु अतिशयोक्ति हुन्छ। तर, छिटोछरितो रूपमा आयोजनाहरूले पूर्णता पाउन नसकेको भने हो। यसमा अलिअलि दोष हामीले लिनुपर्छ। यसलाई शिक्षाको रूपमा लिएर सुधार गर्दै अघि बढ्नुपर्छ। विकासका नयाँ आधारलाई प्राथमिकता दिएर अगाडि बढ्नुपर्छ।

मत मागन घरदैलो गर्दा मतदाताका कस्ता अपेक्षा पाउनुभयो ?

हाम्रा एजेन्डा लिएर घरघरमा जाँदा मतदाताले बाटोघाटो, पुलपुलेसा, रोजगारीका कुरा उठाइरहनुभएको छ। यसक्रममा मतदातासँग पारिवारिक सम्बन्ध बनेको छ। यो हार्दिकता निभाउन चुनावपछि पनि आइदेओस् भन्ने अपेक्षा मतदाताको हुँदो रहेछ। त्यसलाई सम्बोधन गर्नुपर्छ।

नयाँ दल र पहिचानवादी उम्मेदवारले पुराना दललाई चुनौती दिँदै छन् भनिँदै छ, तपाईंले कत्तिको चुनौती महसुस गर्नुभएको छ ?

पहिचानवादीको धर्मसंस्कृति, भाषाको प्रवर्द्धन गर्ने भन्ने जुन एजेन्डा छ, त्यो ठीक छ। तर, आफ्नो एजेन्डा प्रस्तुत गर्दा अरूलाई त्यसको विरोधी भनेर प्रचार गर्नुचाहिँ गलत हो। मचाहिँ यो वा त्यो पार्टी भन्दिनँ। कसैको दुष्प्रचार गरेर वा कसैलाई लाञ्छित गरेर आफूलाई राम्रो देखाउने कुरामा म विश्वास गर्दिनँ। आफूले इमानदारिता र निष्ठापूर्वक काम गरेर छवि बनाउने, जनताको मन जित्ने हो। आफ्नो एजेन्डा बोकेर जनतामा पुगेका छौं। जनताले मन पराउनुभयो भने हामीलाई अनुमोदित गरिहाल्नुहुन्छ।

केन्द्रको कागजी गठबन्धनले इलामको चुनावलाई असर गर्दैन



एमाले-माओवादी गठबन्धन कागजी रूपमा काठमाडौंमा भयो होला। तर, इलाममा चाहिँ माओवादी साथीहरूलाई हरेक सुखदुःखमा मैले नै साथ दिएको छु। माओवादी र अन्य पार्टीका साथीहरूसँग मेरो मन-मुटुको गठबन्धन छ।

● **डम्बर खड्का**, कांग्रेस उम्मेदवार

मतदानको मिति नजिकियो, चुनावी तयारी कस्तो छ ?

चुनावी अभियान चलिरहेको छ। ४२ वटै वडा मैले घुमिसकेको छु। चुनाव हारेर पनि मचाहिँ जनताको सेवामा जनताकै घरआँगनमै छु। यहाँका बासिन्दा मर्दापर्दा, विवाह, व्रतबन्ध हरेक कुरामा गाउँ गइरहेको हुन्छु। सुखदुःखमा म उहाँहरूसँगै हुने भएकाले मलाई केही सहज छ।

चुनावमा उम्मेदवारसँग जनताका गुनासा र अपेक्षा के पाउनुभयो ?



इलामको क्षेत्र नम्बर २ 'पूर्वको कर्णाली'का रूपमा चिनिन्छ। ०४८ पछिको निर्वाचनमा पटक-पटक निर्वाचित भएर जानेले खासै काम नगरेको मतदाताको गुनासो छ। जनताका अपेक्षा पनि छन्। बाटो, सिँचाइ, खानेपानी, विद्युत्, स्वास्थ्य चौकी, प्रहरी चौकीको माग राख्नुभएको छ। यी विकास निर्माणका मुद्दा पटक-पटक उठ्ने तर काम नहुने हुँदा जनताको विश्वास टुटेको पाएँ। अब तपाईं जानुस् है, हामीलाई तपाईंसँग विश्वास छ भन्नुभएको छ।

तपाईंको चुनावी एजेन्डा के छन् ?

विकास निर्माणलाई प्राथमिकता दिने मेरो एजेन्डा हो। बजेट अभावमा अधुरा बाटा निर्माण सम्पन्न गर्न बजेट निकासा गराउने, यो क्षेत्रका सबै वडामा एम्बुलेन्स तथा दमकल जान सक्ने ग्राभेल सडक बनाउने, हरेक पालिकाबाट सदरमुकाम आउने पक्की सडक निर्माण गर्ने, किसान, मजदुर, व्यवसायी, उद्योगपतिलगायतलाई प्रत्यक्ष राहत पुग्ने कार्य गर्ने मेरो प्रतिबद्धता छ। नयाँ बनाउनुपर्ने स्वास्थ्य चौकी, विद्यालय बनाउने र पुरानालाई जीर्णोद्धार गर्ने एजेन्डा छ। किसानलाई दूधको मूल्यका लागि पहल गर्ने, चिया बगानका मजदुरलाई परिश्रमिकका लागि आवाज उठाउने, बेरोजगारीका समस्या समाधानमा पहल गर्ने मेरो एजेन्डा छ।

यसअघिको निर्वाचनमा तपाईं एमाले उम्मेदवार सुवासचन्द्र नेम्बाङसँग झिनो मतले पराजित हुनुभयो। त्यो वेला माओवादी तपाईंसँग थियो, अहिले माओवादी एमालेको गठबन्धनसँग छ। यस्तो अवस्थामा चुनाव जित्न सकिएला ?

अहिलेको चुनाव र पहिलेको चुनाव फरक छ। गठबन्धनलाई जनताले देशव्यापी रूपमा स्वीकार गर्छन् जस्तो लाग्दैन। एमाले-माओवादी गठबन्धन कागजी रूपमा काठमाडौंमा भयो होला। तर, इलाममा चाहिँ माओवादी साथीहरूलाई हरेक सुखदुःखमा मैले नै साथ दिएको छु। हिजोको आन्दोलनमा उहाँहरूलाई दुःख दिँदा मैले छुटाउने काम गरेको छु। घाइतेलाई औषधि उपचारमा सहयोग गरेको छु। हिजो स्थानीय तह, प्रदेश र संघमा सँगै चुनाव लड्यौं। त्यसवेला माओवादीका साथीलाई एमालेले कुटपिट गर्न खोज्दा मैले संरक्षण गरेको छु। केन्द्रको अहिलेको कागजी गठबन्धनले इलामको चुनावलाई असर गर्दैन। त्यो गठबन्धनको अर्थ छैन। माओवादी र अन्य पार्टीका साथीहरूसँग मेरो मन-मुटुको गठबन्धन छ। यो गठबन्धन भविष्यसम्म पनि टुट्दैन।

रास्वपाका मिलन लिम्बू र पहिचानवादी उम्मेदवार डकेन्द्रसिंह लिम्बूको चुनौती कत्तिको छ ?

कांग्रेसको त पहिले कै बटमलाइन छ- द्वन्द्व मेटिने, पहिचान भेटिने। हामीले पहिचानको पक्षमा पहिलेदेखि नै बोल्दै आएका हौं। कांग्रेस चार जात ३६ वर्णको साझा फूलबारी हो। पहिचानवादीले आन्दोलन गर्दै गर्दा कांग्रेसका १४ वटै जिल्लाका सभापतिलाई इलाम बोलाएर नामांकनको विषयमा पुनर्विचार गरियोस् भनेर हामीले विज्ञप्ति नै निकालेर दबाब सिर्जना गरी केन्द्रमा पठायौं। केन्द्रले प्रदेश सरकारलाई भनेर तीनपटक वार्तासमेत भएको छ। सबै जातजाति, भाषाभाषीलाई कांग्रेसले मिलाएर लैजानुपर्छ भनेर हामीले भनेका छौं। पहिचानवादीको मागलाई पनि सम्बोधन गर्नुपर्छ। कांग्रेसले नै पहिचानवादीको माग पूरा गर्छ। एमाले र अन्य दलमा बसेका साथीहरूले पहिचानविरोधी काम गर्नुभएको छ। आन्दोलनमा दमन गर्नुभएको छ। प्रशासन लगाएर गोली चलाउने, कुटपिट गर्ने गर्नुभएको छ। एमालेले दमनकारी नीति लिने गरेको हो। त्यो कार्यविरुद्ध साथीहरू उत्रिनुभएको छ, उत्रिनु पनि पर्छ।

रास्वपाचाहिँ हल्ला गर्ने पार्टी हो। अरूलाई दोषी देख्ने, आफूले गल्ती गरेको नदेख्ने उसको नीति छ। साइबर हल्लाले चलेको पार्टी हो, यो। आफैं आफ्नो कुरा समाजिक सञ्जालमा हाल्ने, त्यसमा आफैं लाइक र कमेन्ट गर्ने गरेर होहल्ला मच्चाएको छ। इलाममा रास्वपाको केही असर छैन। हामीलाई असर गर्दैन।

इलाममा कांग्रेसभित्र नै एकमत छैन। कसरी निर्वाचन जित्नुहुन्छ ?

कांग्रेस अहिले एक ढिक्का छ। नेपालभरि नै कांग्रेसलाई एक ढिक्का बनाउने काम इलामको चुनावले गरेको छ। कांग्रेस राष्ट्र, लोकतन्त्र र नेपाली जनताको आशा र भरोसाका लागि एक हुँदै छ। इलामबाट भएको सुरुवात देशभर विस्तार भएर जान्छ। यसपटकको चुनावमा विगतका तीतामीठा अनुभवबाट पाठ सिकेर कांग्रेस एक ढिक्का भएर निर्वाचनमा होमिएको छ। पार्टीभित्र मतभिन्नता छैन।

इलामेली जनता यसपटक मत परिवर्तन गर्ने मुडमा हुनुहुन्छ



इलामेली जनतामाझ हामी के भनिरहेका छौं भने तपाईंहरू आ-आफ्नै पार्टी, संगठनमै बस्नुस्, तर तपाईं आबद्ध पार्टीलाई सच्याउन, सुधार्न र जनताप्रति उत्तरदायी बनाउन यसपटक तपाईंले मत परिवर्तन गर्नुस्। जनताको मुड पनि त्यस्तै छ।

● **मिलन लिम्बू**, रास्वपा उम्मेदवार

चुनावी तयारी कस्तो हुँदै छ ?

हामीले सोचेभन्दा राम्रो गरी चुनावी अभियानमा नेता, कार्यकर्ता तथा जनताहरूको सहभागिता भइरहेको छ। पुराना राजनीतिक शक्तिसँग वाक्क हुन पुगेका आमजनताको घरदैलोमा रास्वपाको प्रवेशले उनीहरूलाई निकै उत्साहित बनाएको छ। चुनाव, लोकतन्त्रको सबैभन्दा अनुपम अभ्यासमध्ये एक हो। यसपटक रास्वपाले इलाममा नयाँ इतिहास लेख्दै छ।

जनताका गुनासा र अपेक्षा के रहेछन् ?

इलामेली जनताका धेरै ठूला अपेक्षा छैनन्। उहाँहरू सामान्यभन्दा सामान्य आधारभूत आवश्यकता पूरा गराउनकै लागि विगतदेखि पुराना राजनीतिक शक्तिमा आस गरेर बस्नुभयो। दुःखसाथ भन्नुपर्छ उहाँहरूको त्यो अपेक्षा पुराना दलले पूरा गर्न सकेनन्। इलाम बाहिरबाट हेर्दा जति सुन्दर देखिन्छ, भित्रबाट त्यति सुन्दर बन्न सकेको छैन। सडक, खानेपानी, विद्युत्को सुविधा नहुँदा जनताले अझै पनि कष्टकर दैनिकी व्यहोर्नुपरिरहेको छ। उहाँहरूको गुनासो र अपेक्षा यसकै वरपर रहेको देखिन्छ।

तपाईंका प्रमुख चुनावी एजेन्डा के हुन् ?

मैले यो निर्वाचन लड्नका लागि आमजनता तथा शुभेच्छुकहरूसँग मुठीदानको आह्वान गरेको छु। निर्वाचन लड्नकै लागि कुनै व्यापारी, ठेकेदार तथा स्वार्थ समूहसँग आर्थिक सहयोग लिनेछैन भनेको छु। यो मैले किन भनेको भने भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने पहिलो दायित्व राजनीतिक व्यक्तिहरूकै हो। स्वार्थ समूहको पछि कुदेनु नपरोस् भन्नका खातिर मैले जनताबाटै सहयोग लिएर चुनावी खर्च चलाइरहेको छु। यो नै एउटा राजनीतिक एजेन्डा हो।

साथै मैले आफूलाई यो माटोको उम्मेदवार भनेको छु। माटोको उम्मेदवारले जनताकै घर आँगनबाट जनताकै आवाज बोल्ने हुनुपर्छ। यो मेरो दोस्रो राजनीतिक एजेन्डा हो। तेस्रो, मैले आफ्नो इमान डगमगाउन दिनेछैन। भोलिका दिन संसद्मा उभिएर बोल्दै गर्दा मैले जनताको आवाज उठाउनेछु भनेको छु। त्यससँगै २१औं शताब्दीमा सडक, खानेपानी, विद्युत्का लागि जनताले कसैको मुख ताक्न नपरोस् भन्ने एजेन्डा छ।

पुराना दलको संगठन तल्लो तहसम्म छ, तपाईंहरू भर्खरै संगठन विस्तारको क्रममा हुनुहुन्छ। यसबाट चुनावी अभियानमा कत्तिको समस्या भइरहेको छ ?

संगठन हुनु र नहुनु दुवैका आ-आफ्नै गुण-दोष छन्। गाउँको सबैभन्दा सानो एकाइसम्म पुग्ने गरी बनाइएको संगठनमा सांगठनिक बल मात्र छैन, त्यहाँ विवाद र सामूहिक भ्रष्टाचारको बिउ पनि सँगै रोपिएको छ। इलाममा रास्वपाको तल-तलसम्म संगठनको जालो नभएको सत्य हो। तर, रास्वपा संगठनमा भन्दा जनताको मनमा बस्न चाहन्छ। तपाईं जुनसुकै पार्टीमा संगठित भए पनि रास्वपाले तपाईंको मन जितेको छ भने तपाईंको मत रास्वपालाई खस्छ।

इलामेली जनतामाझ हामी के भनिरहेका छौं भने तपाईंहरू आ-आफ्नै पार्टी, संगठनमै बस्नुस्, तर तपाईं आबद्ध पार्टीलाई सच्याउन, सुधार्न र जनताप्रति उत्तरदायी बनाउन यसपटक तपाईंले मत परिवर्तन गर्नुस्। नेपाली कांग्रेस आजका दिनमा बिपीले निर्माण गरेको कांग्रेस बन्न सकेको छैन। पुष्पलाल, मदन भण्डारीले निर्माण गरेको कम्युनिस्ट आन्दोलन कम्युनिस्टजस्तै हुन सकेको छैन। के तपाईंहरू आफ्नो पार्टीलाई सुधार्न चाहनुहुन्न ? यदि तपाईंको जवाफ सकारात्मक छ भने तपाईंहरूले यसपटक घन्टीमा भोट हाल्नुपर्छ भनेका छौं। र, जनता यसपटक आफ्नो मत परिवर्तन गर्ने मुडमा हुनुहुन्छ।

मतदाताले विगतदेखि नै पुराना दललाई मत हाल्दै आएका छन्। तपाईंहरूले पुराना दललाई रोक्न गाह्रो हुन्छ भन्ने विश्लेषण पनि हुँदै आएको छ नि ?

मानिसको दिमागमा के चलिरहेको छ भन्ने बुझ्नका लागि आजसम्म त्यस्तो कुनै मेसिन बनेको छैन। विश्लेषण गर्नेहरूले के आधारमा विश्लेषण गर्नुभयो थाहा भएन। मलाई चाहिँ यसपटक इलामेली जनताले नयाँ इतिहास लेख्दै छन् भन्नेमा ढुक्क छ। नेपालको राजनीतिक इतिहासमा इलाम २ को निर्वाचन चिरकालसम्म स्मरणयोग्य हुँदै छ। इलामेली जनताको मत परिवर्तनको मुडबाट स्वाभाविक रूपमा नै पुराना राजनीतिक शक्ति र स्वार्थ समूह अत्तालिएका छन्।

जितेर गइसकेपछि गाउँ फर्कैनन् भन्ने मतदाताको गुनासो छ



हर्क साम्पाङ, बालेन साह जसरी निर्वाचित भएर आए, हाम्रो स्वरूप त्यही हो। त्यसले एउटा सन्देश दिएको छ। संगठन नभएको मान्छेले केही गर्न सक्दैन भन्ने कुरा गलत हो भनेर दरिलो सन्देश दिएको छ।

● **डकेन्द्रसिंह लिम्बू**, स्वतन्त्र उम्मेदवार

चुनावी तयारी कस्तो छ ?

चुनावी अभियान अपेक्षा अनुरुप चलिरहेको छ। मतदाताले राम्रो प्रतिक्रिया दिइरहनुभएको छ। यसअघि पार्टीबाट निर्वाचित भएर जानुभएका जनप्रतिनिधिबाट अपेक्षाकृत काम हुन नसकेपछि अब ती पार्टीबाट काम हुन नसक्ने जनताको बुझाइ छ। अब स्वतन्त्रबाट मात्र केही आशा गर्न सकिन्छ भन्ने जनताको निष्कर्ष पाएँ। यसैले अहिले माहोल राम्रो छ। धेरै ठाउँबाट निम्ता आइरहँदा मतदाताले निमन्त्रणा गरेको स्थानमा पुग्न हामीलाई भ्याउनसमेत गाह्रो भइरहेको छ।

जनताका गुनासा र अपेक्षा के रहेछन् ?

मतदाताको सबैभन्दा ठूलो गुनासो उम्मेदवार जितेर गएपछि गाउँ फर्कँदैनन् भन्ने छ। मतदाताले सडक, बिजुली, खानेपानीकै मुद्दा उठाएका छन्। बाटोचाहिँ बर्खामा पनि सहज रूपले हिँड्न सकियोस् भन्ने रहेछ। गाउँमा कृषिकर्म गर्ने धेरै छन्। तसर्थ, सिँचाइका कुरा पनि मतदाताले उठाइरहनुभएको छ।

चुनावमा तपाईंका एजेन्डा के हुन् ?

मैले पनि जनताको चाहना र आवश्यकताअनुसार कै एजेन्डा उठाएको छु। जनताको आवश्यकतालाई बुझेर तिनलाई पूरा गर्ने मेरो एजेन्डा हो। दिगो शान्ति, समृद्धि र विकासका कुरा उठाएको छु। पहिचान र अधिकारका कुरा उठाएको छु। म निर्वाचित भएँ भने आदिवासी नागरिकको भाषा, संस्कृति, पहिचान, इतिहासलाई रक्षा गर्छु भनेको छु।

दलहरूको संगठन गाउँ-गाउँसम्म छ, तपाईंको संगठन छैन। यस्तो अवस्थामा मतदातालाई आफूतिर तान्न कति सहज छ ?

संगठन नहुँदा तल्लो तहसम्म पुग्न एकदमै गाह्रो छ। तर, चुनावी माहोल जुन बनेको छ, त्यसले सन्तुष्ट बनाएको छ। सबै ठाउँमा आइदिनू हामी तपाईंलाई भोट दिँदै छौं भनिरहेका छन्। कांग्रेस, एमाले, माओवादीलगायत पार्टीका साथीहरूले समेत पार्टी आफ्नो ठाउँमा छ, भोटचाहिँ तपाईंलाई है भनेका छन्। संगठन हुँदा प्रचारमा सहजता हुन्थ्यो होला। कतिपय ठाउँमा पहिचानको आन्दोलनका क्रममा बनेका संघर्ष समितिलाई चुनावी प्रचारप्रसारमा खटाएका छौं। तर, त्यो पनि उस्तो ठूलो संगठन होइन।

मतदाताले तपाईंलाई नै किन जिताउने ? त्यसको आधार के हो ?

पुराना दलबाट चुनौती त छ नै। संगठन भनेको संगठन नै हुन्छ। त्यहाँ मान्छेले लामो योगदान दिएको हुन्छ। आस्था र संगठनबाट यताउति हुन गाह्रो नै हुन्छ। तर, उहाँहरूबाट पनि हामी आफ्नो आस्थालाई थाती राखेर तपाईंलाई गोप्य मतदान दिन सक्छौं भन्ने सन्देश आइरहेको छ। हर्क साम्पाङ, बालेन साह जसरी निर्वाचित भएर आए, हाम्रो स्वरूप त्यही हो। त्यसले एउटा सन्देश दिएको छ। हामीलाई सहज बनाएको छ। एकजना मान्छेको हो, उसको संगठन छैन। केही गर्न सक्दैन भन्ने कुरा गलत हो भनेर दरिलो सन्देश दिएको छ।

इलाम २ मा आदिवासी जनजाति मात्र मतदाता छैनन्, अरू समुदायका मतदाता पनि छन्। यस्तो अवस्थामा जातीय मुद्दा अघि बढाउँदा चुनाव जित्न गाह्रो हुँदैन ?

राई लिम्बूले पहिचानको कुरा उठाउँछन्, भोलि जातीय द्वन्द्व निम्त्याउँछन् भनेर पहिचानको मुद्दाबारे विपक्षीले एकदमै गलत प्रचार गरिरहेका छन्। एउटाको पहिचानको मुद्दा उठाउँदा अर्कोको पहिचान नामेट गर्ने भन्ने होइन। सबैको भावना, धर्म, संस्कृति र पहिचानको रक्षा गर्ने हो। पहिचान भनेको जातीय राजनीति हो भन्ने बुझाइ नै गलत छ। पहिचान भनेको सभ्यता, संस्कृति र इतिहास हो। सबैको भाषा, धर्म संस्कृतिलाई जोगाउनुपर्छ भन्ने हाम्रो मान्यता हो।

सात महिनादेखि रोकियो जलविद्युत् आयोजनाका लागि विस्फोटक पदार्थको आयात

विस्फोटक पदार्थ आयातको 'एनओसी' दिन भारतको आनाकानी, माग्न थाल्यो ऋण दिने बैंकको सेयरधनीसम्मको विवरण

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाली जलविद्युत् परियोजनालाई आवश्यक विस्फोटक पदार्थ आयातका लागि 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) दिन भारतले पुनः आनाकानी गरेको छ। पछिल्लो सात महिनायता भारतीय दूतावासले एनओसीका लागि थुप्रै परियोजनाका आवेदनलाई होल्ड गरेर राखेको प्रवर्द्धकले गुनासो गरेका छन्।

यसअघि पनि नेपालस्थित भारतीय दूतावासले माघ ०७९ देखि असार ०८० सम्म नेपाली जलविद्युत् परियोजनालाई विस्फोटक पदार्थको आयातका लागि एनओसी दिन आनाकानी गरेको थियो। साउन दोस्रो साताबाट दूतावासले एनओसी दिएको थियो। तर, पछिल्लो सात महिनायता भारतीय दूतावासले पुनः विस्फोटक पदार्थको 'एनओसी' नदिएको ऊर्जा व्यवसायीहरूले बताएका छन्।

सरकारी परियोजना २२ मेगावाटको रोल्वालिङले विस्फोट पदार्थ आयातका लागि एनओसी माग गर्दै ५ सेप्टेम्बरमा भारतीय दूतावासमा आवेदन दिएको थियो। तर, उक्त परियोजनाले अझै एनओसी पाउन सकेको छैन। यो परियोजनामा चिनियाँ निर्माण कम्पनी पनि आबद्ध छ।

यसैगरी, अर्को सरकारी परियोजना एक सय ४० मेगावाटको तनहुँ जलविद्युत्ले पनि गत अक्टोबरमा पुरानो एनओसीको नवीकरणका लागि भारतीय दूतावासमा आवेदन दिएको थियो। तर, दूतावासले अझै एनओसी नवीकरण गरेको छैन। तनहुँ परियोजनामा पनि चिनियाँ निर्माण कम्पनी आबद्ध छ। सम्भवतः चिनियाँ ठेकेदार भएका कारण भारतीय दूतावासले एनओसी नदिएको हुन सक्ने ऊर्जा व्यवसायीहरू बताउँछन्।

यसैगरी, कोरियन लगानीमा निर्माणाधीन दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली-१ ले पनि एनओसी पाउन सकेको छैन। उक्त परियोजनाले पनि गत नोभेम्बरमा भारतीय दूतावासमा आवेदन दिएको थियो।

निजी क्षेत्रबाट निर्माणाधीन ४५ मेगावाटको कसुवा खोलाले नोभेम्बरमा, ५६ मेगावाटको जुमखोलाले २०२३ डिसेम्बरमा, ४० मेगावाटको इसुवा खोला र ४० मेगावाटको अपर संखुवाखोलाले जनवरीमा, सुपर त्रिशूलीले अक्टोबरमा विस्फोटक पदार्थ आयातका लागि भारतीय दूतावासमा आवेदन दिएका छन्। यसैगरी, मेवाखोला, लिपिङखोला, न्यादी फिदी, तल्लो बलेफी, अपर खुदीलगायत आयोजनाले पनि पुरानो एनओसी नवीकरणका लागि भारतीय दूतावासमा आवेदन दिएका छन्। तर, दूतावासले अझै पनि उनीहरूलाई स्वीकृत दिएको छैन।



ऊर्जासचिव सुशीलचन्द्र तिवारी भन्छन्– जलविद्युत् आयोजनाका लागि आवश्यक विस्फोटक पदार्थ आयातमा भारतले आनाकानी गरेको विषयमा कुनै गुनासो आएको छैन। मलाई अहिलेसम्म कुनै जानकारी तथा गुनासो आएको छैन। ऊर्जा प्रवर्द्धकबाट सहजीकरण गर्नुपऱ्यो भनेर आएपछि आवश्यक सहजीकरण गर्न मन्त्रालय तयार छ नै।



नेपाली सेनाका सूचना अधिकारी गौरवकुमार केसी भन्छन्– सेनाले उत्पादन गरेको विस्फोटक पदार्थ भएका अवस्थामा जलविद्युत् परियोजनालाई नियमित रूपमा दिइरहेका छौं। तर, सेनाको उत्पादनले नेपालको माग नधान्ने हुँदा जलविद्युत् आयोजनाले आयात गर्नुपर्ने अवस्था रहेको छ। त्यसको ढुवानीमा नेपाली सेनाले सहजीकरणसमेत गर्ने गरेको छ।



इप्पानका अध्यक्ष गणेश कार्की भन्छन्– सेनाबाट पनि विस्फोटक पदार्थ सापटीका रूपमा लिन मिल्छ। तर, अहिले सेनाको उत्पादन हामीलाई सापटी दिन पुगेको छैन। त्यो अवस्थामा भारतीय विस्फोटक पदार्थमै हामी निर्भर हुनुपर्छ। तर, भारतीय दूतावासले सात महिनादेखि एनओसी दिन आनाकानी गरेको छ। भारतको चुनाव वा अन्य कारणले हो बुझ्न सकिएन।

पहिले दूतावासले आवेदन दिएको एक-डेढ महिनामा एनओसी दिने गर्थ्यो। तर, अहिले विनाकारण अस्वाभाविक रूपमा एनओसीको आवेदनलाई होल्ड गर्ने गरेको व्यवसायीहरूको गुनासो छ। दुई महिनाअघि मध्यभोटेकोशी र सुपर न्यादी-१ हाइड्रोपावरलगायत केही आयोजनाको एनओसी भने नवीकरण गरिएको छ। तर, नयाँ कुनै पनि एनओसीको स्वीकृति भने सात महिनादेखि दिइएको छैन। भारतले आफ्नो बजारमा विद्युत् बिक्री मामिलामा पनि कर्डा सर्त राखेको छ।

जलविद्युत् निर्माणका लागि चाहिने विस्फोटक पदार्थ नेपालमा उपलब्ध नभएको अवस्थामा भारतबाट ल्याउनुपर्छ। त्यसका लागि नेपालस्थित भारतीय दूतावासबाट 'नो अब्जेक्सन सर्टिफिकेट' लिनुपर्छ। त्यसपछि मात्रै भारतबाट विस्फोटक पदार्थ आयात गर्न पाइन्छ। तर, पछिल्लो समय दूतावासले त्यस्तो पत्र दिन आनाकानी गरेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले बताए। 'नेपाली सेनाबाट पनि विस्फोटक पदार्थ सापटीका रूपमा लिन मिल्छ। तर, अहिले सेनाको उत्पादनले हामीलाई सापटी दिन पुगेको छैन। त्यो अवस्थामा भारतीय विस्फोटक पदार्थमै हामी निर्भर हुनुपर्छ। तर, पछिल्लो समय भारतीय दूतावासले त्यसका लागि एनओसी दिन आनाकानी गरेको छ,' उनले भने, 'अहिले भारतमा आमचुनाव पनि चलिरहेको छ। त्यसकै कारणले एनओसी नदिएको हो या अन्य कारण हो, हामीले बुझ्न सकेका छैनौं। तर, अहिले एनओसी नपाएको अवस्था भने हो।'

इप्पानका वरिष्ठ उपाध्यक्ष बलाराम खतिवडाले पनि तीन महिनादेखि भारतीय दूतावासबाट एनओसी प्राप्त गर्न नसकेको बताए। 'एनओसी ठप्प नै भएको छैन। केही परियोजनाले बल्ल-बल्ल प्राप्त गरेका छन्। तर, दूतावासले थुप्रै परियोजनाका आवेदनलाई होल्ड गरेर राखेको छ,' उनले भने, 'मागेजति कागजपत्र बुझाउँदा पनि एनओसी प्राप्त गर्न सकिएको छैन।' दूतावासले पहिलाको भन्दा पनि अहिले बढी कागजपत्र र विवरण माग्ने गरेको छ। जलविद्युत् परियोजनामा चिनियाँ लगानी तथा निर्माण कम्पनी आबद्ध भएको अवस्थामा एनओसी पाउन नसकिने अवस्था आएको उनको भनाइ छ। 'दूतावासले एनओसीका लागि अनावश्यक रूपमा बढी कागजपत्र माग्ने गरेको छ। परियोजनामा कसको लगानी छ ? सेयरधनी को-को छन् ? निर्माण कम्पनी कुन र कहाँका हुन् ? कुन-कुन देशका मेसिन तथा सामग्री प्रयोग भएका छन् ? कुन बैंकको लगानी छ ? यी सबै जानकारी माग्ने गरेको छ,' उनले भने।

अहिले ९५ प्रतिशतभन्दा बढी निर्माणाधीन जलविद्युत् परियोजनामा विस्फोटक पदार्थ चाहिने गरेको छ। इप्पानका अनुसार ऊर्जा क्षेत्रलाई वार्षिक तीन हजार टन हाराहारीमा विस्फोटक पदार्थ चाहिन्छ।

यसअघि पनि भारतले ६ महिनासम्म विस्फोटक पदार्थ दिएको थिएन। अन्य समयमा पनि एनओसी दिन ढिलासुस्ती गरेको थियो। अहिले भने एनओसी दिने काम करिब ठप्पजस्तै छ। समाधानका लागि सरकारले तत्काल कूटनीतिक पहल अगाडि बढाउनुपर्ने इप्पान अध्यक्ष कार्की बताउँछन्। 'हामी आफैं पनि ऊर्जा मन्त्रालयलगायत सरोकारवाला निकायमा आवश्यक पहल गर्दै छौं। साथै, सरकारले पनि उचित समाधान निकाल्ने गरी कूटनीतिक पहल अगाडि बढाउनुपर्छ,' उनले भने, 'यसका अलावा जलविद्युत् परियोजनाको व्यावसायिक बिजुली उत्पादन मिति (आरसिओडी) मिति पनि थप्नुपर्छ।'

यता ऊर्जासचिव सुशीलचन्द्र तिवारीले यसबारे कुनै गुनासो नआएको बताए। 'यसबारे अहिलेसम्म कुनै जानकारी तथा गुनासो आएको छैन। ऊर्जा प्रवर्द्धकबाट सहजीकरण गर्नुपऱ्यो भनेर आएपछि आवश्यक सहजीकरण गर्न मन्त्रालय तयार छ नै। तर, अहिलेसम्म कुनै गुनासो आएको छैन,' उनले बताए।

नेपाली सेनाका सूचना अधिकारी गौरवकुमार केसीले सेनाले उत्पादन गरेको विस्फोटक पदार्थ भएका अवस्थामा जलविद्युत् परियोजनालाई नियमित रूपमा दिइरहेको बताए। तर, सेनाको उत्पादनले नेपालको माग नधान्ने हुँदा जलविद्युत् आयोजनाले आयात गर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ। त्यसको ढुवानीमा नेपाली सेनाले सहजीकरणसमेत गरेको उनले बताए।

'हाम्रो उत्पादन नियमित भइरहेको छ। तर, अहिले कच्चा पदार्थ आइनसकेकाले उत्पादनमा केही कमी आएको छ। २०-२५ दिनमा कच्चा पदार्थ आयो भने उत्पादन पनि बढ्छ। हामीसँग भएको अवस्थामा विस्फोट पदार्थ नियमित रूपमा जलविद्युत् आयोजनालाई उपलब्ध गराउँछौं,' उनले भने, 'तर, हाम्रो उत्पादनले स्वदेशी माग पूरा गर्दैन। तसर्थ, जलविद्युत् आयोजनाले यस्तो पदार्थको आयात पनि गर्नुपर्छ। त्यसको प्रक्रिया हामीसँग सम्बन्धित हुँदैन। तर, ढुवानीमा हाम्रो सहजीकरण भने हुन्छ।'

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

भन्सारमा थन्किएको एक वर्षपछि चिनियाँ मल काठमाडौंमा



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

गत वर्ष वैशाखमा चीनबाट आयात गरी तातोपानी भन्सारमा थन्किएको रासायनिक मल बल्ल काठमाडौं पठाउन सुरु गरिएको छ। कृषि सामग्री कम्पनीले ठेक्कामा दिएको सात लाख ३५ हजार बोरा मल गत साताबाट पठाउन सुरु गरिएको तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत दयानन्द केसीले जानकारी दिए। गोदाममा रहेको ३५ सय टन मलमध्ये १२ सय टन काठमाडौं पुगेको र २३ सय टन जाने क्रममा रहेको उनले बताए।

तातोपानी भन्सार कार्यालयका अनुसार एक सय ११ कन्टेनरबाट ०८० को वैशाख महिनाभर ल्याएको सात लाख ३५ हजार बोरा रासायनिक मल भन्सार यार्डभित्र गोदाममा थन्किएको थियो। रासायनिक मल गोदाममा थन्किँदा अन्य सामान लोड-अनलोड गर्न कठिनाइ परेको थियो। भूकम्पपछि तातोपानी नाकामा काम गर्दै आएको सिल्क कम्पनीअन्तर्गत रहेको सिल्क मार्केट प्रालिले चीनबाट मल आयात गरेको हो।

सिल्क मार्केट प्रालिले कृषि सामग्री कम्पनी लिमिटेडबाट आर्थिक वर्ष ०७९/८० मा मल आयात गर्ने ठेक्का पाएको थियो। तर, सम्झौताअनुसार सिल्क मार्केटले तोकिएको समयमा मल आयात गर्न नसकेपछि कृषि सामग्री कम्पनीले लिन मानेन। कम्पनीसँग भएको सम्झौताअनुसार मल बिक्री नभएपछि सिल्क मार्केटले भन्सारमै मल गोदाम गरेर कम्पनीसँग छलफल गरिरहेको थियो। सिल्क मार्केट र कृषि सामग्री कम्पनीबीच मूल्यमा सहमति भएपछि बल्ल मल काठमाडौं पठाउन थालिएको हो। कृषि सामग्री कम्पनीका प्रबन्धक निर्देशक विष्णुप्रसाद पोखरेलले मल ल्याउने समय आगामी १५ जेठसम्म रहेको हुँदा त्यतिवेलासम्म नल्याए कारबाही गर्ने बताए। उनले भने, 'रोकिएको मल ल्याउने सम्झौता भइसकेको छ, नल्याएमा हामी म्याद सकिएको भोलिपल्ट कारबाही गर्छौं।'

पाथीभरामा भरियाको प्रमाणीकरण गरिँदै

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको पाथीभरा क्षेत्रमा भरियाको काम गर्दै आएका स्थानीयलाई प्राथमिकतामा राखेर प्रमाणीकरण गरिने भएको छ। पाथीभरा क्षेत्रसँग जोडिएका फुङलिङ नगरपालिका-१० फुरुम्बु, ११ फावाखोला, फक्ताङलुङ गाउँपालिका-३ लिखिम, ५ तापेथोक र सिरिजंघा गाउँपालिका-३, सिकैचाका स्थानीय भरियाहरूलाई प्राथमिकतामा राखेर प्रमाणीकरण गरिने पाथीभरा क्षेत्र विकास समितिका निर्देशक प्रजिन हाङबाङले बताए। प्रमाणीकरण भएका जनशक्तिलाई समितिले परिचयपत्र उपलब्ध गराउने र उनीहरूले मात्र भरियाको काम गर्न पाउने व्यवस्था गर्न लागिएको उनको भनाइ छ।

भरियाको सुविधा लिन चाहने तीर्थयात्रीको सहजताका लागि प्रमाणीकरण गरिन लागिएको निर्देशक हाङबाङले बताए। प्रमाणीकरण भएका भरियामार्फत तीर्थयात्रीले सुविधा लिएमा उनीहरूको यात्रा सहज र भरपर्दो हुने निष्कर्षसहित पाथीभरा क्षेत्र विकास समितिको बैठकले भरियाको प्रमाणीकरण गर्नुपर्ने निर्णय गरेको बताइएको छ। पहिलो चरणमा सयजना भरिया प्रमाणीकरण गर्ने निर्णय भएको निर्देशक हाङबाङले बताए।

पाथीभरा क्षेत्रमा तीर्थयात्रीको भरियाको काम गर्दै आएका तीन सयजनाले आवेदन दिएको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ। पाथीभरा दर्शन गर्ने तीर्थयात्रीको चापका कारण प्रमाणीकरण तत्काल गर्न नसकिएको समितिका कार्यकारी निर्देशक हाङबाङले बताए। पाथीभरा दर्शनको मुख्य सिजन सकिएपछि समितिको कार्यविधिअनुसार भरियाको काम गर्ने जनशक्तिको प्रमाणीकरण गरी परिचयपत्र उपलब्ध गराइने उनको भनाइ छ।

भरियाले काफ्लेपाटीदेखि तीन हजार सात सय ९४ मिटरको उचाइमा रहेको पाथीभरा धामसम्म तीर्थयात्रीलाई सेवा दिँदै आएका छन्। उनीहरूले तीर्थयात्रीका सामानदेखि पदयात्रा गर्न (हिँड्न) नसक्ने तीर्थयात्रीलाई बोकेर भरियाको सुविधा दिने गरेका छन्।

लगानीसम्बन्धी ऐन संशोधनको निजी क्षेत्रबाट स्वागत

काठमाडौं/ लगानीमैत्री वातावरण बनाउन सरकारले नौवटा ऐन संशोधनको नेपाल उद्योग वाणिज्य महासंघले स्वागत गरेको छ। महासंघले विज्ञप्ति जारी गर्दै कुल गार्हस्थ्य उत्पादनको ०.२ प्रतिशत मात्रै विदेशी लगानी आइरहेको सन्दर्भमा यो सुधारले लगानीको वातावरण बन्ने विश्वास व्यक्त गरेको छ। नयाँ व्यवस्थाले वातावरणीय प्रभाव मूल्यांकन, हदबन्दीलगायत विषयलाई सम्बोधन गरेको विज्ञप्तिमा उल्लेख छ। प्रधानमन्त्री कार्यालयका तत्कालीन सचिव एकनारायण अर्यालको संयोजकत्वमा गठित नीतिगत सुधार कार्यदलको सुझावअनुरूप ऐन संशोधन भएको हो। विज्ञप्तिमा भनेको छ, 'अध्यादेशबाट पारित कानुनी व्यवस्थालाई संसद्ले पनि अनुमोदन गर्ने महासंघको विश्वास छ। यसैगरी, संशोधित कानुन कार्यान्वयन हुनेमा महासंघ आशावादी छ। यो सुधार दोस्रो पुस्ताको सुधारका लागि प्रस्थान विन्दु भएको महासंघले विश्वास लिएको छ।'

अर्थशास्त्री प्रा.डा. पुष्करराज बज्राचार्यले कुन-कुन कानुनी व्यवस्थामा जटिलता छ भन्ने अझै पहिचान गरेर सम्बोधन गर्न सकिने ठाउँ बाँकी रहेको बताए।

ह्वासिन सिमेन्टको साढे ६ अर्ब थप लगानी स्वीकृत

काठमाडौं/ लगानी बोर्ड नेपाल (आइबिएन)ले ह्वासिन सिमेन्टको साढे ६ अर्ब रुपैयाँ थप लगानी स्वीकृत गरेको छ। त्यस्तै, बोर्डले डाबर नेपालको साढे नौ अर्ब पुनर्लगानीका लागि वार्ता समितिसमेत गठन गरेको छ।

प्रधानमन्त्री एवं बोर्डका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको बोर्डको ५८औं बैठकले ह्वासिन नारायणी सिमेन्ट परियोजनाका लागि ६ अर्ब ६३ करोड ४० लाख थप लगानी स्वीकृत गरेको हो। त्यस्तै, बैठकले डाबर नेपाल प्रालिको विस्तृत परियोजना प्रतिवेदन जानकारीमा लिई परियोजना लगानी सम्झौताको मस्यौदा तयार गर्न बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ। डाबर नेपालले क्षमता विस्तार तथा उत्पादन विविधीकरणका लागि नौ अर्ब ६८ करोड रुपैयाँ पुनर्लगानीका लागि प्रस्ताव गरेको छ। प्रस्तावअनुसार परियोजनाको विस्तृत परियोजना प्रतिवेदन प्राप्त भई बोर्डको मूल्यांकनपश्चात् वार्ता प्रक्रिया अगाडि बढाइएको हो।

बोर्डको ५८औं बैठक वैशाख १६-१७ मा आयोजना हुने तेस्रो लगानी सम्मेलनमा आशयपत्र आह्वान गरिने, सोकेस गरिने, मार्केट साउन्डिङ गरिने विभिन्न परियोजनाको सूची स्वीकृति गरेको छ। बोर्डले सम्मेलनमा एक सय ४८ परियोजना लैजाने तयारी गरेको छ।



बैठकमा प्रधानमन्त्रीले सम्मेलनलाई नतिजामुखी बनाउन निर्देशन दिए। 'सम्मेलन औपचारिकतामा मात्र नहोस् र प्रस्तुत गरिने परियोजनासमेत इच्छासूचीका रूपमा मात्र नहून्,' उनले भने, 'सम्मेलनलाई नतिजामुखी र प्रभावकारी बनाउन स्वदेशी तथा विदेशी निजी क्षेत्रबाट हुने स्वपुँजी तथा ऋण परिचालनलाई सहजीकरण गर्न मन्त्रालयहरूले इकाइ नै बनाएर अगाडि बढ्नुपर्छ।'

Doramba Shailung Rural Municipality
Office of the Municipal Executive
Tokarpur, Ramechhap
Bagmati Province

Invitation for Bids

First date of publication: 12th Baisakh, 2081 (24 April, 2024)

The Doramba Shailung Rural Municipality, Tokarpur Ramechhap invites electronic bids from eligible bidders as below.For Further Information visit PPMO's website www.bolpatra.gov.np/egp or visit www.dorambamun.gov.np. The Summary of Contract is tabulated below.
Under National Competitive Bidding-Single stage Single Envelope Bidding Procedures:

S. N	Contract No.	Description of Work	Minimum Bid Security Amount NRS	Bid Document Fee(Non refundable) NRS	Bid validity/ Bid security validity Period	Estimated cost (exclusive VAT) NRS
1	DSRM/Works/ SQ/080/81-01	Galpa Doramba KholaKharka Road	40000	1000	45 days/75 days	14,21,901.18
2	DSRM/Works/ SQ/080/81-02	Megre Thapagaun Changakhola Nangthali Surke Baluwa Road	34,000	1000	45 days/75 days	11,75,259.10
3	DSRM/Works/ SQ/080/81-03	Chaurikhola Lakhanpur Risthe Gurase Gunsal	29,000	1000	45 days/75 days	10,01,575.11
4	DSRM/Works/ SQ/080/81-04	Tar Pudighyang Magar Darga Chyarpa Pasewan Road	48,000	1000	45 days/75 days	16,99,242.79

Information to deposit the cost of bid document: Global IME Bank, Doramba , Ramechhap
For Bid Doc Fee: Ac no: R904010000008 (Ga.1.1 Aantarik Rajaswo Khata Doramba)
For Bid Security : Ac no: R904010000004 (Ga.3 Dharauti Khata Doramba)
Last Date of purchasing bid and submission of Bids: on or before 12:00 hour noon on 9th May, 2024
Date of Opening Bids: 13:00 hours on 9th May, 2024
Note: If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोनं. ४४८४२४७

शिलबन्दी वोलपत्र आह्वानको सूचना नं.- ०७/०८०/८१

पहिलो पटक प्रकाशित मिति २०८०/१२/१३
दोस्रो पटक प्रकाशित मिति २०८१/१/१२

यस श्री बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने सर्वेश्वर महादेव मन्दिर प्रवेश मार्गमा बाटो ढलान गर्ने कार्य गर्न आवश्यक परेकोले उल्लेखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट रु. १० को टिकट/नोट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ।

शर्तहरु

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ। (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग)आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) Bid security (Bank Guarantee)
२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई सर्वेश्वर महादेव मन्दिर प्रवेश मार्गमा बाटो ढलान गर्ने कार्यहरुको लागि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र वोलपत्र खरिद गरी १६ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ। वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ।
३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।
४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। नगद जमानतको लागि कुल ठेक्का अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ।
७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको,नोटरी नभएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।
९. नियमानुसार लाग्ने सबै प्रकारका करहरु वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ।
१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी बोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ।
११. उपरोक्त शर्तहरु बाहेकको अन्य शर्तहरु तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ। साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१२ फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ।

तपशिल

सि.नं. / ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
२/०८०/८१	सर्वेश्वर महादेव मन्दिर प्रवेश मार्गमा बाटो ढलान गर्ने कार्य	२.५ प्रतिशत	१३,१४,६२२.९०	१०००

सिजीले सुरु गऱ्यो हिरोको बिक्री

नयाँ पत्रिका



चौधरी ग्रुपले हिरो ब्रान्डका मोटरसाइकल तथा स्कुटरको आधिकारिक बिक्री-वितरण सुरु गरेको छ। कम्पनीले आइतबार एक कार्यक्रमबीच हिरोका चारवटा मोडल सार्वजनिक गर्दै दुईपाङ्ग्रे बिक्री सुरु गरेको हो। हिरो मोटोकर्पले नेपाली बजारका लागि चौधरी ग्रुपसँग साझेदारी अगाडि बढाएको छ। सिजी मोटर्सले हिरोका एक्स पल्स २०० फोरभी, सुपर स्प्लेन्डर, स्प्लेन्डर प्लस र जुम ११० (स्कुटर) सार्वजनिक गरेको छ। चौधरी ग्रुपसँगको सहकार्यसँगै हिरो मोटोकर्पले आफ्नो आक्रामक बजार विस्तार योजना पनि घोषणा गरेको छ। जसले नेपालमा हिरो मोटोकर्पको उपस्थिति झनै दरिलो बन्ने कम्पनीको विश्वास छ।

सिजी मोटर्सले हिरोको बिक्री सुरुवातसँगै नवलपरासीको सिजी इन्डस्ट्रियल पार्कमा एसेम्बली प्लान्ट पनि सञ्चालनमा ल्याएको छ। यसको वार्षिक एसेम्बल क्षमता ७५ हजार युनिट रहेको बताइएको छ। प्लान्ट नेपालको मध्यभागमा रहेको हुँदा हिरोका उत्पादनहरू देशभर उपलब्ध गराउन सहज हुने अपेक्षा छ।

सहकार्यबारे हिरो मोटोकर्पका ग्लोबल बिजनेस युनिटका चिफ बिजनेस अफिसर सञ्जय भानले भने, 'यो सहकार्य हिरो मोटोकर्प, सिजी मोटर्स र नेपालका लागि उत्साहजनक क्षण हो। अत्याधुनिक एसेम्बली युनिट स्थापना गरेसँगै हिरोका मोटरसाइकल तथा स्कुटर अब नेपालमै बन्नेछन्।' उनले सेल्स र सर्भिस नेटवर्क विस्तारमा केन्द्रित भइरहेको पनि बताए।

चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले नेपालमा एसेम्बली प्लान्टसँगै हिरोका उत्पादनहरू सार्वजनिक गर्न पाउँदा उत्साहित भएको बताए। उनले भने, 'हिरो मोटोकर्पको उत्पादन तथा व्यापार प्रक्रियाका विश्वस्तरीय दक्षताले हामीलाई उत्पादनसँगै देशभर बलियो बजार उपस्थिति निर्माण गर्न लाभदायक हुनेछ।' सिजी मोटर्सले काठमाडौंमा हिरोको फ्ल्यागसिप सोरुमसमेत खोलिसकेको छ।

कनेक्ट आइपिएसबाट स्कुलको फी तिर्दा छात्रवृत्ति पाइने

काठमाडौं/ कनेक्ट आइपिएसले स्कुलको फी भुक्तानी गर्दा छात्रवृत्ति पाउन सकिने अफर ल्याएको छ। अफरअन्तर्गत २० जना भाग्यशाली विद्यार्थीले भुक्तानी गरेको रकम वा अधिकतम १० हजार रुपैयाँसम्मको छात्रवृत्ति रकम प्राप्त गर्न सक्ने बताइएको छ। यो अफर ३१

connect IPS
pay direct from bank

वैशाखसम्म कनेक्ट आइपिएसबाट फी भुक्तानी गर्दा लागू हुने कम्पनीले जनाएको छ। अफर समाप्तिपछि विजेताको सूचना आधिकारिक वेबसाइटमा प्रकाशित गरिने र भुक्तानी गरिएको बैंक खातामा नै छात्रवृत्तिको रकम जम्मा गरिने कम्पनीले जनाएको छ।

Government of Nepal (GoN)
Ministry of Health & Population
Sushil Koirala Prakhar Cancer Hospital

Bid Amendmend Has Been Published
SKPCH/GOODS/04/080/81

Government of Nepal (GoN)
Ministry of Health & Population
Sushil Koirala Prakhar Cancer Hospital

Bid Amendmend Has Been Published
SKPCH/GOODS/03/080/81

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोनं. ४५८४२५७

बोलपत्र रद्द गरिएको सूचना

प्रकाशित मिति : २०८१/०१/१२

यस समितिबाट मिति २०८०/१२/१३ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा देहायका ध्योलिसाङ शान्ति बाटिकाको शौचालय माथि तल्ला थप गर्ने कार्य (ठे.नं.१/०८०/०८१) र सर्वेश्वर मन्दिर प्रवेश मार्गमा बाटो ढलान गर्ने कार्य (ठे.नं.२/०८०/०८१) बमोजिमको बोलपत्र यस समितिको मिति २०८१/१/०९ को बोर्ड बैठकले रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०१/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

बैरेनी शाखा, धादिङ

ऋणीको विवरण	प्रोप्राइटरको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय धादिङमा प्रा.फ.नं. ३२०९/०६९/०७० अन्तर्गत मिति २०६९/१२/२० मा दर्ता कायम भएको **श्री रक्तकाली कृर्षि फर्म** फर्म दर्ता ठेगाना : बैरेनी -७, धादिङ स्थायी लेखा नं. ६०११३३०२८, मिति २०६९/१२/२२ **प्रोप्राइटर : दिनेश भण्डारी** **कर्जा शिर्षक : कृर्षि आवधिक कर्जा**	**दिनेश भण्डारी** ना.प्र.नं. ३२८६८, जारी मिति २०५६/०८/१६ जि.प्र.का. धादिङ बाबुको नाम : गोरख बहादुर भण्डारी बाजेको नाम : भिम बहादुर स्थायी ठेगाना : बैरेनी -७, धादिङ हालको ठेगाना : गल्छी गा.पा. -४, ढुंगिन्टार, धादिङ	**अस्मिता थापा भण्डारी** ना.प्र.नं. २६-०१-७३-०७३०० जारी मिति २०७३/०७/०४, जि.प्र.का. धादिङ बाबुको नाम : राम बहादुर थापा पतिको नाम : दिनेश भण्डारी ससुराको नाम : गोरख बहादुर भण्डारी स्थायी ठेगाना : बैरेनी -७, धादिङ हालको ठेगाना : गल्छी गा.पा. -४, ढुंगिन्टार, धादिङ

खोटाङ शाखा, खोटाङ

ऋणीको विवरण

१.	२.
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय खोटाङमा प्रा.फ.र.नं. २०३/०६६/०६७ अन्तर्गत मिति २०६६/०७/२९ मा दर्ता कायम भएको **न्यू पाण्डे भेराइटी स्टोर्स** फर्म दर्ता ठेगाना : दिक्तेल -३, खोटाङ स्थायी लेखा नं. ३०१८३४६०५, मिति २०६१/१०/०८ **प्रोप्राइटर : दिपक्षीत पाण्डे** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु समितिको कार्यालय, खोटाङमा प्रा.फ.र.नं. ३४२/०६८/०६९ अन्तर्गत मिति २०६८/११/१२ मा दर्ता कायम भएको **जानकी जेनरल अर्डर सप्लायर्स** फर्म दर्ता ठेगाना : दिक्तेल -३, खोटाङ स्थायी लेखा नं. ३०१३६२३२०, मिति २०६०/०१/१७ **प्रोप्राइटर : मकेश्वर पाण्डे** **कर्जा शिर्षक : सवारी साधन कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

मकेश्वर पाण्डे ना.प्र.नं. ३४८१३२२६, जारी मिति २०४८/०९/१० जि.प्र.का. धनुषा बाबुको नाम : देवन पाण्डे बाजेको नाम : पञ्चौरी पाण्डे सुडी स्थायी ठेगाना : ठाडी भिभ्का - ५, धनुषा हालको ठेगाना : दिक्तेल रुपाकोट मझुवागढी न.पा. -१, खोटाङ	**दिपक्षीत पाण्डे** ना.प्र.नं. १७१०१४/२०१, जारी मिति २०६७/०५/२१, जि.प्र.का. धनुषा बाबुको नाम : झगरु ठाकुर पतिको नाम : मकेश्वर पाण्डे ससुराको नाम : देवन पाण्डे स्थायी ठेगाना : ठाडी भिभ्का -५, धनुषा हालको ठेगाना : दिक्तेल रुपाकोट मझुवागढी न.पा. -१, खोटाङ

सेतोपुल धनगढी शाखा, कैलाली

ऋणीको विवरण

१.	२.	३.
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.नं. १९१८१/०७०/७१ अन्तर्गत मिति २०७०/१०/१२ मा दर्ता कायम भएको **प्रारना ट्रेडर्स** फर्म दर्ता ठेगाना : धनगढी न.पा. -३, कैलाली स्थायी लेखा नं. ६००६४६०५१, मिति २०७०/१०/१९ **प्रोप्राइटर : पुजा कुमारी कुँवर** **कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा सवारी साधन कर्जा**	नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.नं. २३८६०/०७३/७४ अन्तर्गत मिति २०७३/१२/०८ मा दर्ता कायम भएको **प्रान्जल स्टेर** फर्म दर्ता ठेगाना : धनगढी उ.म.न.पा. -३, कैलाली स्थायी लेखा नं. ६०५८५८९१६, मिति २०७३/१२/०९ **प्रोप्राइटर : राजेश बहादुर थापा** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**पुजा कुमारी कुँवर** ना.प्र.नं. ६८८९० जारी मिति २०६२/०१/१०, जि.प्र.का. कैलाली बाबुको नाम : मिन बहादुर कुँवर पतिको नाम : राजेश बहादुर थापा ससुराको नाम : नृप बहादुर थापा स्थायी ठेगाना : धनगढी -६, कैलाली हालको ठेगाना : धनगढी उ.म.न.पा. -१, कैलाली **कर्जा शिर्षक : घर कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

पुजा कुमारी कुँवर ना.प्र.नं. ६८८९० जारी मिति २०६२/०१/१०, जि.प्र.का. कैलाली बाबुको नाम : मिन बहादुर कुँवर पतिको नाम : राजेश बहादुर थापा ससुराको नाम : नृप बहादुर थापा स्थायी ठेगाना : धनगढी -६, कैलाली हालको ठेगाना : धनगढी उ.म.न.पा. -१, कैलाली	**राजेश बहादुर थापा** ना.प्र.नं. १४८१६ जारी मिति २०६३/०७/१४, जि.प्र.का. बाजुरा बाबुको नाम : नृप बहादुर थापा बाजेको नाम : बलमान थापा स्थायी ठेगाना : कुल्देवमाण्डौ -४, बाजुरा हालको ठेगाना : धनगढी उ.म.न.पा. -१, कैलाली	**मिन बहादुर कुँवर** ना.प्र.नं. ११६ जारी मिति २०४६/०२/०५, जि.प्र.का. कैलाली बाबुको नाम : मनिराज कुँवर बाजेको नाम : खड्क कुँवर स्थायी ठेगाना : धनगढी -६, कैलाली हालको ठेगाना : धनगढी उ.म.न.पा. -६, कैलाली **(ऋणी पुजा कुमारी कुँवरको लागी मात्र व्यक्तिगत जमानत रहेको)**

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोनं. ४५८४२५७

बोलपत्र स्वीकृत सम्बन्धी आशयपत्र

प्रकाशित मिति : २०८१/०१/१२

यस समितिबाट मिति २०८०/१२/२० गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा का.म.पा. वडा नं.६ धारापोल स्थित सम्पदा मार्गमा बाटो ढलान गर्ने कार्यको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र यस समितिको मिति २०८१/०१/०९ को बोर्ड बैठकले स्वीकृत गरिएको हुँदा सोको प्रयोजनार्थ सम्बन्धी सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.स.	ठेक्का नं.	कामको विवरण	कबोल अंक (मु.अ.क) समेत	बोलपत्रदाता फर्मको नाम, ठेगाना
१.	१/०८०/०८१	का.म.पा. वडा नं.६ धारापोल स्थित सम्पदा मार्गमा बाटो ढलान गर्ने कार्य	१७,५९,५२८.०९	श्री लोप्चन कन्सट्रक्सन प्रा.लि., का.म.पा.-७, चावहिल, काठमाडौं।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण बापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैनन्दिन खर्च भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरी बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	राज सापकोटा स्थायी ठेगाना: धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ०४ हालको ठेगाना: ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं.०१, ईमाडोल बाबु: वले सुनार बाजे: लाल बहादुर सुनार	बुद्धिमान सुनारको नाती, लाल बहादुर सुनारको छोरा, धादिङ जिल्ला, गोगनपानी गाउ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. ०१, ईमाडोल बस्ने वले सुनारको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ८/८क (हाल थाके गा.पा. वडा नं. ११) स्थित किता नं. ३५१, ३४७, ३४६, ३५५ र ३४४ को क्षेत्रफल क्रमशः १-१४-०-०, १-७-०-०, ०-६-३-०, २-५-२-० र ०-१५-१-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।
	जमानीकर्ताहरुको विवरण	
	१) श्याम सापकोटा स्थायी ठेगाना: धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ०८ हालको ठेगाना: ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं.०१, ईमाडोल बाबु: वले सुनार बाजे: लाल बहादुर सुनार	२) अन्जन सुनार स्थायी ठेगाना: धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ०८ हालको ठेगाना: ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं.०१, ईमाडोल बाबु: वले सुनार बाजे: लाल बहादुर सुनार	३) सुजन सुनार स्थायी ठेगाना: धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ०८ हालको ठेगाना: ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं.०१, ईमाडोल बाबु: वले सुनार बाजे: लाल बहादुर सुनार
	४) वले सुनार स्थायी ठेगाना: धादिङ जिल्ला, गोगनपानी गा.प. वडा नं. ०८ हालको ठेगाना: ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं.०१, ईमाडोल बाबु: लाल बहादुर सुनार बाजे: बुद्धिमान सुनार	५) जमुना सुनार स्थायी ठेगाना: धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ०३ हालको ठेगाना: ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं.०१, ईमाडोल बाबु: कृष्ण लाल सुनार पति: वले सुनार ससुरा: लाल बहादुर सुनार	६) विमला सुनुवार स्थायी ठेगाना: काठमाण्डौं जिल्ला, इचंगु नारायण गा.वि.स. वडा नं. ०७ हालको ठेगाना: ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं.०१, ईमाडोल बाबु: काजीमान सुनुवार पति: राज सापकोटा ससुरा: वले सुनार
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	**मनोज कुमार सिंह** स्थायी ठेगाना: महोतरी जिल्ला, फु. परिकौली गा.वि.स. वडा नं. ९ हालको ठेगाना: काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९, मच्छेगाँऊ बाबु: वृज विहारी सिंह बाजे: ठाकुर सिंह	**विमला लामा** स्थायी ठेगाना: महोतरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ९ हालको ठेगाना: काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९, मच्छेगाँऊ बाबु: राम कुमार लामा ससुरा: वृज विहारी सिंह पति: मनोज कुमार सिंह
	धितोको विवरण	
	ठाकुर सिंहको नाती, वृज विहारी सिंहको छोरा, महोतरी जिल्ला, फु. परिकौली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९, मच्छेगाँऊ बस्ने मनोज कुमार सिंहको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, चन्द्रागिरी गा.वि.स. वडा नं. ९ क (हाल चन्द्रागिरी न.पा. वडा नं. ९) स्थित किता नं. ४६५ र ५५० को क्षेत्रफल क्रमशः ०-४-०-० र ०-५-०-० (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।	
	ऋणीको विवरण	
३)	नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखामा प्रा.फ.र.नं. १२२०६३/०७१/०७२ स्थानीय व्यापार अर्न्तगत मिति: २०७२/०२/१२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. १० स्थित **दिव्या लक्ष्मी हार्डवेयर** **प्रोप्राईटर तथा जमानीकर्ता: राम बहादुर थिङ**	
	धितोको विवरण	
	१) सवारीको मोडल: Mahindra Load King Optimo Mini Truck P/S3.3 च्यासिस नं.: MAIGD2CLHJ3K18468 ईन्जिन नं.: CLJ4K96204 | सवारी दर्ता नं. : बा ३ क ३८५८	२) सवारीको मोडल: Mahindra Bolero S/C 4WD च्यासिस नं.: MAIZC4GHKJ1G58992 ईन्जिन नं.: GHJ1G12150 सवारी दर्ता नं.: बा २० च २१४२
	ऋणीको विवरण	
	२) रमिता लामा स्थायी ठेगाना: काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बाबु: कर्म दावा ससुरा: बुद्धिमान थिङ पति: राम बहादुर थिङ	**३) राम बहादुर थिङ (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना: काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बाबु: बुद्धिमान थिङ बाजे: लठोक सिं
	धितोको विवरण	
	लठोक सिंको नाती, बुद्धिमान थिङको छोरा, काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बस्ने राम बहादुर थिङको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, नासिकास्थान सांगा गा.वि.स. वडा नं. ५ (हाल बनेपा न.पा. वडा नं. १०) स्थित किता नं. ४८१, ४८३ तथा ५५७ को क्षेत्रफल क्रमशः १२-८-०-०, २-८-०-० र २-७-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।	
	ऋणीको विवरण	
	४) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २१७७३३/७५/०७६ अर्न्तगत मिति: २०७६/०३/०५ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काभ्रे पलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ७, गणेश बजार स्थित **अशोक हार्डवेयर एण्ड ट्रेडर्स प्रा.लि.** सञ्चालक: राम बहादुर थिङ	
	धितोको विवरण	
	१) लठोक सिंको नाती, बुद्धिमान थिङको छोरा, काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बस्ने राम बहादुर थिङको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, नासिकास्थान सांगा गा.वि.स. वडा नं. ५ (हाल बनेपा न.पा. वडा नं. १०) स्थित किता नं. ४८१, ४८३ तथा ५५७ को क्षेत्रफल क्रमशः १२-८-०-०, २-८-०-० र २-७-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) सवारी मोडल : Nissan Kicks Diesel Xv Premium | च्यासिस नं. : MDHFDAD15K1002048 | ईन्जिन नं. : EO31558 सवारी दर्ता नं. : प्रदेश-०३-०१-०२३ च ९७७४ ३) अशोक हार्डवेयर एण्ड ट्रेडर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	जमानीकर्ताहरुको विवरण	
	१) रमिता लामा स्थायी ठेगाना : काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बाबु : कर्म दावा ससुरा : बुद्धिमान थिङ पति : राम बहादुर थिङ	**२) राम बहादुर थिङ** स्थायी ठेगाना : काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बाबु : बुद्धिमान थिङ बाजे : लठोक सिं

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
नयाँ पत्रिका

नेपालविरुद्ध खेल्न आउँदै छ वेस्ट इन्डिजको अनुभवी खेलाडीसहितको टोली

टी-२० विश्वकपअघि वेस्ट इन्डिजको 'ए' टिमले नेपालविरुद्धको खेललाई अभ्यासका रूपमा हेरेको छ

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

वेस्ट इन्डिजले नेपालको राष्ट्रिय क्रिकेट टोलीविरुद्ध खेल्ने टोली घोषणा गरेको छ। वेस्ट इन्डिज क्रिकेट बोर्डले सोमबार राति आइसिसी टी-२० विश्वकप क्रिकेट खेलेका दुई खेलाडीसहित टोली घोषणा गरेको हो। जसमा अनुभवी खेलाडी धेरै छन्। वेस्ट इन्डिजले नेपालसँग पाँच टी-२० खेल्नेछ।

वेस्ट इन्डिजले नेपाल भ्रमणलाई विश्वकपअगाडिको तयारी रूपमा लिएको छ। आयोजकसमेत रहेको आइसिसी टी-२० विश्वकपमा बलियो टोली बनाउन प्रशिक्षक डारेन सामीले अनुभवी खेलाडी नेपाल पठाएका छन्। उनले खेलाडीको क्षमता र अवस्था बुझेर खेलाडी छनोट गर्ने जनाएका छन्। 'वेस्ट इन्डिजको नेपाल भ्रमण राम्रो हुने विश्वास छ,' आइसिसीसँग कुराकानी गर्दै प्रशिक्षक सामीले भने, 'खेलाडी छनोट गर्न पनि सहज हुनेछ।'

वेस्ट इन्डिजले आन्द्रे फ्लेचर, फाबियान आलेन, जोनसन चार्ल्स, हेडेन वाल्सजस्ता अन्तर्राष्ट्रिय टी-२० का विशेषज्ञ खेलाडीलाई समावेश गरी आफ्नो 'ए' टोली घोषणा गरेको हो। सिनियर टिमका रोभमन पावेल, आन्द्रे रस्सेल, निकोलास पुरान, कायल मेयर्स, सेरफन रुथरफोर्ड, रोमारियो सेफर्ड, अल्जारी जोसेफ, सिमरन हेटमयरजस्ता खेलाडीले इन्डियन प्रिमियर लिग खेलिरहेका छन्।

त्रिवि मैदानमा सन् २०१६ मा वेस्ट इन्डिजले विश्वकप उचालेको समयका जोनसन चार्ल्स र आन्द्रे फ्लेचरसहित अन्य खेलाडीले प्रतिस्पर्धा गर्नेछ। इतिहासमै वेस्ट इन्डिज टोलीको पहिलोपटक नेपाल भ्रमणमा आउन लागेको हो।

आइपिएलका अनुभवी खेलाडी पनि

वेस्ट इन्डिजको टोलीमा इन्डियन प्रिमियर लिग (आइपिएल)मा राजस्थान रोयल्सको अनुभवी लिइसकेका म्याककोय पनि नेपाल आउनेछन्। उनी अहिलेको वेस्ट इन्डिज टोलीकै प्रमुख बलर हुन्। बायाँहाते तीव्र गतिका बलर म्याककोयले सन् २०२२ मा भारतविरुद्ध १७ रन खर्चेर ६ विकेट लिएका थिए। वेस्ट इन्डिजको टोलीमा २७ वर्षीय तीव्र गतिका बलर थोमस नाम चलेका खेलाडी हुन्। उनीसँग २५ एकदिवसीय र २१ अन्तर्राष्ट्रिय टी-२० खेलको अनुभव छ।

टोलीमा अर्का विश्वस्तरीय खेलाडी फलेचर हुन् उनले २५ एकदिवसीय खेलमा दुई अर्धशतकको मद्दतमा तीन सय ५४ रन बनाएका छन्। यसैगरी, ५४ अन्तर्राष्ट्रिय टी-२० खेलमा उनले ६ अर्धशतकको सहयोगमा नौ सय ५० रन जोडेका छन्। उनले पहिलो श्रेणीमा पाँच, लिस्ट 'ए'मा एक र टी-२० खेलमा तीन शतक लगाएका छन्। उनले वेस्ट इन्डिजको एकदिवसीय टोलीबाट २५ खेलमा तीनपटक मात्र बलिङ गरेका छन्।

वेस्ट इन्डिज 'ए' टोली

रोस्टन चेज (कप्तान), एलिक एथानाजे (उपकप्तान), फबिएन एलेन, कदिम एलियन, जोसुवा विसोप, केसी कार्टी, जोनसन चार्ल्स, मार्क दयाल, आन्द्रे फ्लेचर, म्याथ्यु फर्ड, ओबेद म्याककोय, गुडाकेस मोती, किमो पल, ओसान थोमस र हायडेन वाल्स।

यी हुन् अनुभवी क्रिकेटर



एन्ड्रे फ्लेचर : फ्लेचर बलिङ र ब्याटिङमा समान प्रदर्शन गर्न सक्छन्। सन् २००८ मा उनले अस्ट्रेलियाविरुद्ध एकदिवसीयमा डेब्यु गरेका थिए। सन् २०१६ मा उनले अन्तिमपटक अस्ट्रेलियाविरुद्ध नै खेले। एकदिवसीयमा उनले २५ खेलमा ३५४ रन बनाएका छन्। ५४ टी-२० अन्तर्राष्ट्रिय खेलमा उनले ६ अर्धशतकको मद्दतमा नौ सय ५० रन बटुलेका छन्। उनले पाकिस्तानविरुद्ध टी-२० मा अन्तिमपटक २०२१ मा खेलेका थिए।



ओसाने थोमस : नेपालविरुद्धको खेलमा ओसानेले मौका पाउने भएका छन्। उनले सन् २०१८ मा भारतविरुद्ध एकदिवसीय र टी-२० मा डेब्यु गरेका थिए। सन् २०२३ मा उनले अन्तिमपटक इंग्ल्यान्डविरुद्ध टी-२० अन्तर्राष्ट्रिय खेल खेलेका थिए। एकदिवसीय खेलमा उनको अन्तिम खेल अस्ट्रेलियाविरुद्ध थियो। उनले एकदिवसीयमा २५ खेलमा ३१ विकेट, टी-२० मा २१ विकेट तथा पहिलो श्रेणीमा २० विकेट लिएका छन्। ब्याटिङमा उनले एकदिवसीय खेलमा २२ रन बनाएका छन्।



फाबियन आलेन : फाबियनले अहिलेसम्म टेस्ट खेलमा अवसर पाएका छैनन्। उनले वेस्ट इन्डिजको टोलीबाट एकदिवसीय तथा टी-२० खेलमा अवसर पाएका छन्। उनले २० पटक एकदिवसीय खेल खेल्दा सात विकेट लिएका छन्। अन्तर्राष्ट्रिय टी-२० मा उनले ३४ खेलमा २४ विकेट लिएका छन्। उनले ५० ओभरमा २० खेलमा एक अर्धशतकको सहयोगमा दुई सय रन तथा ३४ टी-२० मा दुई सय ६७ रन बनाएका छन्।



एलिक एथानाजे : दुईपटक विश्वकप जितेको वेस्ट इन्डिजको उपकप्तानमा २५ वर्षीय एलिक एथानाजे छन्। उनले चार टेस्ट, १० एकदिवसीय खेल खेलेका छन्। वेस्ट इन्डिजले टी-२० विश्वकप उपाधि जित्दा उनले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले चार टेस्टमा एक सय ६८ रन बनाएका छन्। त्यस्तै १० एक दिवसीयमा दुई सय ८८ रन जोडेका छन्। बलिङतर्फ टेस्टमा १ विकेट मात्रै लिएका एथानाजेले लिस्ट 'ए'तर्फ १९ विकेट लिएका छन्।

■ रोस्टन चेजले कप्तानी गर्ने



दुईपटकको टी-२० विश्वकप विजेता वेस्ट इन्डिजको कप्तानी रोस्टन चेजले गर्नेछन्। नेपालविरुद्ध घोषित टोलीमा चेज सर्वाधिक अनुभवी खेलाडी हुन्। उनले ४९ टेस्ट, ४५ एकदिवसीय र ११ अन्तर्राष्ट्रिय टी-२० खेलेका छन्। उनले टेस्ट खेलमा पाँच शतक तथा ११ अर्धशतकको मद्दतमा दुई हजार दुई सय ६५ रन बनाएका छन्। यस ५० ओभरमा उनले ४५ खेलमा चार अर्धशतकको सहयोगमा सात सय ८३ रन जोडेका छन्। अलराउन्डर भूमिका निर्वाह गर्ने चेजले टेस्टमा ८५, एकदिवसीयमा २७ तथा टी-२० मा नौ विकेट लिएका छन्। गत ६ फेब्रुअरीमा उनले अन्तिमपटक अस्ट्रेलियाविरुद्ध खेलेका थिए। ३२ वर्षीय अनुभवी रोस्टन चेजको कप्तानीमा वेस्ट इन्डिज 'ए' टिम नेपाल भ्रमणमा आउने भएको छ। वेस्ट इन्डिज क्रिकेट बोर्डले नेपालसँग पाँच खेल खेल्ने बलियो टोली घोषणा गरेको हो।

■ विश्वकप विजेता जोनसन चार्ल्स



जोनसन चार्ल्स : नेपालविरुद्ध घोषित खेलाडीमध्ये चार्ल्स पनि अनुभवी खेलाडीमा पर्छन्। उनले ५८ एकदिवसीय खेलमा दुई शतक तथा सात अर्धशतकको मद्दतमा एक हजार पाँच सय ३७ रन बनाएका छन्। यसैगरी, ४८ अन्तर्राष्ट्रिय टी-२० मा उनले एक शतक र चार अर्धशतकको मद्दतमा एक हजार ८५ रन बटुलेका छन्। एकदिवसीय र टी-२० मा बलिङमा अवसर पाए पनि उनले विकेट लिन सकेका छैनन्। एकदिवसीयमा उनले २०१२ मा अस्ट्रेलिया र टी-२० मा इंग्ल्यान्डविरुद्ध डेब्यु गरेका थिए। उनले अन्तिमपटक २०२४ को १३ फेब्रुअरीमा अस्ट्रेलियाविरुद्ध प्रतिस्पर्धा गरे। सन् २०१२ मा वेस्ट इन्डिजले इंग्ल्यान्डलाई ८४ रनले हराउँदै उपाधि जितेको थियो। त्यसबेला चार्ल्स नै म्यान अफ दी सिरिज भएका थिए। उत्कृष्ट फर्ममा रहेका चार्ल्सले गत वर्ष दक्षिण अफ्रिकाविरुद्ध ४६ बलमा एक सय १८ रन बनाएका थिए। उनले आफ्नो शतकीय इनिङ्समा १० चौका र ११ छक्का प्रहार गरे। सन् २०१६ को टी-२० विश्वकपमा वेस्ट इन्डिजले भारतलाई सेमिफाइनलमा सात विकेटले हराउन चार्ल्सले ५२ रन बनाएका थिए।



■ प्रशिक्षक डारेन सामी भन्छन्- खेलाडीले नेपाल भ्रमणमा राम्रो गर्नुपर्छ

एक प्रशिक्षकका रूपमा नेपालको भ्रमणलाई फरक रूपमा लिएको छु। सम्भवतः टी-२० विश्वकपअगाडि नेपालमा हुने खेलले हामीहरूको टोली बनाउन सजिलो हुनेछ। पाँच टी-२० खेलपछि विश्वकपका लागि खेलाडी छनोट गर्न सहज हुने विश्वास लिएको छु। व्यक्तिगत रूपमा पनि खेलाडीहरूले नेपाल भ्रमणमा राम्रो गर्नुपर्छ। हाम्रो टोलीमा रहेका नौजना आइपिएलमा अनुभव लिइसकेका छन्। तपाई आफैँ विश्वास गर्नुस्, योपटक वेस्ट इन्डिजको टी-२० टोली निकै बलियो छ। पछिल्लो केही वर्ष चेस राम्रा खेलाडीका रूपमा रहेका छन्। तीन वर्षअघि डेब्यु गरेका चेजले वेस्ट इन्डिजका लागि प्रभावशाली प्रदर्शन गरेका छन्। मलाई विश्वास छ, योपटक विश्वकपमा पनि उनले यस्तै प्रदर्शन गर्नेछन्।

'सी' डिभिजन लिगमा खेलाडी दर्ताबारे छानबिन गर्न माग



नयाँ पत्रिका

सहिद स्मारक 'सी' डिभिजन क्लब खेलिरहेका नौवटा क्लबले खेलाडी दर्तासम्बन्धी छानबिनको माग राखी अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष पंकजविक्रम नेम्वाङलाई ध्यानाकर्षण गराएका छन्। लिगमा आरसी ३२ ले खालीबारी युवा क्लब तथा महावीर क्लबबीचको खेलमा नियमविपरीत खेलाडी मैदानमा उतारेको दाबी ती क्लबले गरेका छन्।

महावीर क्लब, खालीबारी युवा फुटबल, स्वयम्भू, सामाजिक युवा, भम्सीखेल युथ, मनोहरा एकीकृत युवा, पुल्चोक स्पोर्टस्, गोलबजार स्पोर्टस् र समाज कल्याण खेलकुद केन्द्रका पदाधिकारीले एन्फा अध्यक्ष नेम्वाङलाई खेलाडी दर्तामा छानबिनसँगै दोषीमाथि कारबाहीको माग राखेका हुन्। लिगमा एक खेलाडी एक क्लबमा मात्र दर्ता भएर खेल्न सक्ने नियम छ। तर, आरसी ३२ ले 'बी' डिभिजन क्लब झापा फुटबलमा आबद्ध सुमनबहादुर मगरलाई 'सी' डिभिजन लिग खेलाइरहेको छ। गत २२ चैतमा खालीबारीविरुद्धको खेलमा मगरले प्रतिस्पर्धा गरेपछि नौ क्लबले एन्फालाई पत्राचार गरेका थिए।

एन्फाले कारबाहीको प्रक्रियामा रहेको भन्ने मौखिक जानकारी दिएको थियो। आरसी ३२ ले पुनः ४ वैशाखमा महावीर क्लबसँगको खेलमा मगरलाई टोलीमा सामावेश गरेको थियो। मगरले झापा क्लबबाट रिलिजपत्र ल्याए पनि खेलाडी दर्ता ४८ घन्टाअघि नै हुनुपर्ने फिफाको नियम भएको छ। यसैबीच क्लबहरूले गत २५ चैतमा हुने भनिएको 'बी' डिभिजन लिग अहिलेसम्म नभएको पनि आपत्ति जनाएका छन्। 'बी' डिभिजन लिग घोषणा नभए 'सी' डिभिजन लिग बीचैमा स्थगित हुन सक्नेमा पनि उनीहरूले सचेत गराएका छन्।

■ वीर गणेशमान सिंह राष्ट्रिय टी-२०

लगातार चौथो खेलमा बागमती विजयी

काठमाडौं/ बागमती प्रदेशले वीर गणेशमान सिंह राष्ट्रिय टी-२० प्रतियोगितामा लगातार चौथो जित निकालेको छ। बागमती मंगलबार कर्णालीमाथि सात विकेटको फराकिलो अन्तरले जित निकालेको हो। पहिलो ब्याटिङ गरेको कर्णालीले १९.४ ओभरमा सबै विकेट गुमाएर एक सय २० रन बनाएको थियो।

बागमतीका लागि गौतम केसीले पाँच विकेट लिए। उनले ३.४ ओभरमा १८ रन खर्चेका थिए। कर्णालीका लागी विपिन शाहीले ५१ रन बनाएका थिए। बागमतीले १४.५ ओभरमा ३ विकेट गुमाएर पूरा गर्दै जित निकाल्यो। कप्तान रित गौतमले सर्वाधिक ३३ रन जोडे। शुभ कंशाकार र ईशान पाण्डेले समान २८ रन बनाए।

अर्को खेलमा मधेशले कोशीलाई दुई विकेटले हरायो। जितसँगै पाँच खेलबाट ६ अंक बटुलेको मधेश तेस्रो स्थानमा छ। चार खेल गुमाएको कोशी तालिकाको पुछारमा रहेको छ। कोशीले २० ओभरमा ९ विकेट गुमाएर ९० रन मात्र बनाएको थियो। समीर कार्कीले २८ रन र सर्वन यादवले २७ रन जोडे।

कसिलो बलिङ प्रदर्शन गरेको मधेशका विशाल पटेल, अभिषेक तिवारी, रञ्जित कुमार र प्रदीप पासवानले समान २ विकेट लिएका थिए। प्रतियोगिताअन्तर्गत बुधबार हुने पहिलो खेलमा गण्डकी र कर्णालीबीच हुनेछ। दोस्रो खेलमा लुम्बिनीले सुदूरपश्चिमको सामना गर्नेछ।

खेल संक्षेप

दाहाल स्मृति भलिबल हुने

काठमाडौं/ ललितपुर-प्रज्ञा स्मृति प्रतिष्ठानको आयोजनामा २२ देखि २५ वैशाखसम्म प्रकाश दाहाल स्मृति बागमती प्रदेशस्तरीय अन्तरपालिका भलिबल प्रतियोगिता आयोजना हुने भएको छ। महांकाल गाउँपालिकामा आयोजना हुने प्रतियोगिताको तयारी भइरहेको संयोजक डोल्मामाया गोलेले बताइन्। प्रतियोगितामा प्रदेशभरका एक सय १९ पालिकामध्ये ५० पालिकाबाट सहभागिता रहने अपेक्षा गरिएको छ। विजेताले तीन लाख, उपविजेताले दुई लाख र तेस्रो हुने टोलीले एक लाख पाउने आयोजकले जनाएको छ।

ऋतिक सेमिफाइनलमा

काठमाडौं/ ऋतिक राणा १० औं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको पुरुष एकलमा मंगलबार सेमिफाइनलमा प्रवेश गरेका छन्। ऋतिकले आशिष खड्कालाई ६-२ र ६-३ को सोझो सेटमा पराजित गरे। राष्ट्रिय च्याम्पियन प्रदीप खड्काले आयुषमान हजुर घलेलाई ६-० र ६-३ ले हराउँदै अन्तिम चारको स्थान पक्का गरे। प्रणव खनालले आर्यन गिरीमाथि ६-७, ६-४ र ६-२ को जित निकाले। प्रणव मानन्धरले निशान श्रेष्ठलाई १-६, ६-३ र ६-२ को सेटमा हराउँदै सेमिफाइनलमा पुगे।

आर्मी र न्यु डायमन्ड भिड्ने

काठमाडौं/ सातौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको पहिलो खेलमा नेपाल आर्मी र साविक विजेता न्यु डायमन्डबीच हुने भएको छ। शेरबहादुर खड्का स्मृति प्रतिष्ठानको आयोजनामा प्रतियोगिता बुधबारदेखि राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सुरु हुँदै छ। अर्को खेलमा नेपाल प्रहरीले एपिएफ क्लबको सामना गर्नेछ। राउन्ड रोविन लिगका आधारमा हुने प्रतियोगितामा शीर्ष दुई स्थानमा रहने टोली फाइनलमा प्रवेश गर्नेछन्। विजेताले चार लाख ९९ हजार र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ पाउनेछन्। तेस्रो हुने टोलीले एक लाख २५ हजार तथा चौथोले ६२ हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन्।

■ सूर्य नेपाल काठमाडौं ओपन

पहिलो दिन भुवन शीर्ष स्थानमा

नयाँ पत्रिका



भुवन नगरकोटीले मंगलबार सूर्य नेपाल काठमाडौं ओपनको पहिलो दिन इभन पार ६८ को स्कोर गर्दै शीर्ष स्थानमा उक्लेका छन्। उनले रवि खड्का, भुवनकुमार रोक्का र नीरज तामाङलाई एक स्ट्रोकले पछि पारेका छन्। रवि, भुवन र नीरजले पहिलो दिनको खेल १ ओभर ६९ मा सकाउँदै संयुक्त रूपमा दोस्रो स्थान बाँडे। २ ओभर ७० को स्कोरका साथ पूर्णप्रसाद शर्मा, धनबहादुर थापा, जयराम श्रेष्ठ, सञ्जय लामा र दिनेश प्रजापतिले संयुक्त रूपमा पाँचौं स्थानमा रहे। पशुपति शर्मा ३ ओभर ७१ को स्कोरमा दशौं स्थानमा रहेका छन्।

भुवनले फ्रन्ट नाइन २ ओभर ३६ मा सकाए। उनले दोस्रो, तेस्रो र नवौं होलमा बर्डीको सामना गरे। ब्याक नाइनमा उनले १०औं, ११ औं र १५औं होलमा एक-एक सट बचाए। १७औं होलको बोगीले उनी ब्याक नाइन २ अन्डर ३२ स्कोरमा पुगे।

रविले सुरूवात खराब गरे। दोस्रो, तेस्रो, सातौं र नवौं होलमा बोगी खेल्दै उनले फ्रन्ट नाइन ४ ओभर ३८ स्कोर गरेका थिए। उनले ब्याक नाइनमा ३ अन्डर ३१ स्कोर गरेका थिए। भुवन रोक्काले फ्रन्ट नाइन १ ओभर ३५ स्कोर गरेका थिए। पहिलो र तेस्रो होलमा बोगी प्रहार गरेका भुवनले दोस्रो, चौथो र पाँचौं होलमा एक-एक सट बचाए। उनले ब्याक नाइनको सबै नौ होलमा नै पार जोगाए।

नीरजले दोस्रो होलमा बर्डी प्रहार गरेका थिए। पाँच पारको चौथो होलमा इगल निकालेका उनले तेस्रो र नवौं होलमा एक-एक सट खेर फाले उनले फ्रन्ट नाइन १ अन्डर ३३ स्कोर गरेका थिए। १६औं होलको बर्डीले उनले ब्याक नाइन २ ओभर ३६ को स्कोर गरे।

एमेच्योरतर्फ टासी छिरिङ र सदभाव आचार्य संयुक्त रूपमा शीर्ष स्थानमा रहेका छन्। दुवैले ४ ओभर ७२ स्कोर गरे। सूर्य नेपाल गल्फ टुरमा डेब्यु गरेका सुवास तामाङले पहिलो दिन ४ ओभर ७२ को प्रदर्शन गरे। उनी समग्रमा एमेच्योरद्वय टासी र सदभावसँग संयुक्त रूपमा ११औं स्थानमा रहेका छन्।

VACANCY

Reliance Sugar & Chemical Industries, Kalaiya, Bara invites application from qualified and deserving candidates for the following posts

Position of requirement	Required Qualification	Experience
Manager/ Sr. Manager (Cane) - One	MSc./ BSc (Ag)	10+ years
Shift Chemist - One	Sugar Technologist	3 to5 years
Draftsman	Diploma in Mechanical Eng. AutoCAD	3 to5 years
Engineer (Mech.)	B Tech in Mech. Engg	0 to 2 years
Mill fitter	TSLC in Mech Engi	10+ years
Pan In Charge - 2	Certificate in sugar tech	15+ years
Asstt. Admin Officer	Bachelor and retired from Nepal Police	15+ years
Turbine fitter cum Operator	TSLC in Fitter trade	10+ years
Distillation Operator	Should have worked in reputed plants	7+ years

Qualified Nepalese candidates are requested to send their CV to humanresourcehrd1993@gmail.com before May 10, 2024

Invitation for Bids

Dhangadhi Sub-Metropolitan City
Office of the Municipal Executive
Dhangadhi, Kailali

INVITATION FOR THE BIDS

Date of Publication:24th April 2024 (2081/01/12 B.S.)

1. **Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the supply/ works mentioned below under National Competitive Bidding.

S. N.	Contract Identification Number	Description of Work	Estimate Amount (Ex. VAT)	Bid Security (NRs)	Bid Document Price (NRs)	Remarks
1	108/DSMC/ 2080/081	Construction Of Community Health Center at Dhangadhi Sub-Metropolitan City ward No.02	56,28,670.74	1,41,000/-	3,000/-	Hard Copy Not Acceptable

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

Naraharinath Rural Municipality
Office of the Rural Municipal Executive
Kumalgaun, Kalikot
Karnali, Province

Letter Of Intent (LOI)

Date of Publication:2081/01/12

This is to notify (as per Section 27(2) of Public Procurement Act 2063) to all Concerned bidders that, we are going to award following contracts as per published on Madhayanh National Daily dated on 2080/12/08, Madhayanh National Daily dated on 2080/11/27 and Madhayanh National Daily dated on 2080/12/11 to following bidders selected on substantially responsive lowest evaluated bid fulfilling the qualification criterion:

Contract Id No.	Name of Project	Substantially responsive lowest Evaluated bidder	Bid Amount including VAT (NRs)
NNRM/NCB/ SNRCWP /08/2080/081	Sainekhola to Nuwadevmandu Road Construction Work (Packeg2)	Manav Engineering construction pvt LTD Chandannatha Municipality-2 Jumla	3380945.98
NNRM/SQ/PMEP/ GOODS/ 04/2080/081	Procurement Transportation Construction Materials for PMOPE Up to site	Badimalika Traders & Order Suuppliers Nepalgunj -11 banke	1575643.75
NNRM/SQ/CSFCP/ GOODS/ 05/2080/081	Community school furniture purchase and construction plan Up to site	Anarupa Nirman sewa And Suuppliers Mahawai Rural Municipality -5 Kalikot	1545168.03

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com